ii. Destroying the plant cell.

In first case spray herbicide like Glyphosate 40% S.L. (1:1) in water on whole plant, after one or two weeks all the photosynthesis process is arrested and the tree become black and green leaves changes into black colour. Similarly same chemical can be injected in plant body also. Beside this chemical there are other herbicides also available in market such as Paraquat, Diaquate, Dinoseb acetate, 2-40 (Disodium salt), Atrazine, Picloram, Dalapon, Dicamba. In second case plant body cut off down to root portion as far as possible, make hole using drilling machine, injected 1-3% aqueous Sodium Arsanate solution, preventive care should be taken while using these chemical, because of toxicity to human beings and other animals. After three or four applications of these chemicals, plant cut off surface sealed by some sealing agent Wax/Epoxy Resin.

The treatment of the wood, in the Rameshwor temple (Terracotta Shikhara) fitted wood carved doors, Dhalin (Beam), Nina (Lintel) Tham (wooden post), Sa (Along peg) and other. After the earth quake in 1934 AD (1990 BS) some of the wooden materials were replaced by soft wood i.e. Pine wood. Chemically it contain Resin, & Turpentine oil. It is durable also but not extremely and even very durable. Beside this wood Sal and Sakhu also used, it also contains chemicals like Formic acid but this wood in very durable. Both of these wood are made of organic compound, may be the food of insect as well as fungi. Due to this post insecticidal and fungicidal treatment is necessary. Following types of insecticides are available in market and also chemical laboratory of DOA.

1. Xylophene (French)
2. Wikamol (British)
3. Killgerm (British)
4. Xylamon (Japaness)
5. Dust band (Indian)
6. Aldrin 30% EC. (Indian)
7. Malathion (Indian)
8. Gammexane (Indian)
9. Asco (Indian)
10. Parathion (Indian)
11. DDT (Indian)
12. Chlorpyrifos 20% EC

Among these chemicals xylophene in kerosine, linseed oil (0.5:9:1) was applied in entire wooden object by brushing technique. Here kerosine oil carries insecticide and penetrates deeply into the wood, where as linseed oil polymerizes and shields the porous part of the wood, not only this but also it gives good resistance for insect and water.

The treatment of the metallic object (copper and brass) in Gajur and bell in the temples, due to formation different colour salt i.e.

| | |
|---|---|
| Red and Brown | —$Cu_2O$ cupreous oxide. |
| Green | —$CuCo_3$ Cu $(OH)_2$ Malachite |
| Blue | —2 $CuCo_3$ Cu $(OH)_2$ Azurite |
| Blue | —$Cu_2O$ $(Ch_3COO)_2$ Basic copper acetate |
| Bluesh Green | —Cucl cuprous chloride |
| Pale Green | —Cucl(OH) Basic cupric chloride |
| Green Colour | —$CuSo_4$ 3cu $(OH_2)$ Basic coppersulphate. |

deteriorate the metallic object, these are cleaned one of the following chemical treatment

1. 5% sodium sesquicarbonate
2. 5-15% Sodium hexameta phosphate
3. Ethylene Diamine tetra acetate EDTA
4. 2-5% citric acid
5. Alkaline Rochelle salt.
6. Alkaline glycerol

Here used number 4 and 6 chemicals after complete chemical treatment residue of these chemicals thoroughly washed out with neutral

detergent. Further control of Copper salt formation used 3% Benzol triazole in Methanol and 3% Poly vinyl Acetate in Sulphur free Toluene.

The treatment of terracotta objects and stone objects in the temples, crack portion or joint portion caused the leakage of water during rainy season, such portion are sealed by mortar mixing slaked lime and brick dust. Beside these there are other joining materials e.g.

- mixture of Rosine/jute/saw dust
- sand+ chalk dust
- Cement + sand + brick dust
- Slaked lime + Stone powder +black urad dal+ biocide + PVA
  1.0:3.0 (6-10%) (1-2%) (10%)

White calcarious materials or calcium carbonate deposited on terracotta object removed or cleaned by using 5-10% aqueous Acetic acid solution using soft brush, knife and needle, the chemical reaction of this treatment as follows

$$Ca\,Co_3 + 2CH_3\,COOH __ (CH_3COO)_2\,Ca + CO_2\uparrow + H_2O$$

Here calcium carbonate reacts with Acetic acid and form soluble salt of Calcium Acetate, Carbondioxide gas and water. Some of the Calcium Carbonate and Calcium Acetate may still be present in terracotta object, removed by mechanical method. After removing all the white solid materials, thoroughly wash out with neutral detergent to remove all the acid from terracotta object, leave them to dry at room temperature.

Different types of terracotta and stone preservatives are available in market i.e. Siliconate, syltrate, Monsonary, PVA, chemisol, and wax etc. Water resistance tested result of these chemical result shown as below, indicated that

| Samples | Bank (drying time) | 10% Sample (drying time) |
|---|---|---|
| Siliconate | 0.08 hrs. | 2.19 hrs. |
| Syltrate | 0.08 hrs | 2.54 hrs. |
| Monsonary | 0.08 hrs | 1.35 hrs. |
| P.V.A | 0.08 hrs | 2.14 hrs. |
| Chemisol | 0.08 hrs | 1.15 hrs. |

with and without chemicals at $25^0$ C syltrate is better than PVA, siliconate, monsonary and chemisol. So syltrate compound is used in terracotta objects and 2-3% PVA is used in stone temples. It acts as consolidation for flake stone object. To make more water resistance or repellent Vaseline form of wax is coated on it with hair brush upto 1mm thickness. Firstly object looks dull, after 48 hours some of the wax melts and penetrates into porous part of stone, due to effect of heat from sun, wax acts as good consolidant as well as water proofing agent finally looks object very nice.

**5. Conclusion**

For the preservations of Nepalese Ancient monument, His Majesty's Government had given full responsibility to the Department of Archaeology (DOA), in 1952. Not only this but also passed the Act i.e. The prachin Smarak Samrakshan Ain 2013 (1956-1957). Beside this UNESCO and World Heritage committee listed some Nepalese monuments on considering the Kathmandu, Patan and Bhaktapur Drubar square, there are full of different categories of monuments: shikhara temples, traditional Nepalese style, Dome style, Big bell, statue of late kings and rest houses. The temples and monuments generally deteriorated by Environment, Pollution, Biological, Chemical and mechanical factors, are now in controlled condition. Within Kathmandu Durbar Square roads and open space are laid with squares flagstones, where as Patan and Bhaktapur Durbar squares are covered or laid with burnt bricks. Vehicular movement are strictly controlled which made the area free from the dust, dirt and gas pollution. Beside these, Government has managed properly water and sewerage system to control the effect of inorganic and biogas pollution in the monument. It also gives



Terracotta before cleaning
(Deteriorated by white calcarious material deposition)



Terracotta after cleaning

excellent impression to tourist. For technology development on chemical conservation of monument His Majesty's Government of Nepal has established chemical conservation laboratory in 1972 and provided all the necessary requirements like chemicals, tools and technical assistant from UNESCO. The staffs are also trained inside the country as well as in abroad. For the eradication of plant, pre and post herbicide treatment is recommended, the author further suggested that to use suitable soil i.e. Dark yellow soil (Mahshucha), mixing with some herbicide (Karmex in alcohol), while using tile in multi roof temples and brick work. White salt formation on terracotta object should be clean with organic acid rather than inorganic acid, preservative coatings either on stone or terracotta should be done after testing. Water soluble syltrate and wax Vaseline in terracotta and stone object has shown the excellent result. To controlled the insect deterioration the author suggested to use hard wood rather than soft wood, because of various biodeterioration problems. Some of the insecticides and its application technology are recommended which are available in market and chemical laboratory. Herbicidal, Insecticidal and other chemical treatment should be done under well protected condition and in presence of trained chemist, because of strong toxicity to human being. Finally to prolong the life of the monuments "Preservation is better than cure" principle should be followed up.

**6. References:**


1. Agrawal, O.P., Mishra, Jain "Removal of plants, trees from historic building" INTACH< Lucknow; (1994).
2. Agrawal, O.P. "Termites A major Problem in Museum", International centre for conservation Rome (1979).
3. Agrawal, O.P. " Care and Preservation of museum objects"
4. Archaeology Dept. "Prachin Smark Samrakshan Ain 2013/2048.
5. Banerjee, N.R., "Nepalese Architecture" Agam Kala Prakashan, Delhi (1980).
6. Benthall, A.P. "The trees of Calcutta" Thacker spink & Co. (1933) London.
7. Bhandari, Bishnu, "Inventory of Heritage site of Nepal" IUCN the world conservation union (1997).
8. J.C. Wills, "A Dictionary of the flowering plant and fruits" R.P.S. Gahlot Dehra Dun (1982).
9. Korn, Wolfgang "The traditional Architecture of the Kathmandu Valley" Ratna Pustak Bhandar, Nepal (1976).
10. Mehta, Tribhawan; "A Hand book of forest of Utilization" Pub. Perivdical expert book agency Delhi" (1981).
11. Plenderleith, J.H. and werner "The conservation of Antiquites and work of arts" London Oxford University Press New York, Toronto" (1971).
12. Singh G.M. "Conservation of copper plate inscription" Abhilekha" PP. 132-139 Vol. 15 (2054).
13. UNESCO "The conservation of cultural property" Rome Italy (1968)

14 भक्तपुर "पासुका" नेवारको निर्मांण प्रविधि जोडने सामाग्रीहरू अङ्क ९ वर्ष १ पेज ६ जेष्ठ (२०५४)

# नेपाल+तिब्बत सम्बन्धः ऐतिहासिक सिंहावलोकन

–श्रीमती इन्दिरा जोशी

प्राचीन कालदेखि नै नेपालको हिमालय वारपार भारत, तिब्बत र चीन बीचको व्यापारमा केन्द्रको भूमिका निर्वाह गर्दै आएको छ । नेपालको कूटनैतिक सम्बन्ध कायम भएको पहिलो देश भोट या तिब्बत नै हो। भोटकै माध्यमबाट चीनसंग सम्बन्ध कायम भएको थियो। भारतीय जनश्रुति अनुसार ईशाको सातौं शताब्दीमा राजा अंशुवर्माका दुई वटी छोरीहरूमध्ये एउटीको विवाह भारतीय कन्नौजका राजा हर्षबर्धनसंग र अर्की छोरीको विवाह तिब्बतका तत्कालीन राजा श्रोनचोङ्ग-गम्पोसंग गरिदिएका थिए ।[१]

नेपालकी भृकुटीलाई ई. ६३० को दशकमा भोटका राजा श्रोनचोङ्ग गम्पोले आफ्ना विश्वसनीय मन्त्री गारतोङ्ग सेनलाई चिठी र सौगातहरू सहित अंशुवर्माका दरबारमा पठाए । यस प्रतिनिधिमण्डलको उद्देश्य अंशुवर्माकी छोरी भृकुटीलाई तिब्बतका राजा श्रोनचोङ्ग गम्पोसंग विवाह गर्न माग्नु थियो ।[२]

भृकुटी भोट जाँदा आफ्ना साथ अक्षोभ बुद्धको मूर्ति लिएर गएकी थिइन् । त्यो मूर्तिलाई ठूलो मन्दिर बनाई उनले अनुष्ठान गरिन् । यस मन्दिरलाई हाल जोकहाङ्ग भनिन्छ । यसको ढोका पनि नेपालतर्फ फर्काइएको छ । भृकुटीलाई "रानी बेल्सु" भनेर तिब्बतीहरू पुकार्दछन् । यसरी नेपाल+भोटको बीच गहिरो सम्बन्ध रहेको कुराको ऐतिहासिक पुष्टी हुन गएको छ ।[३]

लिच्छवि राजा नरेन्द्रदेवका पालामा नेपाल+तिब्बत सम्बन्ध अझ सुदृढ बन्न गएको थियो । नरेन्द्रदेवका बाबु उदयदेव शासनच्युत भएपछि तिब्बतमा शरणार्थीका रूपमा रहेका थिए । उनको तिब्बतमा नै मृत्यु भयो । श्रोनचङ्ग गम्पोले नरेन्द्रदेवलाई शरण मात्र नदिई उनलाई चाहिने सैनिक मद्दत पनि दिएका थिए । भोटको सहायता प्राप्त भएकोले नरेन्द्रदेव आफ्नो राज्य फिर्ता लिन सफल पनि भए । त्यसै बेलादेखि नेपालको बाटो भएर चिनिया बौद्ध भिक्षुहरू भारत भ्रमण गर्दथे । चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व गर्दै बौद्ध यात्री बाङ्गयुन्चे भारतमा पुग्दा अरुणास्वले (हर्षबर्धनका मन्त्री) लुटपिट गरे । राजदूत बाङ्गयुन्चे भागेर नेपाल आइपुगे । नेपालका शासक नरेन्द्रदेवले उनलाई १,२०० पहाडी सैनिक र ७,००० घोडचडी फौज पठाई मद्दत दिए । तीन दिनको युद्धपछि अरुणास्वलाई बन्दी बनाई चीन पठाइएको घटनाको प्रसङ्ग उल्लेख भएबाट लिच्छविकालमा नेपाल+भोटका बीच सम्बन्ध राम्रो थियो भन्न सकिन्छ ।[४]

नेपाल+ तिब्बतका बीच सम्बन्ध बलियो हुँदै आइरहेको बेलामा नेपाल+चीन बीच पनि सोझै सम्बन्ध कायम भएको देखिन्छ । ई. ६४७ मा नेपालका तर्फबाट एकदूत सौगात लिई चीनतर्फ गएका थिए । यसपछि दुवै देशका बीच शिष्टमण्डलको आदानप्रदान हुन थाल्यो । यो सम्बन्ध तिब्बतसंग राम्रै कायम भएको बेलामा भएको भए तापनि तिब्बतले नेपाल+चीन सम्बन्धलाई त्यति रूचाएन । जसले गर्दा चीनसंग चाहिँ नेपालको सम्बन्ध अगाडि बढ्न सकेन ।[५]

आठौं शताब्दीमा पनि नेपाल+तिब्बत सम्बन्ध राम्रै रहेको पाइन्छ । नेपालले भारतका पण्डित शान्ति रक्षित र पद्मसंभवलाई बौद्ध धर्मको व्याख्या गर्नका लागि भोट पठाउन मद्दत गऱ्यो ।[६] यसप्रकार लिच्छविकालदेखि नै नेपालले भोट र भारतको बीचमा केन्द्रको भूमिका निर्वाह गरेको प्रसङ्ग उल्लेख भएबाट नेपाल+भोटको सम्बन्ध अनेक प्रकारले विकसित भएको थियो भन्न सकिन्छ ।

मध्ययुगको चौधौं शताब्दीमा चीनका सम्राट कुवलय खाँको अनुरोधमा नेपालबाट बलबाहुको (कालान्तरमा अरनिको नामले प्रसिद्ध) नेतृत्वमा ८० जना शिल्पकारहरूको टोली तिब्बत हुँदै चीन पुगेको र सम्राटको अनुरोधमा चीनमै बसेको वृत्तान्त पाइन्छ ।[७]

चीनका मीङ्ग वंशका सम्राटहरूको नेपालका राजाहरूसंग घनिष्टतापूर्ण सम्बन्ध थियो । ई. १३८४-१४९७ सम्म पाँचवटा चिनियाँ प्रतिनिधिमण्डल नेपाल आएका र नेपालका तर्फबाट ७ वटा प्रतिनिधिमण्डल चीन गएको पाइन्छ । चिनियाँ ऐतिहासिक सामग्री अनुसार मंचु राजवंशको राज्यकालमा नेपालका ल्हासास्थित व्यापारीहरू पाल्पाराज्यको अधिनमा थिए । मंचुहरूले नेपालको नाम पाल्पा मार्फत थाहा पाएका थिए ।[८]

सत्रौं शताब्दीमा नेपाल+तिब्बत सम्बन्धमा अर्को आयाम थपियो । यस समयमा आएर दुई देशका बीचमा एउटा व्यापारीक संझौता भयो । आदिकालदेखि नै हिमालय वारपार गरेर नेपाल+तिब्बत आवत जावत गर्ने ३५ वटा नाका मध्ये २४ वटा भञ्ज्याङ प्रयोगमा आएका थिए । ती मध्ये कुती र केरूङ्गका नाका कम उचाईमा भएकाले यहाँबाट बाऱ्है महिना तिब्बत र नेपाल बीच आवत जावत गर्न सकिन्थ्यो । यही कारणले गर्दा यी भञ्ज्याङ्गहरू आदि कालदेखि नै बढी प्रचलनमा रहे भने अर्कोतिर यी भञ्ज्याङ्गहरू वादविवाद र युद्धका कारण पनि बन्न पुगे ।[९]

यसै शताब्दीको शुरूदेखि नै आन्तरिक कलहले गर्दा भोटको राजनैतिक स्थिति अस्त व्यस्त भइरहेको थियो । तिब्बतको यो दूर्वल परिस्थितिबाट गोरखाका राजा रामशाह र कान्तिपुरका राजा प्रताप मल्लले भोटका दुईवटा प्रमुख व्यापारिक मार्गहरू कब्जा गरेका थिए । रामशाहले केरूङ्ग र प्रताप मल्लले कुतीमाथि आफ्नो अधिकार जमाए । यसका अतिरिक्त कान्तिपुरका राजाले भोट सरकारसंग १६४५-५० का बीचमा एउटा सम्झौता गर्न पनि सफल भए । यस सम्झौतालाई नेपालको कूटनीतिक इतिहासमा "पहिलो सम्झौता" भने हुन्छ । यो सम्झौताको ८ वटा शर्तहरू थिए । यो सन्धि कान्तिपुरको लागि ज्यादै लाभदायक सिद्ध भयो । यस सन्धिले सर्वप्रथम कान्तिपुरलाई प्राचीनकालदेखि नै प्राप्त हिमालय वारपारमा व्यापारिक केन्द्रको रूपमा स्थापित गरायो ।[१०] व्यापारिक केन्द्र भएकाले भारत+भोटको व्यापारलाई पनि नेपालले अप्रत्यक्ष रूपमा नियन्त्रण गर्न सक्ने भयो । यो सन्धि पश्चात् कान्तिपुर र तिब्बतको मात्र सम्बन्ध कायम नभएर भक्तपुर+तिब्बतका बीच व्यापारिक एवं व्यक्तिगत सम्पर्क समेत कायम भएको थियो । यसरी कान्तिपुरद्वारा तिब्बतसंग गरिएको सन्धि नै उपत्यकाका अन्य राज्यहरूसंगको सम्बन्धको माध्यम भएको थियो । पछिसम्म नेपाल+तिब्बतको बीच यसै सन्धि मार्फत सम्बन्ध रहिरह्यो । मल्लकालको अन्तिम समयतिर भने नेपालले भोटमा मिसाहा टक पठाउन शुरू गरेकाले भोट र उपत्यकाका मल्लहरूका बीच खटपट शुरू भयो । भोट र काठमाडौं उपत्यका बीच मुद्रामा विवाद परेका बेलातिर भोटको चीनसंग र उपत्यकाका मल्ल राजाहरूको गोरखाका राजा पृथ्वीनारायण शाहसंग संघर्ष चलिरहेको थियो । फलस्वरूप भोटले चीनको अधिपत्य स्वीकार गर्नु पऱ्यो । चीन सरकारका दुईजना प्रतिनिधिलाई ल्हासामा रहने

अनुमति दिनु पर्ने बाध्यता भयो । यिनीहरूलाई "अम्बा" भनिन्थ्यो र यिनीहरूले भोटको शासनको नियन्त्रण गर्दथे ।[११]

ई. १७४४ मा पृथ्वीनारायण शाहले नुवाकोट जितेपछि कान्तिपुरको तिब्बतसंगको व्यापार बन्द हुन पुग्यो । केरूङ्ग भञ्ज्याङ्गको मार्ग नुवाकोट भएरै जानु पर्दथ्यो । तसर्थ भोटसंग पूर्ववत् व्यापार हुने आशा राख्दै कान्तिपुरले गोरखासंग ई. १७५० मा एउटा सन्धि गऱ्यो । सन्धि अनुसार केरूङ्ग मार्गबाट हुने व्यापारमा गोरखा पनि समान हिस्सेदार हुने भयो । उक्त सन्धिमा तिब्बतको सहभागिता नभएको हुनाले यसलाई तिब्बतले मान्यता नदिंदा कार्यान्वयन हुन सकेन ।[१२] भोटमा मिसाहा टक पठाएकाले समस्या जटिल बनीरहेको थियो । ई. (१७६८/६९) मा पृथ्वीनारायण शाहले उपत्यकाका मल्ल राज्यहरूमा अधिकार जमाएपछि नेपाल+भोट सम्बन्ध शाहहरूको हातमा पर्न गयो । उपत्यका अधिनमा आए पश्चात् भोट सरकारसंग अशुद्ध मुद्रा वा मिसाहा टकको कारण उल्झेको समस्या सुल्झाउन पृथ्वीनारायण शाहले विभिन्न प्रयासहरू गरे । परन्तु उक्त समस्या समाधान हुन सकेन । उनले तिब्बतसंग पहिले झैं हिमाल वारपारको व्यापारिक केन्द्रको रूपमा नेपाल स्थापित भई नै रहोस् तथा तिब्बतसंगको व्यापारमा बढी फाइदा होस् भन्ने चाहना राखेर तिब्बतलाई बंगालबाट हुने इष्ट इण्डिया कम्पनीका सामानहरू अन्य मार्गबाट आयात नगर्न अनुरोध गरे । नेपालबाट तिब्बत जाने व्यापारिक मार्ग मध्ये कुती र केरूङ्ग बाहेक अन्य मार्गहरू बन्द गरिदिए । तिब्बतले नेपालसंग व्यापारिक गतिविधि सञ्चालन गर्न पत्राचार पनि गरेको थियो । पृथ्वीनारायण शाहले उक्त प्रस्ताव इन्कार गरिदिए । नेपाल+तिब्बत व्यापारिक गतिविधिमा गतिरोध पैदा भएको अवस्थामा ई. १७४४ मा काठमाडौंमा जम्मा दुई वटा काश्मिरी कोठीहरु थिए । यसै समयतिर दुई जना काश्मिरीहरू नेपालबाट भागी ल्हासा गएर भुटानको बाटोबाट आफ्नो व्यापार सञ्चालन गर्न थालेका थिए । यस प्रकार पृथ्वीनारायण शाहको समयमा नेपाल+तिब्बत व्यापारिक गतिविधि सुचारू हुन नसकेको पुष्टि हुन आउँछ ।[१३]

पृथ्वीनारायण शाहपछि प्रतापसिंह शाहका समयमा नेपाल+तिब्बत व्यापारिक गतिविधि सुचारू रूपमा संचालन गर्नका लागि प्रयासहरू भए । नेपाल सरकारले रूपनारायण कार्कीको नेतृत्वमा एउटा प्रतिनिधिमण्डल कुती पठायो । प्रतिनिधिमण्डलले तिब्बतका शेलु, खेम्पो र देन्यो पदसभलसंग कुराकानी गरी एउटा सन्धि गरेको थियो । सन्धि अनुसार नेपालले सुनचाँदिका मुद्राहरू टकमारी तिब्बत पठाउने, तिब्बतले पूर्वतर्फका व्यापारिक बाटाहरू बन्दगरी केरूङ्ग र कुतीबाट मात्र व्यापार गर्ने तथा सन्धिको पालना नगर्नेले जरिवाना स्वरूप ५० धार्नी सुन दिनु पर्ने रहेको थियो । सन्धि भए तापनि खोटो मोहर वा मिसाहा टक सम्बन्धी समस्याको चर्चा यसमा नपरेको हुँदा यस सन्धिले स्थायित्व पाउन सकेन । खोटो मोहर तिब्बतमा पूर्ववत् प्रचलनमा रहिरहृयो । यसका अतिरिक्त पूर्वतर्फको बाटो बन्द नगरी तिब्बतले व्यापार पनि गर्दै रहँदा सन्धिको उलङ्घन भएको आभास भई रहेको थियो । उक्त कुरा नेपाल सरकारलाई मन परेको थिएन ।[१४]

ई.स. १७७५ मा नेपाल र सिक्किमबीच युद्ध हुन पुग्यो र बालुङ्गको सन्धि पश्चात् अन्त्य भयो । यस युद्धमा तिब्बतले सिक्किमको पक्ष लिएको थियो । साथै सन्धि गर्दा तिब्बतले आफ्नो प्रतिनिधि पठाएको थियो । यसप्रकार प्रतापसिंह शाहका समयमा पनि नेपाल+तिब्बत सम्बन्धमा कुनै सुधार आउन सकेन ।[१५] यसपछि करिब १२ वर्षसम्म नेपाल+तिब्बत सम्बन्ध यथास्थितिमा नै रहेको देखिन्छ । प्रतापसिंह शाहको मृत्युपछि अढाई वर्षका नाबालक रणबहादुर शाह नेपालका राजा भए । उनको नायव भएर उनकी मुमा राजेन्द्रलक्ष्मीले शासन चलाइन् । उनको पनि चाँडै नै मृत्यु भयो । त्यसपछि उनका काका बहादुर शाहले नायवी चलाए। उनले नायवी सम्हालेपछि नेपालको एकीकरण अभियान तदारूकताका साथ अगाडि बढ्यो र तिब्बतसंगका सम्बन्धमा विशेष ध्यान पुग्न सकेन । यसै समयताका तिब्बतमा आन्तरिक कलहको श्रृजना भयो । तिब्बतका तेश्रा पञ्चेन लामाको चीनको सद्भाव भ्रमणमा जाँदा मृत्यु भयो । सम्पत्तिको बाँडफाँडमा उनका २

भाइहरूका बीच घरायसी झगडा भयो । त्यसपछि ई. १७८८ मा पञ्चेन लामाका भाइ समर त्रुलुक राजनैतिक शरणार्थीका रूपमा नेपाल आए। उनको आगमनले नेपाल+तिब्बतको सम्बन्धमा नयाँ परिस्थितिको सिर्जना भई दुई देशका बीचमा तनावको स्थिति पैदा भयो । नेपाल सरकारले समरपा लामालाई नेपाल तिब्बतको मामिलामा सल्लाहकारका रूपमा राख्यो । उनैको सल्लाहानुसार बहादुर शाहले मुद्रा समस्या समाधान गर्नका लागि भोटसंग युद्ध पनि मोलेका थिए। यसै बेला एकजना तिब्बती यात्री काठमाडौंको बौद्ध धार्मिक स्थलको दर्शन गर्नका लागि आएका थिए। उनी मार्फत् बहादुर शाहले तिब्बत सरकारलाई एक पत्र पठाएका थिए । उक्त पत्रमा तिब्बतले पुराना खोटा सिक्काहरूको प्रचलनलाई त्यागी नेपालले टक मारेका शुद्ध सिक्का मात्र प्रचलनमा ल्याउनु पर्ने, तिब्बतले शुद्ध नून नेपाल पठाउनु पर्ने, यी मागहरू पूरा नभएसम्म समरपा लामालाई बन्धक राख्ने र तिब्बतको न्याडग, रोडसर र केरूङ्ग कब्जा राख्ने धम्की समेत दिएको थियो ।[१६]

तिब्बत सरकार नेपाल सरकारका यी मागहरू पूरा गर्ने पक्षमा थिएन । तिब्बत सरकारले उक्त पत्रको जवाफमा सबै दोष नेपाल कै भनेर पन्छाई दियो। मल्लकालीन मुद्रालाई अवमूल्यन गर्न नसकिने, नूनको दायित्व दुवै देशका अधिकारीको भएको र समरपा लामासंग कुनै सरोकार नभएको उनी स्वइच्छाले नेपाल आएको हुँदा उनको उत्तरदायित्व तिब्बतले नलिने, फर्की गएमा स्वागत गर्ने कुरो जनाउँदै पत्र पठायो । भोट सरकारले नकारात्मक जवाफ पठाउनुको साथै नेपालसंगको व्यापारिक मार्गहरू पनि बन्द गर्‍यो । फलस्वरूप नेपाल सरकार असन्तुष्ट भै युद्ध गर्नुपर्ने स्थिति देखियो । नेपाल सरकारले तुरून्तै कुती र केरूङ्ग दुई मार्गद्वारा तिब्बतमा आक्रमण गर्न फौज पठायो ।

नेपाली फौजले कुती, केरूङ्ग, झुङ्गा र शेखर झोङ्ग आदि स्थानहरू आफ्नो कब्जामा लियो ।[१७] यसको प्रतिरोध गर्न तुरून्तै तिब्बतले सकेन । तिब्बत सरकारले अम्बाहरू मार्फत् चीन सरकारसंग मद्दतका लागि अनुरोध पनि गर्‍यो । त्यस्तै भारतको गभर्नर जनरल समक्ष एउटा गोप्य पत्र पनि पठायो । तर तिब्बतलाई मद्दत दिएर नेपालसंग सम्बन्ध बिगार्न अंग्रेजहरू चाहँदैनथे । तिब्बतका मामिलामा हस्तक्षेप गर्दा चीन पनि रिसाउने हुँदा अंग्रेजहरूले तिब्बतलाई सहयोग गर्न आलटाल गरेका थिए ।[१८]

चीनका वादशाहले आफ्ना अङ्गरक्षक सुआन च्यागका गभर्नरलाई स्थिति अध्ययन गर्न पठाए । चान्चूको नेतृत्वमा २००० सेनाहरू पनि पठाए । भोटका अधिकारीहरू नेपालसंग युद्ध चालु राख्ने पक्षमा थिए । तर चिनीयाँहरू युद्धको पक्षमा नभएकाले सन्धिका लागि छलफल शुरू भयो । तिब्बतले सन्धिको प्रस्ताव अगाडि सार्‍यो । केरूङ्गमा दुवै देशतर्फका प्रतिनिधिहरू भेला भए ।[१९]

भोटले ई. १७७५ को सन्धि उल्लंघन गरेका हुनाले नेपालले ५० धार्नी सुन र कुतीको भू-भाग माग गर्‍यो । तर यी कुराहरू दिन तिब्बत तयार थिएन । आखिरमा लामो छलफल गरेर २ महिनापछि एउट सन्धि गर्ने निर्णय भयो । यस सन्धिलाई केरूङ्गको सन्धि भन्दछन् । यो सन्धि २ जुन १७८९ मा हस्ताक्षर भएको थियो । सन्धि अनुसार नेपालको नयाँ मुद्रा प्रचलनमा ल्याउन सटही दर कायम भयो । तिब्बतले नेपाललाई युद्धको हर्जाना वार्षिक रूपमा तिर्ने, तिब्बतले एक वर्षको हर्जाना तिरेपछि नेपालले कब्जा गरेको तिब्बतको भूभाग छोड्ने, नेपालको एउटा प्रतिनिधि तिब्बतमा रहने, तिब्बतको शुद्ध नून पठाउने, तिब्बतले सिक्किम भुटानबाट दक्षिण एशियाली देशसंग व्यापार गर्न नपाउने शर्तहरू राखिएका थिए ।[२०]

केरूङ्ग सन्धिबाट तिब्बत सन्तुष्ट थिएन । किनकी यस सन्धिमा आफूले पहिलेदेखि नै विरोध गर्दै आएको कुरा मान्न तिब्बत विवश भएको थियो । यो सन्धि समानताको आधारमा नभई एक पक्षीय भएको मानेर तत्कालमा तिब्बतले पहिलो किस्ता मात्र नेपाललाई बुझायो दोश्रो बुझाएन र तेश्रो वर्ष सन्धिमा संशोधन गर्ने माग राख्यो । माग बमोजिम वार्ता कुतीमा गर्ने तय भयो । वार्तामा भागलिन सरकारका तर्फबाट स्यामार्पा लामा पनि गएका थिए । जसलाई तिब्बतिहरूले पक्रन खोजेकोमा नेपाल रूष्ट भई युद्धको पुनरावृति हुन गयो । युद्धमा केही हदसम्म चीन पनि संलग्न भएको हुनाले यो युद्ध नेपाल+तिब्बत+चीन युद्धमा परिणत भएको थियो भन्न सकिन्छ ।[२१]

नेपाल+तिब्बत+चीन युद्ध हुनुको मुख्य कारणमा तिब्बतले प्रथमतः केरूङ्ग सन्धिका शर्तहरूलाई उल्लंघन गर्नु थियो । तिब्बतले पूर्वतर्फका नाकाहरू खोल्न नपाउने शर्त भएकोमा सो कुरा नमानी पूर्वतर्फका नाकाहरू खोलिदिंदा युद्ध बाहेक अरू विकल्प थिएन। अर्को कुरा त्यस बेलासम्मको युद्धमा सफल हुँदै आएकाले नेपालको आत्मबल निकै बढेको थियो । यस युद्धमा पनि उसले आफ्नो विजय निश्चित देखेको थियो । जसको कारण ई. १७९१ को ६ अगस्तको दिन तिब्बतको शिगात्से तर्फ युद्ध गर्नको लागि फौजहरू पठाइयो । नेपालीहरूले सन्धिको उल्लंघन भएकोमा ५० धार्नी सुनको माग गरे । तिब्बतले दिन इन्कार गरिदिंदा नेपालीहरूले दिगर्चाको प्रसिद्ध टासील्हुम्पो गुम्बामा सुनचाँदी जवाहरातहरू उठाउन सफल भए। यो उनीहरूको सफलताको शिखर थियो । नेपाली फौजका अगाडि केही नलाग्ने देखी यसपल्ट पनि तिब्बतले मद्दतका लागि चीनको बादशाहसंग अनुरोध गऱ्यो । चीनले तिब्बत पराजित भएमा आफ्नो प्रभुत्व तिब्बतबाट हट्नेदेखि उसलाई सहयोग गर्ने निर्णय गऱ्यो । चीनले यस युद्धमा द्वैध भूमिका निर्वाहा गर्दै रहयो । उसले तिब्बतलाई फौज पठाई सहयोग गर्दै रहयो भने युद्ध रोक्नका लागि नेपाल सरकार समक्ष केही शर्तहरू पनि प्रस्तुत गऱ्यो । जसमा दिगर्चामा लुटेको सम्पत्ति फिर्ता दिने, गिरफ्तार गरिएका भोटका काजीहरूलाई फिर्ता पठाउने, स्यामार्पा लामालाई तिब्बतमा फिर्ता पठाउने आदि मुख्य थिए । नेपालले यी कुरालाई अस्विकार गऱ्यो ।[२२]

नेपाल+तिब्बत बीच युद्ध चर्किंदै गयो। युद्धमा चिनीयाँ पक्षले पहिले कुतीबाट र पछि केरूङ्गबाट हमला गर्दा सफलता हासिल गर्दै गयो । नेपाली पछि हट्न बाध्य हुँदै चिनियाँहरू रसुवासम्म आइपुगे ।

नेपालीहरूले अकल्पनीय पराजय बेहोर्नु परेको कारण बहादुर शाहले चिनियाँ सेनापति फुकाङ्गसंग वार्ता गरे । वार्तामा चिनियाँ सेनापतिले नेपालले लुटेको सम्पत्ति फिर्ता गर्ने, बन्दी बनाइएका भोटका काजीहरूलाई रिहा गर्ने, स्यामार्पा लामालाई तिब्बत सरकारलाई बुझाउनु पर्ने ३ वटा शर्तहरू राखे । नेपालले २ वटा शर्तहरू स्वीकारे तापनि स्यामार्पा लामालाई सुम्पन्न चाँहदैनथे। ई. १७९२ मा स्यामार्पा लामाको मृत्यु भयो र वार्ताको ढोका खुल्यो । पुनः सेनापतिले ३ वटा शर्तहरू राखे। श्यामार्पा लामाको हाडखोर चिनियाँ सेनापति छेउ बुझाउने, दिगर्चामा लुटेको सम्पत्ति फिर्ता गर्ने, ई. १७८८ को सन्धिको सक्कल प्रति चिनियाँ सेनापतिलाई बुझाउने । परन्तु बहादुर शाहले यस बारेमा जवाफ पठाएनन्। यसरी वार्ताले सकारात्मक रूप लिन नसक्दा पुनः युद्ध चर्कने स्थिति देखेर बहादुर शाहले अंग्रेजसंग सहायता लिने निर्णय गरी ई.१७९२ मा अंग्रेजसंग एउटा वाणिज्य सन्धि गरे ।[२३] चिनियाँ सेनापति फूकाङ्गले नेपाली फौजमाथि आक्रमण गर्ने आदेश दिए । यो आक्रमण नेपालको लागि घातक सिद्ध भयो । चिनियाँ फौज बेत्रावतीसम्म आइपुगेकाले काठमाडौंलाई खतरा भई ढुकुटी नै मकवानपुर सारिएका प्रसङ्गहरू उल्लेख छन्। त्यसपछि नेपालले चिनियाँ शर्तहरू बाध्य भएर मान्नु पऱ्यो र ई. १७९२ मा नेपाल+तिब्बत+चीनका बीचमा बेत्रावतीमा सन्धि भई युद्धको अन्त्य भयो ।[२४]

यस सन्धिले नेपालले आदिकालदेखि प्राप्त गरेको हिमाली क्षेत्रको व्यापारमा एकाधिकार समाप्त गऱ्यो। तिब्बती बजारमा वर्षौंदेखि चालु रहँदै आएको नेपाली मुद्रा बाहेक नयाँ मुद्रालाई प्रतिबन्ध लगायो । तिब्बतमा नेपालको जुन स्थिति थियो । त्यो समाप्त भई चीनले प्राप्त गऱ्यो । कुती र केरूङ्गका क्षेत्रमा चिनियाँ अधिकारीले रेखाङ्कन गरेको सिमानालाई मान्न नेपाल बाध्य भयो । प्रत्येक पाँच वर्षमा एउटा शिष्टमण्डल नियमित रूपमा चीन पठाउनु पर्ने भयो । यो सम्झौता नेपालका लागि हानिकारक तथा घातक सिद्ध भए तापनि नेपालले यस सम्झौतालाई उल्लंघन गर्ने कोशिस गरेन । बरू प्रत्येक ५-५ वर्षमा एउटा शिष्टमण्डल नियमित रूपमा चीन पठाउने भयो ।[२५] बेत्रावतीको सन्धिमा नेपाललाई चीनको अधिनता स्वीकार्नु पर्ने वा कुनै प्रकारको हानि हुने शर्त नरहेकाले नेपालले केही कुरा गुमाउनु परेन ।

यसप्रकार शताब्दीयौंदेखि रहेको नेपाल+तिब्बत सम्बन्धमा गतिरोध आउनुको बदला यस सन्धि पश्चात् चीनको संलग्नता पनि बढ्न गई नेपालको कूटनैतिक इतिहासमा नयाँ अध्यायको शुरूआत भएको पाइन्छ ।

**पाद टिप्पणीः-**

१. प्रेमरमण उप्रेती, कृष्णबहादुर थापा– नेपालको संक्षिप्त सामाजिक, आर्थिक तथा कुटनितिक इतिहास काठमाडौं: साझा प्रकाशन वि. सं. २०५३, पृ. १३५
२. ज्ञानमणि नेपाल– नेपाल भोट चीन सम्बन्धका केही सांस्कृतिक पक्ष, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान वि. स. २०४५ पृ. ७
३. उप्रेती र थापा– पूर्ववत् पाद टि. नं. १ पृ. १३८
४. ज्ञानमणि नेपाल+ नेपाल निरूक्त, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०४० पृ. १६१
५. उप्रेती र थापा+ पूर्ववत पाद टि. नं. १ पृ. १३८, १३९
६. उही पृ. १३९
७. नेपाल+ पूर्ववत पाद टि. नं.४ पृ. १६४
८. उप्रेती र थापा-पूर्ववत पाद टि. नं. १ पृ. १३९
९. उही पृ. १३७, १३८
१०. लियो इ. रोज+ नेपाल: स्ट्रटेजी फर सर्भाइभल, दिल्ली: अक्सफोर्ड युनिभर्सिटी प्रेस, सन् १९७३, पृ. १३, १४
११. त्रिरत्न मानन्धर– नेपाल भोट विवाद, कीर्तिपुर: नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय वि.स. २०४१ पृ. २
१२. उप्रेती र थापा– पूर्ववत पाद टि. नं १ पृ. १४०
१३. रोज– पूर्ववत पाद टि. नं. १० पृ. २४. २५
१४. बाबुराम आचार्य– नेपालको संक्षिप्त वृतान्त, काठमाडौं: प्रमोद शमसेर र नीर विक्रम प्यासी, वि.स. २०२२ पृ. ७३
१५. उप्रेती र थापा– पूर्ववत पाद टि. नं. १ पृ. १५७
१६. उही पृ. १५८
१७. रोज– पूर्ववत पाद टि. नं. १० पृ. ३८
१८. उही पृ. ३९, ४०
१९. मानन्धर– पूर्ववत पाद टि. नं. ११ पृ. ३
२०. रोज– पूर्ववत पाद टि. नं. १० पृ. ४२, ४३
२१. देवीप्रसाद भण्डारी (सं)– ऐ शि. बाबुराम आचार्यले रचना गर्नु भएको नेपालको संक्षिप्त इतिहास, पूर्णिमा, ६१ पूर्णाङ्क, काठमाडौं: संशोधन मण्डल वि. स. २०४१ पृ. १६
२२. ज्ञानमणि नेपाल– नेपाल निरूपण, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. स. २०५५ पृ. २५०
२३. भद्ररत्न बज्राचार्य– बहादुर शाह: दि रिजेन्ट अफ नेपाल, दिल्ली: अनमोल पब्लीकेशन, सन् १९९२, पृ. २४६, २४७
२४. मानन्धर– पूर्ववत, पाद टि. नं. ११ पृ. ५
२५. धनबज्र बज्राचार्य, ज्ञानमणि नेपाल, सं– ऐतिहासिक पत्र संग्रह, पहिलो भाग, काठमाडौं: नेपाल सांस्कृतिक परिषद, वि.स. २०१४ पृ. ७३, ७४

# भक्तपुरका असुरक्षित अभिलेख

–डा. पुरूषोत्तमलोचन श्रेष्ठ

इतिहास निर्माणका मूल आधार शिलापत्रहरू पनि हुन् । तत्कालिक समयमा महत्त्वपूर्ण मानिएका सार्वजनिक स्थलका संवेदनशील स्थानमा स्थापित विभिन्नकालका शिलापत्रहरूमा आफ्नो कालका अनेक प्रामाणिक कुराहरू जीवन्तरूपले बाँचिरहेका छन् । तर दुःखको कुरो छ, इतिहासको कालप्रवाहमा कतिपय शिलापत्रहरू आफ्नो मूलस्थानबाट यत्रतत्र छरिएका छन्; टुटे फुटेका वा खण्डित अवस्थामा छन्; जमीनभित्र दबिएका अवस्थामा होलान्; मूलस्थानबाट विचलित शिलापत्रमाथि धान गहुँ चुट्दा, ढुङ्गा बजार्दा वा गुच्चा ठोक्दा निकै मिहेनत गरी कुँदिएका सुन्दर अक्षरहरू छिया-छिया परेका पनि छन् । अनि त्यस्तै कतिपय शिलापत्रहरू (भक्तपुरको सन्दर्भमा) अहिलेको पुस्तासम्मन् आइपुग्दा घर, पसल, मन्दिर आदिका आँगन, पेटी र सिँढी आदिमा निर्माण सामग्रीका रूपमा सामान्य ढुङ्गा सरह प्रयुक्त (ऐतिहासिक महत्त्व नबुझ्दा) भएका पनि छन् । ती शिलापत्रहरूमाथि असंख्य मानिसहरूले प्रत्येक दिन पाइला टेक्छन् वा कुल्चन्छन् । यस्ता केही महत्त्वपूर्ण शिलापत्रहरू निम्नलिखित हालतमा देखापर्छन्ः-

**तुलाछैं टोलको शिवदेव+अंशुवर्माको शिलापत्र[1] (चित्र संख्या१)**

मेरा श्रद्धेय गुरू इतिहासकार स्व. श्री धनवज्र वज्राचार्यज्यूले यस शिलापत्रको स्थान परिचय यसरी दिनु भएको छः– "भक्तपुर तुलाछैं टोलमा यो अभिलेख कुँदिएको शिलापत्र पहिले रहेको थियो । हाल भक्तपुर संग्रहालयमा लगी यो राखिएको छ ।"[2]

तथापि आफ्नो मूलस्थानबाट विचलित भई ठाउँ सर्दै यो शिलापत्र अहिले जुन स्थानमा ल्याई राखिएको छ, त्यस आधारमा यसको स्थान-परिचय यसरी दिनुपरेको छः- पहिले तुलाछैं टोलमा रहेको यो शिलापत्र पछि भक्तपुर संग्रहालयमा लगी राखिएको थियो; केही वर्ष अघिसम्मन् त्यहाँ संग्रहित वा प्रदर्शित् (भक्तपुर संग्रहालयको कार्यालय बसेको मालती चोकभित्र) यो शिलापत्र अहिले भक्तपुर राजदरबारको

१. धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेख (काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३०) को ६२ संख्या, पृ. २५३-५६ मा अनुवाद र व्याख्यासहित यस शिलापत्रको अभिलेख छापिएको छ ।

२. सोही, पृ. २५३

मूलचोकको उत्तर-पूर्वी कुनाको (बाहिरपट्टि) पेटीमा अवशिष्ट रूपका ढुङ्गे कलाकृतिले थिचिएर सार्है नै उपेक्षित अवस्थामा रहेको छ ।[३] त्यस शिलापत्रमा उत्कीर्ण अभिलेख यस्तो छ:

१. स्वस्ति् मानगृहादपरिमितगुणसमुदयोद्भासि-
२. तयशा बाप्पपादानु ध्यातो लिच्छविकुलकेतुर्भ-
३. (ट्टा) रकमहाराजश्री शिवदेवः कुशली खृपुङग्रामे
४. आसूर्यविध्वद्याग्रान्निवासिनः प्रधानपुरस्सरान्ग्राम-
५. कुटुम्बिनः कुशलपरिप्रश्नपूर्व समाज्ञापयति विदि-
६. तम्भवतु भ (वतां यथाने) न प्रख्यातामलविपुलयशसा-
७. स्वपराक्र (मोपशमि) तामित्त्रपक्षप्रभावेन श्रीमहा-
८. सामन्तांशु (वर्म्मणा) विज्ञापितेन मयैतद्गौरवाद् युष्म-
९. दनुकम्प (याचकुथे) र्वृत्यधिकृतानामत्र समुचितस्त्रिक-
१०. रमात्रसाधनायैव प्रवेशो लेख्यदानपञ्चापराधा-
११. द्यर्थन्त्वप्रवेश इति प्रसादो वः कृतस्तदेवंवेदिभि-
१२. रस्मत्पादप्रसादोपजीविभिरन्यैर्व्वा न कैश्चिदयमन्य-
१३. था करणीयो यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा कुर्य्यात्कारये-
१४. द्वा तमहमतितरान्न मर्षयिष्यामि येपि मदूर्ध्वम्भू-
१५. भुजो भवितारस्तैरपि धर्म्मगुरूभि (र्ग्गुरूकृ) त प्रसादा-
१६. नुवर्त्तिभिरियमाज्ञास (म्यकप) रिपालनीयेति समा-
१७. ज्ञापना (दूतकश्चात्र भो) गवर्म्मगोमी संवत ५००,
१८. १०, ६ ........ (शु) क्लदिवा (प) ञ्चम्याम्

अहिले अलपत्र अवस्थामा यस पेटीमा पल्टिन आइपुगेको यस शिलापत्रको सार्वजनिक महत्त्व लिच्छविकालिक खृपुङग्राम[४] को तात्कालिक लोकजीवनमा निकै रहेको बुझिन्छ । यो शिलापत्र रहेको पहिलो मूलस्थान तुलाछें टोल हो भन्ने कुरो ज्ञात हुन आएको परिप्रेक्षमा अहिलेको यस टोलपरिसरमा उहिले 'खृपुङ' नामको प्राचीन ग्रामबस्ती आवाद रहेको थियो भन्ने कुरो दृष्टिगोचर हुन्छ ।[५] लिच्छविकालिक शासन वा प्रशासनिक व्यवस्था, सामाजिक

---

३. केही समयपूर्व मेरा श्रद्धेय गुरू डा. श्री मुकुन्द अर्याल एवं श्री ज्ञानमणि नेपालज्यूका साथ भक्तपुर राजदरबारको स्थलगत अध्ययन अनुसन्धान गर्न जाँदा पहिले नै त्यस पेटीमा लम्पसार अवस्थामा राखिएको सो शिलापत्रमाथि त्यसरी अन्य कलाकृति खप्टचाएर राखिएको थिएन; अभिलेख कुँदिएको पाटो उर्ध्वाभिमुख अवस्थामा थियो; त्यताबाट ओहर दोहर गर्दा अभिलेखमाथि कुल्चिई अक्षरहरू नष्ट हुन सक्ने हुँदा त्यसको सुरक्षार्थ हामीले सो अभिलेख कुँदिएको पाटोलाई तल पर्ने गरी पल्टाएर राखिदिएका थियौं; अहिले पनि उस्तै अवस्थामा छ ।

४. अहिलेको नेवार लोकजीवनमा लोकप्रीय 'ख्वप' शब्द उहिले अनेककालका लोकजीवनमा अनेक नामले व्यवहृत हुँदै आएको कुरा यस विषयका आभिलेखिक प्रमाणहरूका आधारमा जानिन्छ । त्यस्तै अहिलेको मूल नगरबस्ती (उत्तरमा खासाङखुसुङ र दक्षिणमा हनुमन्ते खोलाको बीचमा, अष्टमातृकापीठ, अष्टद्वारभित्र अवस्थित तात्कालिक गढरूपको मूलबस्ती) भित्र लिच्छविकालमा खृपुङ, माखोपृङ, माखोदुलु आदि अनेक नामका बस्तीहरू थिए र समग्रमा पुरै बस्ती (भक्तपुर भेक) 'खोपृङ' नामले प्रसिद्ध रहेको जानिन्छ । यताबाट 'खृपुङ' खोपृङभित्रकै एक ग्रामबस्ती थियो औ यो खोपृङको मध्यभागमा बसेको बस्ती थियो भन्ने कुरा थाहा पाइन्छ ।

डा. पुरूषोत्तमलोचन श्रेष्ठ– 'भक्तपुर नगरको नामाकरण' पासुका, वर्ष १, अङ्क १०, आषाढ २०५४ वि.सं., प. ४-५

५. खृपुङसंगै रहेको पूर्वपट्टिको बस्ती 'माखोपृङ (अहिलेको गोलमढी टोल परिसर) थियो । खोपृङग्रामभित्रका अन्य बस्तीहरूको तुलनामा यो बस्ती निकै समृद्धरूपको थियो । भरखरै मात्र फेला परेको सुकुलढोका टोलको उत्तरप्राचीन कालको अभिलेखका आधारमा वृजिकहरूको बसोबास खृपुङ तथा माखोपृङमा पनि थियो भन्ने संकेत मिल्छ । मध्यकालमा टोल बस्ती लोकप्रीय रहयो । यसो हुँदा यहाँ तुलाछें, गोलमण्डे, सुगलद्वाखा, त्रिप्रकव छें आदि अनेक टोलबस्तीहरू देखा परे ।

जीवन आदिका केही महत्त्वपूर्ण पक्षको झलक यस शिलापत्रबाट दृष्टिगत हुन्छ ।[६]

**टौमढीटोल भैरव मन्दिरभित्रको लिच्छविकालीन ढुङ्गे जलपात्र (चित्र संख्या २ क)**

भक्तपुर टौमढी टोलको प्रसिद्ध भैरवमन्दिरको दक्षिणपट्टि इनारसहितको चोक छ । सोही चोकको उत्तर-पश्चिम कुनामा एउटा ठूलो आकारको जलपात्र (पानी राख्ने भाँडो) अलपत्र अवस्थामा रहेको देख्न सकिन्छ । त्यस जलपात्रको माथिल्लो घेरामा ३ पंक्तिको (लिपि-पूर्वलिच्छवि) अभिलेख (संवत् ८८ को नरेन्द्रदेवको पालाको) कुँदिएको छ ।[७] सो अभिलेखको मूलपाठ (ठम्याउन सकिने जति)[८] यस्तो छ:-

१. ॐ संवत् ८८ पौष शुक्ल (तीयायाम्)[९] उमा चतस्य[१०]ल-

२. लितमहेश्वराय आ--- स्वपुण्यप्राप्तये[११] ता-

३. म्रकलशं दत्तम् ॥ (ड्ल-न्द-वे-भू)[१२]

सम्वत् ८८ (वि.सं. ७२१) को यस अभिलेखमा वर्णित मुख्य देवदेवी उमा+महेश्वर (ललितमेहश्वर) हुन् ।[१३]

---

६. त्यस्तै 'खपुङ' नेपाल भाषाको शब्द हो भन्ने मत इतिहासकार हरिराम जोशीज्यूहरूको रहेको छ । यताबाट पनि लिच्छविकालको राजभाषा संस्कृत रहेतापनि तात्कालिक स्थानीय लोकजीवनमा नेपाल भाषा प्रचलित थियो भन्ने कुरा थाहा हुन्छ । स्व. बज्राचार्यज्यूले चाहिँ खोपृङ वा खपुङलाई किराँत परिवारको भाषा भनेका छन् ।
क. हरिराम जोशी: नेपालको प्राचीन अभिलेख, काठमाडौं, ने.रा.प्र.प्र., वि.सं २०३०, पृ. २३५-२३६
ख. बज्राचार्य: पूर्वोक्त (वि.सं. २०३०), पृ. २५१

७. योगेशराज 'तवमधि भैरवमन्दिरभित्रको लिच्छविकालिन अभिलेख' पासूका, वर्ष ३, अङ्क ६, फागुन १, ०५६, पृ. ८-९ मा चित्रसहित यस अभिलेखको मूलपाठ (व्याख्या) प्रकाशित छ ।

८. यस कार्यमा श्री श्यामसुन्दर राजवंशीज्यूले सहयोग गर्नु भएकोमा उहाँप्रति आभारी छु ।

९. योगेशराजको पाठ

१०. योगेशराजको पाठ- रूमाचोशात

११. योगशराजको पाठ- स्वपुण्याप्राप्तये

१२. योगशराजको पाठ

१३. यस ढुङ्गे जलपात्र रहेको प्रांगणमा पूर्वपट्टि (इनारसंगै) उमा-महेश्वरको एक प्राचीन प्रस्तर मूर्ति छ (चित्र संख्या ४) यस मूर्तिमा उमा र महेश्वर दुवैका अनुहार भाग नराम्रोसित चोइटिएको छ; घुँडाका भाग पनि त्यसरी नै चोइटिएमा छन् । घामपानीले खिइसकेको यस मूर्तिमा उमा-महेश्वरका अन्य प्राचीन मूर्तिहरूमा झैं शिव+पार्वती+नन्दीमात्र देखापर्छन् । यसरी यस मूर्तिमा देखा पर्ने प्राचीन शैली, वनावट र लक्षण आदिका आधारमा विक्रमको छैटौं र सातौं शताब्दी बीचको समयतिरको यो मूर्ति हो भन्ने बुझिन्छ । यस कुराको प्रकारान्तर पुष्टि यस अभिलेखमा उल्लेखित उमा+ललितमहेश्वरबाट पनि हुन्छ । अभिलेखमा वर्णित उमा-महेश्वरले यसै मूर्तिलाई स्मरण गराउँछ औं अभिलेखको समयभन्दा पूर्व नै त्यस क्षेत्रमा यो मूर्ति स्थापना भइसकेको दृष्टिगोचर हुन्छ । यताबाट भक्तपुरमा हालसम्मन् प्राप्त उमा-महेश्वरका मूर्तिहरूमध्ये यो नै पहिलो प्राचीनतम् मूर्ति हो भन्न सकिन्छ ।
लिच्छविकालमा स्वतन्त्ररूपले चलेका अनेक शैव सम्प्रदायहरूमध्ये एक माहेश्वर सम्प्रदाय नरेन्द्रदेवको पालामा विशेष लोकप्रीय अवस्थामा भक्तपुरमापनि प्रचलित रहेको झझल्को यस अभिलेखले पनि दिएको छ । टौमढीटोलको भैरवमन्दिरक्षेत्र लिच्छविकालदेखि नै तान्त्रिक स्वरूपका शैव-सम्प्रदायीहरूको प्रसिद्ध धार्मिक स्थलको रूपमा रहेको; पंचतत्त्वका प्रतिपादकका रूपमा मात्र नभएर 'ललितेशाय सर्वज्ञ त्रिगुणात्मक' वा त्रिपुरसुन्दरी देवी सहितका शिव ललितमहेश्वर रूपमा उपास्य हुँदै आएको कुरा पनि यसै परिप्रेक्षमा विदित हुन्छ । अहिले पनि भैरवनाथको तीन विशेष रूपमा पूजा चलाइन्छ; त्रिपुरसुन्दरी महाविद्या सदृश । भैरवनाथ वा ललितमहेश्वर र यिनका शक्ति त्रिपुरसुन्दरी यस नगरका उच्चतम् देवदेवी हुन्; यसो हुँदा पनि ती नगरको मध्यभागमा स्थापित रहेको जानिन्छ ।

तात्कालिक कुनै एक दाताले यी देवदेवी कहाँ ताम्रकलश[१४] चढाएका थिए र सोही सन्दर्भमा यो अभिलेख राख्न लगाएको ज्ञात् हुन्छ ।

भ्वाट्ट हेर्दा खण्डित भैं लाग्ने यस जलपात्रको मुख (शीर्षभागको अग्र-घेरा) अर्धगोलाकार छ । यस्तै शैलीका केही ढुङ्गे पात्रहरू अन्यत्र स्थानमा पनि देखापर्छन् ।[१५] खौमाटोल नारायण मन्दिर निरको ढुङ्गेपात्र तथा भक्तपुर राजदरवार जन्हँचोकको जलद्रोणीको पार्श्वभागको माथि देखापर्ने ढुङ्गे पात्र उदाहरणका रूपमा छन् ।[१६] खासगरी जितामित्र मल्लले बनाउन लाएको जन्हचोकको त्यस जलद्रोणीको ढुङ्गे जलपात्र अवलोकन गरेपछि निम्न कुरा थाहा पाइन्छ –

जलद्रोणी बनाउँदा त्यसमा (जम्मा हुने) पानी पठाउन सजिलो होस् भन्नाका लागि जलद्रोणीको पार्श्व भागमा माथिपट्टि एउटा जलपात्र पनि रहन्छ; भण्डै पीँधसम्म छुने गरी बनाइएको यसको अर्धगोलाकार मुख वा घेरा जलद्रोणीमा जम्मा हुन पुग्ने निकासको मुख वा प्वालसित जोडिएको हुन्छ । यसरी बनाइएको जलपात्रमा पानी भ्वार्रै खन्याए तापनि जलपात्रमा जम्मा हुनु नपाउँदै जलद्रोणीमा भरेर जम्मा भइहाल्छ ।

यसप्रकार माथि उल्लेख गरिएका सन्दर्भ, उदाहरण-प्रमाणका आधारमा निम्नलिखित कुरा थाहा पाउन सकिन्छ– टौमढीटोलको भैरवमन्दिर क्षेत्रमा एउटा लिच्छविकालीन ढुङ्गे जलद्रोणी थियो; अहिले विच्छिन्न अवस्थामा देखापर्ने यो ढुङ्गे जलपात्र सोही जलद्रोणीमा पानी पठाउने प्रयोजनका लागि बनाइएको जलद्रोणीकै एक अत्यावश्यक भाग थियो ।[१७]

यसप्रकार ऐतिहासिक पुरातात्विक दृष्टिले महत्त्वपूर्ण देखिन आएको टौमढीटोलको यो ढुङ्गे जलपात्रले कुनै बेला पवित्र जलको भार वहन गर्ने धार्मिक महत्त्व बोकेको थियो भने अहिलेको पुस्तासम्मन आइपुग्दा धेरै वर्षसम्मन् फोहर फ्याँक्ने सागलको 'गू' र 'सू' को दलदलमा दबिएर, कुल्चँदै, थिचिएर विलुप्त हुँदै, फोहर जम्मा गरी राख्ने 'कन्टेनर' को रूपमा प्रयुक्त हुँदै[१८] फोहर वा अपवित्र वस्तु बोकिँदै आफ्नो

१४. ताम्रधातुलाई शिव-सदृश मानी वा उनको एउटा प्रीय वस्तु यसलाई पनि सम्भी यो धातु वा यसबाट बनेका अनेक कलाकृतिहरू चढाई पूजा गर्ने चलन लिच्छविकालमै प्रचलित भइसकेको थियो भन्ने कुरा यताबाट पनि थाहा पाइन्छ ।

१५. यसतै शैली वा आकार प्रकारको, खस्रो खालको एउटा ठूलो ढुङ्गे पात्र कुम्भेश्वर महादेव मन्दिर स्थानभित्र पनि देखापर्छ ।

१६. टौमढी टोल खौमा टोलका ढुङ्गे पात्रहरू आकार प्रकारले उत्रै देखापर्छन्, खौमाटोलको पात्रमा पनि खस्रोपन (पात्र बनाउने क्रममा ढुङ्गा ताछ्दा देखिएको खस्रापन; यसतै खस्रोपन-विशेषता चाँगुनारायण स्थान भित्रको ढुङ्गे हात्तीमा पनि देखिन्छ । उसतै छ । तर यो केही लाम्चो परेको छ । शैलीगत विशेषताका आधारमा यो मध्यकालको पूर्वार्द्धतिर बनेको अनुमान हुन्छ । टौमढी टोल र खौमा टोलको ढुङ्गे पात्रका तुलनामा जन्हँ चोकको जलद्रोणीको पात्र सानो आकारको छ ।
ढुङ्गे जलपात्र जलद्रोणीकै एक भागको रूपमा देखापर्छ; जलद्रोणीमा पानीको स्थानीय श्रोत इनार, ढुङ्गेधारा आदि) को अतिरिक्त वर्षातको पानी समेत जुटाउन यो जलपात्र त्यसरी ठूलो आकारमा बनेको देखिन्छ ।
मौलिक विचार साभार: योगेशराज

१७. यस आधारमा पनि प्राचीन वास्तु रचना शैलीको परम्परागत प्रभाव वा अनुकरण परवर्तीकालमा पछिसम्मन पनि चलिरहेको थियो भन्ने कुरा थाहा पाइन्छ। जन्हँचोकको मल्लकालीन जलद्रोणी+जलपात्र उदाहरणका रूपमा देखापर्छन् । लिच्छविकालका अभिलेखहरूमा 'पाषाणद्रोणी', 'शैलद्रोणी' नामका ढुङ्गे जलद्रोणीहरू उल्लेख हुन आएको सन्दर्भमा पनि जलद्रोणी बनाउनु पर्दा ढुङ्गाकै बनाउने चलन पछिसम्मन चलिरहेको थियो । उपत्यकाका यत्रतत्र देखापर्ने मल्लकालीन जलद्रोणीहरू उदाहरण स्वरूप छन् ।

१८. भैरवनाथ मन्दिर परिसरका स्थानीय बासिन्दाहरूका अनुसार यो जलपात्र अहिले रहेको स्थानभन्दा केही उत्तरतर्फ सागलमा रहेको थियो । यसरी त्यस स्थानमा फ्याँकिन पुगेका यो जलपात्रमा फोहर थुप्रँदै धेरै वर्षसम्मन त्यसै दबिएर रहेको देखिन्छ । शायद यसैकारण योगेशराजले पनि 'रासलाई खोज्दै लामो परिश्रमपछि फेला पारेका' हुन् ।

आदि-स्थानबाट विस्थापित हुँदै यस स्थानमा आइपुगेको छ ।[१९]

## सुकुलढोकाको उत्तरलिच्छविकालीन खण्डित शिलापत्र[२०] (चित्र संख्या ३)

भक्तपुर शहरको मध्यमागमा अवस्थित प्रसिद्ध टोल सुकुलढोकाको दक्षिण-उत्तर केही तेर्सो परेको बजारको मूलसडकको पश्चिम किनारामा पूर्वाभिमुख एउटा तीनतले घर छ । त्यस घरको भुईतलामा पसल पनि थापिएको छ । सो पसलमा पुग्नको निमित्त तीन तहको पेटी बनेको छ । त्यस पेटीको माथिल्लो तहको घेरामा खण्डित अवस्थाको यो शिलापत्र पाइला टेक्ने खुड्किलाको रूपमा छापिएको छ । शिलापत्र खण्डित हुँदा त्यसमा कुँदिएको अभिलेख पनि खण्डित हुन पुगेको छ ।[२१] मूलपाठ यसप्रकार छ–

१. श्रीमहावृजिकरथ्या निवासीसत................
२. न्तायदेहिनम् माता पितृ पुरोगा (मिन्)..........
३. पातुरं ध्विकोयतः ॥ द्विजानृप...........
४. त्यधिगते सम्वत्सर शतद्वये (बैशाख)..........
५. न्त (?) तगस्य कृतादोप शैलद्रोणी ..................
६. शत त्रयम् ॥ श्रीपश्चिमाधिकर (ण)..............

यो अभिलेख खण्डित भएतापनि उत्तरलिच्छविकालीन भक्तपुर वा उपत्यकाको इतिहासबारे केही महत्त्वपूर्ण कुरा जान्न उपयोगी छ । यस अभिलेखको सम्बन्ध शैलद्रोणी[२२] (ढुङ्गे जलद्रोणी) सित छ । सम्वत् २०० (वि. सं. ८३३ बैशाख) मा ढुङ्गे जलद्रोणी बनाई त्यसको हेरचाह 'श्रीपश्चिमाधिकरण' (देवमन्दिरहरूको हेरचाह, धार्मिक विषयका कुराहरू हेर्ने, राजदरबारको पश्चिम भागमा रहेको लिच्छविकालीन सरकारी कार्यालय) ले गर्ने आदि कुराको व्यवस्था गरी सोही शैलद्रोणीमा यो शिलापत्र राख्न लगाएको बुझिन्छ ।

'वृजिकरथ्या' (वृजिकहरूद्वारा निर्मित सडकसहितको देवस्थलमा बस्ने) शब्दको पहिलो उल्लेख देउपाटन कसाई टोलको नरेन्द्रदेवको शिलालेखमा परेको छ ।[२३] अनि यो चाहिँ (शिलालेख प्रमाणका आधारमा) दोश्रो महत्त्वपूर्ण शिलापत्रको रूपमा अहिले देखापरेको छ । विचारणीय कुरा के छ भने नरेन्द्रदेवको शिलापत्रमा वृजिकरथ्याको अघिल्तिर कुनै विशेषण लागेको छैन, तर यस शिलापत्रमा राजकीय सम्बन्धलाई समेत दर्शाउने (श्री) 'महा' विशेषण पनि परेको छ । यसरी यस्तो विशेषण परेको यो पहिलो शिलापत्रको रूपमा देखिन आएको छ ।

यसरी तात्कालिक समयमा शैलद्रोणीको शोभा आभिलेखिक दृष्टिकोणबाट समेत दर्शाइरहेको, धार्मिक, सामाजिक, प्रशासनिक आदि केही महत्त्वपूर्ण कुरा बुझ्न उपयोगी यो शिलापत्र कालक्रमले कुनै कारणवश खण्डित

---

१९. यसरी ठाउँ कुठाउँ सर्दै, लड्दै पड्दै अहिले यो जलपात्र यस स्थानमा आइपुगे तापनि मूलस्थान परिसरभित्रै (आफ्नो आदि स्थानबाट विचलित भए तापनि) रहेको विदित हुन्छ । किनकी यो यति गऱ्हुङ्गो छ कि यसलाई उचालेर अन्त सार्न धेरै मानिस चाहिन्छ । त्यसतै केही अक्षरहरू पढ्नै नसकिने गरी पुरै नष्ट भइसकेका छन् भने केही बाँच्नै नसकिने वा ठम्याउन नसकिने भइसकेका छन् ।

२०. यसको चित्र, मूलपाठ सहितको व्याख्या 'पासुका' को अतिरिक्ताङ्क, चैत्र १, ०५६ मा पहिलोपल्ट र यसैको पुनर्मुद्रण एवं संशोधन (व्याख्या भाग) 'पासूका' वर्ष ४, अङ्क ८, बैशाख १, ०५७, पृ. ३, ४ र १५ मा प्रकाशित गरेको छु ।

२१. 'कुल्चिएका पत्रहरू' खोज्दै जाने क्रममा यो शिलापत्र फेलापरेको हो । खण्डित अवस्थाको यस शिलापत्रको अर्को अवशिष्ट भाग कहाँ छ त्यो पत्तो लगाउने काम चलिरहेकै छ । यो खण्डित शिलापत्र फेलापरेको स्थान त्रिपुरविद्यापीठ– आगम क्षेत्र (सुकुल ढोका) मा पर्छ । सो क्षेत्रका श्री सुरेन्द्रवीर कर्माचार्य (तलेजुका पुजारी) का अनुसार झण्डै ५० वर्ष अघि उहाँका पिता स्व. श्री रत्नवीर कर्माचार्यले पेटीसहितको सो घर बनाउनु भएको थियो । सोही क्रममा नजिकै कतै मिल्किएका ढुङ्गामध्ये यो पनि त्यस पेटीमा छापिन पुगेको देखिन्छ ।

२२. यस शब्दको पहिलो उल्लेख पनि (ढुङ्गे जलद्रोणीका लागि) यसै शिलापत्रमा परेको छ) ।

२३. गौतमवज्र वज्राचार्य 'वृजिकरथ्या' पूर्णिमा, ६ पूर्णाङ्क, वि.सं. २०२२, पृ. ११-१२

भई अन्य सामान्य ढुङ्गा सरह निर्माण सामग्रीको रूपमा त्यस पेटीमा छापिन पुगी प्रत्येक दिन असंख्य पाइतलाहरूले यसमाथि कुल्चँदै गरेका छन् ।

**भैरवस्थानको निर्भयदेवको पालाको शिलापत्र**

वि.सं. २०१८ सालमा संशोधन-मण्डलद्वारा पहिलोपल्ट प्रकाशित यो शिलापत्र त्यसैबेला कुन हालतमा थियो भन्ने कुरा निम्नलिखित विवरणबाट स्पष्टरूपले थाहा पाइन्छ[२४]-

"भक्तपुर तौमढिटोलमा भैरवको प्रसिद्ध मन्दिर छ। सो भैरवमन्दिरनिरै भजन गर्ने चोकमा एउटा इनार छ। त्यस इनारबाट पानी झिक्दा टेक्ने ढुङ्गा बनाइराखेको एउटा कुनै देवताको पादपीठ छ। त्यस पादपीठमा यो अभिलेख कुँदिएको छ। यसको अभिलेख कुँदिएको भाग २२ अङ्गुल लम्बा ५ अङ्गुल चौडा छ। यो अभिलेखको छेउको केही भाग खण्डित छ।"

सो अभिलेखको मूलपाठ यस्तो छ[२५]–

१. ॐ श्रेयोस्तुः ॥ सम्वत् अ. थ. ह. (१००+२०+५) चैत्रशुक्लत्रियोदस्यां...

२. महाराजाधिराज श्रीनिर्भयदेवविजयराज्येः ॥ श्रीख्वपु...

३. शिवग्वलोत्तर धेनक वास्तव्य जयचतुपाकन श्रियाधरदवकपरक...

४. देवस्थानार्थ द्वादस मानि धानि प्रज्ञातयति। तिलिकमराण...

पूर्वमध्यकालीक भक्तपुर वा उपत्यका वा मध्यकालीन नेपालको इतिहासको राजनैतिक, प्रसाशनिक, धार्मिक एवं भाषिक आदि केही महत्त्वकुरा प्रामाणिक रूपले व्याख्या गर्नसकिने एक भरपर्दो ऐतिहासिक सामग्रीको रूपमा यो पनि प्रयुक्त हुँदै आएको छ। इतिहासकार वज्राचार्यले यस अभिलेखको व्याख्या निम्न रूपमा गरेका छन्[२६]–

"ने. सं. १२५ (वि.सं. १०६२) को यस अभिलेखबाट यसबेला निर्भयदेवले 'महाराजाधिराज' को रूपमा एक्लै शासन गरिरहेका थिए भन्ने प्रमाणित हुन्छ।...यो अभिलेख पाइएको ठाउँमा केही देवमूर्तिका... साथै लिच्छविकालको ढुङ्गाको ठूलो पात्रविशेष पनि रहेको छ। यसबाट यो ठाउँ लिच्छविकालदेखि नै विशेष देवस्थलको रूपमा रहेको थियो भन्ने संकेत पाइन्छ। पछि यहाँ भैरव स्थापना भएपछि यो स्थल भैरवस्थानको रूपमा अझ प्रसिद्ध हुन पुगेको देखिन्छ।...

... 'खोपृङ' को अपभ्रंश भई 'ख्वप' हुन पुगेको हो। ... 'मानि' यो शब्द लिच्छविकालका अभिलेखमा देखिएको अनाजको नापोलाई बुझाउने प्रसिद्ध शब्द 'मानिका' नै हो भन्ने देखिन्छ। ..."

त्यसतै इतिहासकार हरिराम जोशीले यसको भाषिक महत्त्वका बारेमा यसरी व्याख्या गरेका छन्–[२७]

"उत्तर प्राचीनकालका संस्कृत भाषाका शिलाभिलेखहरूमा हिजो आज नेपाल भाषा भनिने तत्कालीन जनभाषाका हारागुङ, गुँ, जरैं, सिं, हाह्मु, कुह्मु जस्ता शब्दहरूको प्रचुर मात्रामा प्रयोग पाइएबाट तत् समय

---

२४. रामजी तेवारी र साथीहरू (सं), – अभिलेख-संग्रह, दोश्रो भाग, काठमाडौं, संशोधन-मण्डल, वि. सं. २०१८, पृ. ९।

२५. क. सोही, पृ. ९

ख. डि. आर. रेग्मी– मेडिभल नेपाल, तेश्रो भाग, कलकत्ता, फर्मा के.एल. मुखोपाध्याय, ई.सं. १९६६, पृ. २-३

ग. हरिराम जोशी– 'नेपाल भाषाको प्राचीनता' हेमा-ज्वाला, काठमाडौं, वि. सं. २०२८, पृ. १२

घ. धनवज्र वज्राचार्य– 'मध्यकालका शुरूका केही अभिलेख' कन्ट्रिव्युसन्स टू नेपलिज स्टडिज, सि. एन. ए. एस जर्नल, भोलम भि, नं १, डिसेम्वर १९७७ इ., पृ. १११

२६. क. पूर्वोक्त जोशी (वि. सं. २०२८), पृ. १०-१२

ख. 'मध्यकालीन अभिलेख' प्राचीन नेपाल, संख्या ५३-५६, वि.सं. २०३६, पृ. ९-१०

२७. मूलस्थानबाट विचलित भई चोक, पेटी, खुड्किला आदि यस्तै कुल्चिने ठाउँमा छापिन पुगेका शिलापत्रहरू खोजि गर्दै जाने क्रममा यो त्यस हालतमा फेला परेको हो।

संस्कृत भाषा अन्य लौकिक भाषाहरूको पनि समाजमा प्रचलित थियो भन्ने कुराका अनुमान गर्ने यथेष्ट आधार भेट्टिन्छ । ... यसै तथ्यको परिप्रेक्ष्यमा प्रस्तुत अभिलेखलाई लिन सकिन्छ । यस अभिलेखमा नेपाल भाषाको प्रयोग पाइएबाट अहिलेसम्म प्राप्त नेपालभाषाका अभिलेखहरूमा यो अभिलेख नै सर्वप्राचीन भएको कुरा जानिन्छ ।"

तर अपशोचको कुरो छ, तात्कालिक केही महत्त्वपूर्ण कुरा बुझ्न उपयोगी उक्त शिलापत्र (इतिहासकार एवं अन्वेषकहरूले निर्देश गरेको स्थानमा) धेरै वर्षसम्मन् अनगिन्ति पाइलाहरूले पानी लिन यसमाथि टेक्दै कुल्चँदै गर्दा यसमा लेखिएका अक्षरहरू अब शायद खिइसकेका होलान् । यहाँ 'होलान्' लेख्नु पर्नाका कारण यो छ कि सो शिलापत्र अहिले त्यस स्थानबाट पनि विचलित भई विलुप्त हुन पुगेका छ; सो स्थान वरपर पनि कहीं कतै फेला पार्न सकिएन । तर आश्चर्यको कुरो चाहिँ के देखियो भने सो शिलापत्रको स्थान त्यहाँ अर्कै शिलापत्रले लिन पुगिसकेको रहेछ । (चित्र संख्या ४); जुन शिलापत्रमाथि आजभोलि त्यस इनारमा पानी लिनेहरूले कुल्चने गरेका छन् । शायद यसैकारण पहिलेको भन्दा पनि ठूलो यस शिलापत्रमा कुँदिएका सबै कुराहरू पनि सदाका लागि मेटिइसकेका छन् ।

**भक्तपुर राजदरबार स्थित जगन्नाथमन्दिरको पेटीमा छापिन पुगेको अभयमल्लको पालाको (अहिलेसम्मन् प्रकाशमा नआएको) शिलापत्र (चित्र संख्या ५)**

भक्तपुर राजदरबारको पशिचमपट्टि सेतो रङ्गले पोतेको प्रवेशद्वारबाट भित्र पस्ने वित्तिकै दायाँपट्टि चारधामका मन्दिरमध्ये जगन्नाथ मन्दिर र रामेश्वर मन्दिर हाम्रो सामुन्ने देखापर्न आउँछ । पूर्वाभिमुख, एक तले (जस्ताको छानाले छाएको, सेतो रङ्गले पोतेको) जगन्नाथ मन्दिरको पेटी तला चाहिँ तीन तहको छ; त्यसमध्ये तल्लो तहको पेटीको आग्नेय भागमा यो शिलापत्र जीर्णोद्वारको क्रममा, कालक्रमको परिबन्दले गर्दा अहिले सबैले टेक्न वा कुल्चन हुने ढुङ्गाको रूपमा[२८] त्यसरी छापिन पुगेको छ । यस ढुङ्गामा उत्कीर्ण अभिलेख (लिपि-प्रारम्भिक नेपाल भाषा+प्रभाव> उत्तर लिच्छवि;-केही) का आरम्भका अक्षरहरू ठाउँ ठाउँमा फुटेका, खिइसकेका र बीचको पाप्रो उप्किएका कारण त्यस भागमा उत्कीर्ण झण्डै तीन अक्षरको कुनै एक शब्द पनि नष्ट हुन पुगेको छ । अभिलेख पढी ठम्याउन सकिने जति यहाँ दिइएको छ[२९]-

१. (श्रेयो ऽस्तु ?) म पञ्चम्यां मुनि वेदाग्निवत्सरे । (३००+४+७)

२. (विष्णो: ?) श्रीमन्नेपालस्य... सँस्कृताइमा: ॥

अभिलेख राख्दा वा कुनै ग्रन्थ लेख्दा (वा कुनै महत्त्वपूर्ण कार्यका अवसरमा) त्यसबखत राज्य गरिरहेका राजाको नाम पनि अनिवार्य रूपमा भने झैं (जस्तै-राजप्रशस्ति+राजाको नाम+...देवस्य विजयराज्ये") उल्लेख गर्ने लोकप्रीय चलन-प्रवाहको एउटा अपवाद-उदाहरणको रूपमा यो अभिलेख पनि देखापर्छ । त्यसतै संवत्लाई अङ्कमा

---

२८. यस कार्यमा श्री श्यामसुन्दर राजवंशी र योगेशले सहयोग गर्नु भएको थियो ।

२९. प्रामाणिक जानकारीका निमित्त हेर्नुहोस्–

१. धनवज्र वज्राचार्य, कमल प्रकाश मल्ल: दि गोपाल राजवंशावली, काठमाडौं, नेपाल रिसर्च सेन्टर पब्लिकेसन्स, ई. सं. १९८५, २६, ३३, ३४, ३५, ३६, र ३८ पत्र ।

२. लुसियानो पेटेक– मेडिभल हिष्ट्री अफ नेपाल, रोमा, ई. सं. १९५८, पृ. ८५-९० ।

३. हरिराम जोशी– मेडिभल कोलोफोन्स, ललितपुर, जोशी रिसर्च इन्स्टिच्यूट, ई.सं. १९९१, पृ. १४७-१६५ ।

४. जोशी– 'मध्यकालीन अभिलेख', पूर्वोक्त, पृ. २६-२८ ।

५. ज्ञानमणि नेपाल– नेपालको पूर्वमध्यकालको इतिहास, कीर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५४, पृ. ११५-१२२ ।

६. तथा यस विषयका प्रकाशित अन्य विविध श्रोत-सामग्रीहरू ।

नभएर अक्षराङ्कमा पनि उल्लेख गर्ने चलन पूर्व मध्यकालको शुरूका केही शताब्दीसम्मन् विशेषरूपले चलेको थियो भन्ने कुराको उदाहरण यस अभिलेखको अक्षराङ्क-संवत्ले पनि प्रस्तुत गरेको छ ।

यो अभिलेख अभय मल्ल (ने. सं. ३३६-३७५) को पालाको हो । यिनको लामो राज्यकाल आन्तरिक कलह, बाह्य आक्रमण तथा प्राकृतिक विपत्ति (भूकम्प, अनिकाल, महामारी) आदिले भयङ्कर रूपमा (बारम्बार) आक्रान्त हुन पुगेको थियो; धनजनको ठूलो विनाश भएको थियो; अनेक देवल घरहरू सखाप भए र अन्तमा ने. सं. ३७५ (आषाढ शुक्ल तृतीया, सोमबार) मा गएको भयङ्कर विनाशकारी भूकम्पमा परेर तीन भागमा एक भाग प्रजासहित स्वयं उनको पनि मृत्यु भएको थियो । तात्कालिक ऐतिहासिक सामग्रीका आधारमा उक्त कुराहरू ज्ञात हुन्छ ।[३०]

यस ढुङ्गा वा पत्रको दोश्रो पंक्तिको बीचका तीन (?) अक्षर कुँदिएको पाप्रो चोइटिइसकेको हुँदा अभिलेखमा बाँच्न खोजिएका कुराहरू बुझ्न गाह्रो परेको छ । तथापि अभय मल्लको तात्कालिक अशान्त राज्यकालका अति अप्रीय विनाशकारी घटनाहरू तर्फ दृष्टिगत गरी यस अभिलेखका पढ्न सकिने जति अक्षरहरू बाँच्दा पूर्वकालमै स्थापित कुनै वास्तु-कृति (जलद्रोणी ? वा मूर्तिसहितको मन्दिर ?) भत्के बिग्रेको हुँदा (भूकम्पका कारण ?) त्यसको पुनः संस्कार वा जीर्णोद्धार गरी सोही अवसरमा यो ढुङ्गे शिलापत्र राख्न लगाएको अनुमान हुन्छ ।[३१]

## सिद्धपोखरीको अनर्घमल्ल देवको पालाको शिलापत्र (चित्र संख्या ६)

भक्तपुरको मूलनगरबस्ती बाहिर पश्चिमपट्टि चारै दिशामा पाटी सहितको प्रवेशद्वार भएको भव्य एवं विशाल रूपको पोखरी सिद्धपोखरी हो । यस पोखरीको पूर्वी घाटमा केही देवमूर्तिहरू, चैत्य तथा लस्करै स्थापित तीन शिवलिङ्गहरू सहित बसाहा पनि देखापर्छन् । शिवलिङ्गतर्फ सम्मुख (पूर्वाभिमुख) सो बसाहाको पार्श्व पट्टि लाम्चो परेको एउटा ढुङ्गे पत्र उर्ध्वभिमुख छ । यस घाटमा अन्य सामान्य ढुङ्गा सरह छापिन पुगेको त्यस ढुङ्गे पत्रमा यस्तो अभिलेख (प्रचलित नेपाल लिपि) कुँदिएको छ–

१. (श्रेयोस्तु) सम्वत् ३६४[३२] व्वैशाखशुदि ४ राजाधेराजप्रमेश्वरे

२. अणर्घमालदेवय विजयराजे ताडाराग क्षेत्रकृते

अहिलेको सिद्धपोखरी क्षेत्र लिच्छविकालदेखि नै धार्मिक स्थलको रूपमा रहँदै आएको दृष्टिगोचर हुन्छ ।[३३]

---

३०. यो ढुङ्गेपत्र पनि आफ्नो मूलस्थानबाट कारणवश (भूकम्प, जीर्णोद्धार आदि) इतिहासको कालक्रममा यत्रतत्र विचलित हुन पुगे तापनि मूलस्थानपरिसर (भक्तपुर राजदरबार) बाट चाहिँ अन्यत्र स्थानान्तरित भइसकेको छैन भन्ने कुराको आभास हुन्छ ।

३१. योगेशराजद्वारा पासूका, वर्ष ३ अंक ४ (पौष, ०५५) को पृष्ठ ५ मा पहिलोपल्ट यो अभिलेख छापिएको छ । यहाँ प्रस्तुत पाठ मूलबाटै पढी दिइएको छ । यस कार्यमा पनि श्री योगेशराज र श्यामसुन्दर राजवंशीज्यूले सहयोग गर्नुभएको थियो ।

३२. यहाँ कुँदिएको '४' अङ्कको तलतिरको भाग केही अस्पष्ट (कालक्रमले घामपानी+अनगिन्ति पाइलाहरूले कुल्चिएर खिइएका हुँदा) देखिन्छ । तर यो अङ्क '४' नै हो भन्ने कुराको प्रामाणिक पुष्टि यसै पंक्तिको 'व्वैशााख शुदि पछिको '४' अङ्कबाट पनि मिल्छ । स्पष्ट रूपले देखिने वा पढ्न सकिने तिथिको यो अङ्क र संवत्को अङ्कको माथिल्लो भाग दुरूस्त मिल्छ । यताबाट यहाँ दिइएको संवत् '३६४' नै हो भन्ने कुरामा सन्देह छैन ।

३३. हिरण्याक्ष नाम गरेका विशाल दैत्यले पृथ्वीमातालाई समुद्रमा लिएर गएपछि सारा संसारमा जुन त्राही मच्चियो, त्यसबाट मुक्त गरी दैत्यलाई मार्न भगवान विष्णुले वराह अवतार लिएको पौराणिक कथा प्रचलित छ । सोही कथा अनुरूपको वराहको एउटा प्राचीन प्रस्तर मूर्ति (मथुरा कुषाणकालीन) सिद्धपोखरीको पूर्वीघाटमा छ । यस मूर्तिमा देखा पर्ने प्राचीन लक्षण, शैली आदिका आधारमा हालसम्मन् प्राप्त वराहका प्राचीन मूर्तिहरूमध्ये यो नै नेपालको सर्वप्राचीन वरामूर्तिको रूपमा (इसवीको चौथो शताब्दीको अन्तिम चरणतिरको) देखापर्न आएको छ । यसरी यस पोखरीमा सो प्राचीन मूर्ति रहेको आधारमा यो क्षेत्र प्राचीनकालमा विशेषगरी वैष्णव सम्प्रदाय- प्रभावित धार्मिक स्थलको रूपमा रहेको विदित हुन्छ ।
डा. पुरूषोत्तम लोचन श्रेष्ठ– सिद्धपोखरी एक ऐतिहासिक विश्लेषण, भक्तपुर, भक्तपुर नगरपालिका, वि.सं २०५६, पृ. १५-१६ ।

मध्यकालको पूर्वार्द्धमा आइपुग्दा यसै स्थलमा तात्कालिक युवराज महेन्द्रदेव (इन्द्रदेव)[३४] ले यो ठूलो पोखरी खनाए; पोखरी तयार भएपछि त्यसको नाम 'महेन्द्रसर' (महेन्द्र सरोवर) राखे; ने. सं. २३९ (वि.सं. ११७६) बैशाख शुक्ल पूर्णिमाको दिन यस पोखरीको प्रतिष्ठा गरिएको थियो; यसको अर्को नाम 'मदनसरोवर' भन्ने रहेको थियो। यी कुराहरू गोपालराज वंशावलीका निम्न पत्रहरूबाट ज्ञात हुन्छ।[३५]

"जौराज श्री महेन्द्रदेवेन योद्यम्वृहत् पुष्करणी खनित्वा ॥ पूर्व्वकर्षक पन, दम्मार्धः ॥ स पुष्करणी खनिते च दम्मेकेक पन देयम् सम्पूर्ण कृतम् महेन्द्रसरो नामदेयम्, तस्य सम्वच्छरो नव तृयः सदद्वयम माधवशुचिपूर्ण्णमी। तस्या द्विनामः मदनरेसा कृता ॥"

(२४ ख, पत्र)

(युवराज श्रीमहेन्द्रदेवले योद्यंमा ठूलो पोखरी खनाए। पहिले खेतिवालहरूले द्रम्मको आधा पण (दस्तुर) तिर्नुपर्थ्यो। सो पोखरी खन्दाखेरि एक एक द्रम्म पणं (दस्तुर) तिनुपर्थ्यो। पोखरी तयार भएपछि त्यसको नाम 'महेन्द्रसर' भन्ने राखियो। नेपालसंवत् २३९ (वि.सं. ११७६) बैशाख शुक्ल पूर्णिमामा सो पोखरी बनाई सकियो। त्यस पोखरीको अर्को नाम 'मदनसर' भन्ने रहेको थियो।)

(अनुदित पृष्ठ ८०)

"...श्रीसीहदेव परमेश्वरस्य पुत्र श्री महेन्द्रदेवस्य जातः ॥ धनेस्वयं दातार महाभोगवान् युवराजमिति ॥ तस्य कृतम् मदनसरवरम् सम्वत् २३९ वेशाषपूर्ण्णमी प्रतिष्ठा कृतम् दिन प्रति दम्मेकेक, वनि देयम् ॥"

(३१, 'क' पत्र)

(...श्री सिंहदेव परमेश्वरका छोरा श्री महेन्द्रदेवको जन्म भयो। खूप धनदान दिने, ठूलो मोजमज्जा गर्ने युवराज हुन्। तिनले 'मदनसरोवर' बनाएका हुन्। ने. सं २३९ (वि. सं ११७५) बैशाख पूर्णिमाको दिन त्यसको प्रतिष्ठा गरियो। (त्यो पोखरी बनाइँदा) प्रतिदिन एक एक द्रम्म बलि (कर=रकम) तिर्नुपरेको थियो।...)

(अनुदित पृ. ८७)

सिद्धपोखरी भक्तपुर नगरको पश्चिममा, वरपरका जग्गाभन्दा उच्च भागमा बनेको छ। यसरी यही कुरा बुझाउन (महेन्द्रदेवले पश्चिम वेदी वा उच्च भागमा ठूलो पोखरी खनाए) गोपालराजवंशावलीका संग्रहकर्ता वा रचयिताले 'योद्यं'[३६] लेखेका हुन् भन्ने कुरा बुझिन्छ।[३७] त्यस्तै तात्कालिक समयमा बनेको यो उपत्यकाको सबैभन्दा ठूलो पोखरी थियो। यसो हुँदा यस पोखरीलाई गोपालराजवंशावलीकारले 'वृहत पुष्करणी' भनेका हुन्। यहाँनिर विचारणीय कुरो के छ भने अहिले पनि नेवार लोकजीवनमा यस पोखरीको 'तव पुखु' वा 'तः पुखु' (ठूलो पोखरी) नाम निकै प्रचलित र प्रसिद्ध छ।[३८] यसप्रकार

---

३४. यस बखत शिवदेव वा सिंहदेव शासन गर्दै थिए। महेन्द्रदेव वा इन्द्रदेव उनकै पुत्र हुन्। भक्तपुरमा त्रिपुर राजकुल सहितको राजधानी बसाल्ने राजा आनन्ददेव लगायत रूद्रदेव अमृतदेवहरू महेन्द्रदेवकै भाइहरू हुन्।

३५. वज्राचार्य, मल्ल (ई. सं १९८५)

३६. कमलप्रकाश मल्लले यसको अंग्रेजी अनुवाद 'Western Terrace' गरेका छन्।
(दि गोपालराजवंशावली, (ई. सं. १९८५), अंग्रेजी अनुवाद भाग, २४ पत्र, पृ. १२७)

३७. तात्कालिक समयमा महेन्द्रदेव र उनका भाइ आनन्ददेवहरू शक्तिशाली युवराजका हैसियतले भक्तपुरमा बसी यस नगरको सुधार एवं निर्माण कार्यतर्फ (भक्तपुरलाई राजधानी नगरको रूपमा प्रतिष्ठा गर्न) अग्रसर भइरहेका थिए; त्यसैको एक श्रृजनात्मक उपज-अंश यो सुन्दर, विशाल र रमणीय पोखरी पनि हो भन्ने आभास हुन्छ। त्यसतै '२४ पत्र' का उक्त पंक्तिहरू लेख्न बस्दा गोपालराजवंशावलीकार भक्तपुरमै बसी लेखिरहेका थिए भन्ने झझल्को मिल्छ।

३८. उपत्यकाको तात्कालिक मल्लकालीन लोकजीवनमा पनि यही नाम 'तवपुषु' बढ्ता प्रचारमा रहेको ज्ञात हुन्छ। (श्रेष्ठ, २०५६, पृ. ११, ४८)

आकार प्रकारले यसै ठूलोपन-विशेषताका आधारमा 'वृहत पुष्करणी' वा नेवारीरूपको 'त पुखु' नाम यस पोखरीले पाएको जानिन्छ ।

यस पोखरीलाई बुझाउने प्रचलित अनेक नामहरूमध्ये[३९] आरम्भका 'इन्द्र सरोवर' वा 'इन्द्र दह' वा 'यांकीदह' नाम अद्यापि यहाँको लोकजीवनमा प्रचलित रहँदै आएको छ ।[४०]

सिद्धपोखरीको निर्माण एवं प्रतिष्ठाको साथसाथै यसको धार्मिक साँस्कृतिक महत्त्व पनि बढ्दै गएको बुझिन्छ । दशैंपर्वताका नवरात्र स्नान गर्ने नौवटा प्रमुख तीर्थस्थलहरूमध्ये छैटौं तीर्थस्थलको रूपमा (नवदुर्गामध्ये छैटौं मातृका इन्द्रायणी सिद्ध हुने परम्परागत चलन मान्यताका आधारमा) यो प्रसिद्ध छ । त्यस्तै प्रत्येक वर्ष इन्द्रजात्राताका (यंद्या पुन्ही) यस पोखरीमा मेला लाग्छ । त्यसबेला (भाद्र चतुर्दशी) खौमाटोलस्थित इन्द्रायणी देवीको खटजात्रा गरी यसै पोखरीको पश्चिम पट्टिको प्रवेशद्वारबाट भित्र्याई तान्त्रिकविधिपूर्वक पूजा भोगबलि चढाइन्छ ।[४१]

यसप्रकार गोपालराजबंशावलीका माथि उल्लेखित् '२४' '३१' पत्रका उद्धरणहरूको वैज्ञानिक पुष्टि यस विषयका अन्य प्रमाणहरूबाट पनि मिल्न आएको हुँदा ने. सं. २३९ मा महेन्द्रदेव वा इन्द्रदेवले सिद्ध पोखरी बनाएका हुन् भन्ने कुरा प्रमाणित हुन्छ ।

सिद्धपोखरी कसले र कहिले बनाएका हुन् भन्ने बारेमा यदि पूर्व प्रामाणिक जानकारी छैन भने माथि प्रस्तुत ने. सं. ३६४ को अभिलेखमा उल्लेखित 'ताडाराग क्षेत्र कृते' कै आधारमा मात्र व्याख्या गर्दा भ्रम पर्न सक्ने हुँदा (अनर्घमल्लदेव कै पालामा सिद्धपोखरी निर्माण भएको हो ?) प्रसङ्गवश सर्वप्रथम यहाँमाथि यस अघिको पूर्व-प्रामाणिक व्याख्या वा विवरण दिनुपरेको हो ।

राजा अनर्घमल्लदेवको राज्यकालमा, ने. सं. ३६४ (वि. सं. १३०१) बैशाख शुदि ४ को दिनमा तलाउ क्षेत्र[४२] निर्धारित गरिएको कुरा यस शिलापत्रबाट थाहा हुन्छ । तर यो कार्य पोखरी निर्माणको १२५ वर्षपछि मात्र यस वर्षमा (ने. सं. ३६४) नै किन गरियो, विचारणीय छ । त्यस्तै ने. सं. ३३६-३७५ सम्मन् राजा अभय मल्लको शासन चलिरहेको कुरा यस विषयका ऐतिहासिक सामग्रीका आधारमा देखिन आएको परिप्रेक्षमा ने. सं. ३६४ को यस शिलापत्रका आधारमा अनर्घमल्लदेव पनि राजाका रूपमा (भक्तपुरबाट) शासन गर्दै थिए भन्ने कुरा देखिन आएको छ । यो पनि विचारणीय छ ।

राजा अभय मल्लको राज्यकाल आन्तरिक कलह,बाह्य आक्रमण एवं प्राकृतिक विपत्ति आदिले भयङ्कर रूपमा आक्रान्त हुन पुगेको थियो भन्ने विषयमा माथि पनि चर्चा भइसकेको छ । केन्द्र (उपत्यका) मा आएको राजनैतिक कमजोरीका कारण एकातिर वरपरका स्थानीय सामन्त शासकहरू शक्तिशाली हुँदै आएका थिए; बेलाबखतमा केन्द्रविरूद्ध विद्रोह गर्ने चेष्टा पनि गर्दथे । अर्कोतिर विक्रमको बाऱ्हौ शताब्दीको शुरूतिर र मध्यतिर स्वतन्त्र

३९. वृहत पुष्करणी तः पुखु, सिद्धपुखु, सिद्ध तलाउ, सिद्धपोखरी ।

४०. सिद्धपोखरीको पूर्वाघाटमा देवमूर्तिहरू स्थापित लहरमा एउटा (४९ अंगुल लामो, २० अंगुल चौडा) शिलापत्र पनि छ । (चित्र संख्या ७) तर यसमा कुँदिएका अक्षरहरू पढ्नै नसकिने गरी खिइसकेका छन् । यसको शीर्षभागको बीचमा कमलको फूल, दायाँ-शंख र बायाँ गदा अंकित चिन्हरू छन् । स्थानीय बुढापाकाहरूका अनुसार यसै पोखरीसित सम्वद्ध उक्त शिलापत्रमा पनि 'इन्द्रसरोवार' उल्लेख भएको छ । यस आधारमा यो शिलापत्र पोखरीको प्रतिष्ठा गर्दा राख्न लगाएको अनुमान हुन्छ ।

४१. श्रेष्ठ, वि.सं. २०५६, पृ. ४३, ४५

४२. 'ताडाराग> तडाग> तलाउ
(योगशराज, पूर्वोक्त, पृ. ५)

राज्यका रूपमा खडा हुन पुगेका खस तथा डोय राज्यहरूले[४३] सैनिक शक्ति सुदृढ पार्दै केन्द्रमाथि बारम्बार भयङ्कर आक्रमणहरू थालिसकेका थिए ।[४४] यसप्रकार अनेकपल्ट भएका बाह्य आक्रमणहरूमध्ये एउटा भयङ्कर आक्रमण ने. सं. ३६४ (वि.सं. १३०१) मा भएको थियो ।[४५] डोय राजा रामसिंह स्वयंले आफ्नो फौजको नेतृत्व गरी लड्न आएको यस आक्रमणबारे विवरण दिने क्रममा गोपालराज वंशावलीको ३६ पत्रमा[४६] पनि अनर्घमल्लदेवलाई 'राजा' भनिएको छ । यसप्रकार यिनका बारेमा जान्न सकिने हालसम्मनका उपलब्ध यी दुइवटै ऐतिहासिक सामग्रीमा यिनलाई राजा भनिएको तथा शिलाभिलेख प्रमाण पनि भक्तपुरमै (सिद्धपोखरी) पाइएको हुँदा (र तात्कालिक संकटग्रस्त अवस्थातर्फ पनि विचार गर्दा)[४७] त्यसबखत यिनी शक्तिशाली राजाका रूपमा भक्तपुरमा राज्य गर्दै थिए भन्ने कुरा ज्ञात हुन्छ ।

सिद्धपोखरीको क्षेत्र बनाउने कार्य[४८] सम्पन्न भएको एक महिना पनि बित्न नपाउँदै डोयहरूले नेपाल उपत्यकामा आक्रमण गरेका थिए । त्यस्को प्रत्याक्रमण राजा अनर्घमल्लदेवले चोछेँ (भक्तपुरको चोछेँटोल) का आफ्ना भारदार जगतब्रम्हसित मिलेर गरेका थिए । त्यस युद्धमा धेरै मानिस काटिए; अन्तमा जीत अनर्घमल्लदेवकै भयो । राजा रामसिंह हारेर फर्के); त्यस खुशियालीमा जात्रा गरी उनी आफ्नो राज्य भक्तपुरमा फर्के ।

यस प्रकार यस पोखरीको साथै तात्कालिक भक्तपुरका राजा अनर्घमल्लदेवका बारेमा केही महत्त्वपूर्ण कुरा जान्न उपयोगी यस शिलापत्रमाथि प्रत्येक दिन कैयौंले कुल्चने गर्छन् । यसो हुँदा यसका अक्षरहरू खिइँदै गइरहेका छन् ।

**<u>भक्तपुर राजदरवारस्थित रामेश्वर+जगन्नाथ मन्दिरको सिँढीमा खुड्किलोको रूपमा छापिन पुगेको यक्ष मल्लको पालाका दुई पत्रहरू (चित्रसंख्या ८)</u>**

भक्तपुर राजदरबारस्थित चारधामका मन्दिरमध्ये रामेश्वर+ जगन्नाथ मन्दिरको सिँढीमा खुड्किलाका रूपमा दुईवटा ढुङ्गे पत्रहरू पनि पाइला टेक्न, हिँड्नका लागि छापिएका छन् । यसरी छाप्ने क्रममा अभिलेखका केही भाग पनि भित्रै छोपिन पुगेको छ भने देखिने जति भागका केही अक्षरहरू खिइसकेका, फुटिसकेका छन् । यसका पढ्न सकिने जति भाग पूर्णिमा ७४ अङ्कमा प्रकाशित छ । सोही पाठ यहाँ प्रस्तुत गरिन्छ[४९]–

<u>उत्तराभिमुख पहिलो खुड्किलोका मूलपाठ</u>

<u>(चित्र संख्या ८ 'क')</u>

१. गुरौ ॥

२. (ल) क्ष्म्याः दिवंगते ॥

शुभ ॥

३. (ॐ अद्य श्वेतव) राहकल्पे वैवश्वत मन्वन्तरे

---

४३. धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, <u>नुवाकोटको ऐतिहासिक रूपरेखा</u>, कीर्तिपुर, नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३२, पृ. २२

४४. गोपालराजवंशावलीका अनेक पत्रमा उल्लेखित आक्रमणका घटना-विवरण उदाहरण स्वरूप छन् ।

४५. नेपाल उपत्यकामा डोयहरूको पहिलो आक्रमण ने. सं. २३१ मा, दोश्रो आक्रमण ने. सं. ३४४ मा र यो चाहिँ तेश्रो पटक भएको आक्रमण थियो (प्रमाण-गो. बं, का ३२-३३, ३४ र ३६-३७ पत्रहरू)

४६. "सं ३६४ जेष्ठकृष्ण प्रतिपदा खंडाधार गुंस डोय लासन वल्यम् धान्ह याङ तलम्वण्ड डयङा द्वल आहु रामसिंह राजास कटकः चोछें जगतव्रम भाटो धान्हस डव । लिज जय जुव जात्रा याङ लास्यं वया राजा श्री अनर्घमलदेवस ॥"

४७. अनर्घमल्लदेव अभयमल्लका भाइ हुन् कि त भन्ने अनुमान हुन्छ । तात्कालिक अशान्त अवस्थाका कारण सबैतिर ध्यान पुऱ्याउन, व्यवस्था मिलाउन कान्तिपुर ललितपुरबाट अभयमल्ल र भक्तपुरमा अनर्घमल्लले राज्य गरिरहेको अनुमान हुन्छ ।

४८. पोखरीको सुरक्षाका लागि यस्तो कार्य गरिएको हुनुपर्छ ।

४९. महेशराज पन्त 'यक्ष मल्लका अहिलेसम्म प्रकाशमा नआएका दुइवटा शिलालेख' पूर्णिमा, ७४ अङ्क, आश्विन, वि.सं. २०४५, पृ. ३, ४

कलियुगे, भरतखण्डे जम्बूदीपे हिमवन्तपादे श्रीनेपालमण्डले श्री-

४. --भूमिमुखजलधारां भूपाते--लविद्याकृतिना विनिर्गत दक्षिणमुखजल-नालिकां----

५. लोके संप्राप्ता भवतु तेन पुण्येन पुत्रपौत्रसंततिसंतानमायुरारोग्यमैश्वर्य---महाराजस

**पूर्वाभिमुख तेश्रो खुड्किलोको मूलपाठ**

**(चित्र ८ 'ख')**

१. ... विभौ व ॥ अद्य कार्तिक मासे कृष्णपक्षे अमावास्यान्तिथौ .. नक्षेत्रे पुण्ययोगे शनिचरवासरे..राशिगते सवितरि..राशिगते चन्द्रमसि...चा

२. (ल) क्ष्मीनाम्नै तस्यै उदेशनार्थ श्री श्री जयय क्षमल्लदेवप्रभु....दि..त....जल..तां...........दिवंगत.......

३. पक्षे दिन कोन्हु यिति प्रतिष्ठा याङा ॥ संवत् ५७१........ ि.....................................

यी दुई ढुङ्गामा एउटै अभिलेखका विवरण परेका छन् । दिवंगत कुनै स्त्रीको उद्वारका लागि ने. सं. ५७१ (वि.सं. १५०८) मा धारा प्रतिष्ठा गरेको र यस कार्यमा (उद्वारकार्यमा) राजा यक्ष मल्लको हात रहेको थियो भन्ने बुझिन्छ ।[५०]

**तुलाछेँटोलको त्रिपुरसुन्दरी देवगृहको उत्तराभिमुख पाटी सामुन्नेको बाटोको दक्षिण किनारामा भुईमा धसिएर रहेको पत्र (चित्र संख्या ९)**

त्यस अवस्थाको यस ढुङ्गे पत्रमा अहिले देखिने वा पढ्न सकिने जति भाग यस्तो छ-

१.......संङाच्छेया, चिकुटिन दयका शुभं ॥

यस ढुङ्गे पत्रको अभिलेख कुँदिएको भागमाथि कलात्मक सुन्दर बुँट्टाहरू कुँदिएकाले आकर्षक देखिन्छ । यो कुनै सुन्दर वास्तु कृतिको विच्छिन्न हुन पुगेको भाग हो । 'संङाच्छे' टोलको नाम हो र यस टोलका चिकुटि राजा जितामित्र मल्लका पालाका एक प्रभावशाली भारदार हुन् । यो कुरा तात्कालिक ऐतिहासिक सामग्रीका आधारमा थाहा पाइन्छ । यस अभिलेखमा चिकुटिले के बनाएका हुन् भन्ने कुरा खुलेको छैन; यो कुरा खुलाउनका लागि सो ढुङ्गे पत्रको जम्मै भाग खोतलेर बाहिर निकालेपछि मात्र थाहा हुन सक्छ ।

**भक्तपुर राजदरवारस्थित सैनिक क्वार्टरको सिँढीमा खुड्किलोको रूपमा छापिन पुगेको भूपतीन्द्र मल्लको पालाको पाँचतल्ले मन्दिरको प्रतिष्ठा सम्बन्धी पत्र (चित्र संख्या १०)**

भक्तपुर राजदरबारको मूलचोक बाहिर उत्तर-पूर्वमा यस दरबारको सुरक्षार्थ खटाइएका सैनिकहरू बस्नका लागि बनाइएको 'सैनिक क्वार्टर छ । सो क्वार्टरमा पुग्नका लागि एउटा दक्षिणाभिमुख सिँढी पनि बनेको छ । सोही सिँढी बनाउँदा निम्नलिखित कुरा कुँदिएको यो ढुङ्गेपत्र त्यसरी खुड्किलोको रूपमा छापिन पुगेको छ–

**मूलपाठ**

१. ङातापोलल प्रतिष्ठा) ..............

२. सं. ८२२ आ (षाढ)..................

राजा भूपतीन्द्र मल्लले ने. सं. ८२२ (वि.सं १७५९) आषाढ शुदि १ मा 'ङातापोल देग' (पाँचतले मन्दिर) बनाई प्रतिष्ठा गरेका थिए भन्ने कुरा यस विषयका अन्य प्रमाणहरूको आधारमा थाहा पाइन्छ । तर यस विषयमा प्रकाश पार्ने यो पहिलो शिलाभिलेख प्रमाण हो ।[५१]

असुरक्षित यी पत्रहरू प्रकाशमा आइसकेको हुँदा तीनमा बाँचिएका इतिहासका अनेक पक्षहरू पनि वैज्ञानिक दृष्टिले सुरक्षित हुन पुगेका छन् । तर हजारौंले टेक्दै (हिँड्दै) कुल्चिएका यी पत्रहरूको पुरातात्त्विक महत्त्व सदाकाल

---

५०. सोही, पृ. ४

५१. यस्तै एउटा अर्को ढुङ्गा केही वर्ष पहिले योगेशराजज्यूले लुँहिटी चोकमा फेला पार्नु भएको थियो । सो ढुङ्गामा १ पंक्तिको 'ङातापोलदाङास ८२२ आषाढ' कुँदिएको थियो । सुथां अभिलेख प्रकाश (ने. सं. ११११९), पृ. १२, (संख्या २१) मा यो छापिएको छ । तर यो ढुङ्गा अहिले त्यस ठाउँमा छैन; हराइसकेको छ ।

रहनुपर्ने (दृष्यात्मक-प्रमाण) हुँदा विलुप्त हुने अवस्थामा पुगिसकेका यसता ऐतिहासिक महत्त्वका पुरातात्त्विक-अवशेष-प्रमाणहरूलाई सुरक्षित गरी राख्नु अत्यन्तै हतार भइसकेको छ ।

ऐतिहासिक पुरातात्त्विक महत्त्वका सम्पदाहरूको मूल महत्त्व मूलस्थानमा रहँदा जति हुन्छ; त्यति नै विचलन पश्चात रहँदैन । तथापि अधिकांश 'कुल्चिएका पत्रहरू' आफ्नो आदिस्थानबाट कालक्रमले स्थानान्तरित भइसकेको सन्दर्भमा हाल अवस्थित रहन पुगेको स्थान नै अन्तिम मूल स्थानको रूपमा देखापर्न आएका छन् । तर असुरक्षित अवस्थामा रहेका यस्ता सामग्री वा सम्पदालाई अन्यत्र जुनसुकै सुरक्षित स्थानमा सारेर राख्दा पूर्व मूलस्थान+अत्यावश्यक विवरण सहित राख्नु पनि नितान्त आवश्यक छ; होइन भने त्यताबाट अनेक गलत व्याख्या, भ्रम आदि अनेक दुष्परिणाम भोग्नुपर्ने हुन्छ ।



**चित्र संख्या १**

अवशिष्ट रूपका कलाकृतिले थिचिएर लम्पसार अवस्थामा रहेको शिवदेव अंशुवर्माको शिलापत्र। हालको अन्तिम मूलस्थान– तलेजु मूलचोक बाहिरको पेटीमा



**चित्र संख्या २ 'क'**

भैरवमन्दिरको दक्षिण पट्टिको चोकमा रहेको यस ढुङ्गे जलपात्रको पार्श्वभागमा ३ पंक्तिको (सं. ८८ को) अभिलेख पनि देखापर्छ।



**चित्र संख्या ३**

सुकुलढोकाको उत्तरलिच्छविकालीन खण्डित रूपको यो शिलापत्र उहिले 'शैलद्रोणी' कै एक पवित्र भाग थियो; अहिले अनगिन्ति पाइलाहरू प्रत्येक दिन यसमाथि बज्रन्छन्।

**चित्र संख्या ४**

भैरवमन्दिरको दक्षिणपट्टिको चोकमा रहेको यस इनारमा पानी लिनको निमित्त पाइला टेक्न राखिएको पहिलेको निर्भयदेवको पालाको पत्र कता पुग्यो; थाहा भएन, तर त्यस स्थानमा अर्को पत्रले स्थान पाइसकेको छ । इनारको पछाडि बायाँतिर लिच्छविकालीन उमा-महेश्वरको प्रस्तर मूर्ति ।





**चित्र संख्या ५**

जगन्नाथ मन्दिरको पेटीमा छापिन पुगेको अभय मल्लको पालाको यो ढुङ्गे पत्रका शुरूका केही अक्षरहरु फुटेका छन्; बीचको पाप्रो पनि उप्किसकेको छ ।

**चित्र संख्या ६**

सिद्धपोखरीको पूर्वाघाटमा छापिन पुगेको अनर्घमल्लदेवको पालाको यस पत्रमाथि अहिले असंख्य पाइलाहरू प्रत्येक दिन कुल्चिने गर्छन् ।





**चित्र संख्या ८ 'क'** रामेश्वर + जगन्नाथ मन्दिरको उत्तराभिमुख सिँढीको 'पहिलो खुड्किलो' हुनपुगेको ढुङ्गेपत्र, अक्षरहरू फुटेका र खिइसकेका छन् ।



**चित्र संख्या ८ 'ख'**
पूर्वाभिमुख सिँढीको 'तेश्रो खुड्किलो' हुनपुगेको ढुङ्गेपत्र, यी दुवै पत्रहरू एउटै अभिलेखका हुन् ।



**चित्र संख्या ९** कुनै सुन्दर वास्तुकृति बनाउँदा राखिएको यो अभिलेख सहितको भाग भताभुङ्ग अवस्थामा भुईमा धसिएर रहेको छ ।



**चित्र संख्या १० 'क'** पहिलो खुड्किलोको रूपमा प्रयुक्त भूपतीन्द्र मल्लको पालाको पत्र, विश्वप्रसिद्ध पाँचतले मन्दिरको इतिहास बाँचिरहेको यो पहिलो शिलाभिलेख-प्रमाण यसै स्थानमा रहिरहने हो भने भोलि त्यो पुरातात्विक सम्पदालाई यस चित्रमा मात्र हेरेर चित्त बुझाउनु पर्ने हुन्छ ।

# मकवानपुर राज्य

–डा. राजाराम सुवेदी

नेपाल अधिराज्यको नारायणी अञ्चलमा पर्ने मकवानपुर जिल्ला एक ऐतिहासिक महत्त्वले भरिपूर्ण क्षेत्र हो । नेपालको एकीकरण पूर्व मकवानपुर एउटा स्वतन्त्र र प्रख्यात सेन राज्यका रूपमा चिनिन्थ्यो । बडामहाराज श्री ५ पृथ्वीनारायण शाहको राज्यकालमा त्यो सेन राज्य वृहत नेपालको अङ्ग बनेको हो । त्यसपूर्व कर्णाली प्रश्रवण क्षेत्रका बाइसी, गण्डकी प्रश्रवण क्षेत्रका चौबीसी झैं मकवानपुर पनि पूर्वका तीनवटा सेन राज्यमध्ये एउटामा पर्थ्यो । पूर्वका तीनवटा सेन राजाहरूले स्थापना गरेका राज्यहरूमध्ये मकवानपुर राज्य पुरानो हो । सेन राजाहरूको शासन पूर्वकालीन इतिहासबारे हामीलाई आंशिक मात्र जानकारी प्राप्त भएको छ ।

मकवानपुरको प्रागऐतिहासिक उल्लेख स्कन्दपुराणको हिमवत्खण्ड अध्याय ३८ मा गरिएको छ । त्यसको ८२ श्लोकमा सप्तगण्डकी र सप्तकोशीको उत्पत्ति कथा उल्लेख छ ।[1] आर्य सनातन ग्रन्थहरूमा कौशिकी र गण्डकी विषद वर्णन पाइन्छ । यसरी विचार गर्दा यो क्षेत्र आर्यहरूको तपोभूमि सिद्ध हुन्छ । यहाँका दोभान, त्रिवेणी, चौवेणीहरूमा सिद्धजनहरूले कुटिया रचाई वृद्धावस्थामा तपस्या गरी ब्रह्मनालमा पुग्दथे । त्यसका प्रशस्त स्रोत र प्रमाणहरू पुराणमा यत्रतत्र उल्लेखित छन् ।[२] महाभारतको युद्धपूर्व आर्यजाति कौशिकी र गण्डकी क्षेत्र अन्तर्वेदीमा तापस जीवन बिताउँथे । त्यसको आधार स्वरूप यहाँका संस्कृतमूलक नामकरणबाट पनि जानकारी हुन्छ । मकवानपुर क्षेत्रमा पालकालीन शासनको पुष्टी गर्ने प्रत्यक्ष आधार प्राप्त नभए पनि त्यो साम्राज्यको कला र अन्य प्रभाव परेको जानकारी पाइन्छ । पालवंशीय बंगालका राजाहरू शक्तिशाली र कलासाधक पनि हुनाले र समृद्ध राज्य निर्माण गरेका हुनाले युद्धकला, व्यूहकला, दूर्ग र प्रशासनको विकास भएको पाइन्छ । त्यसको प्रभाव वरपरका क्षेत्रमा पनि पर्न जानु स्वभाविकै हुन्छ । मकवानपुर पनि त्यसबाट अछुत थियो भन्न मिल्दैन ।[३]

लिच्छवि शासनको पतनपछि नेपाल मण्डलको शासन चलेको समयमा मकवानपुर क्षेत्रलाई फनपिङ विषयले नियन्त्रण गर्दथ्यो । तर धनवज्र वज्राचार्यले पन्नग विषयले मकवानपुरलाई जनाउने उल्लेख गरे पनि त्यो कुरा भूगोलीय दृष्टिबाट मिल्ने देखिएको छैन ।[४] लिच्छविकालमा मकवानपुर क्षेत्र पूर्णतः केन्द्र शासनभित्र पर्ने कुरा टिष्टुङ पालुङमा प्राप्त लिच्छविकालीन अभिलेखहरूले पुष्टी गरेका छन् ।[५]

मकवानपुरमा सेन वंशीय राजाहरूले शासन गरेको प्रमाणित भएपछि त्यसको वर्णन पूर्व सेनको अर्थ खुलस्त पार्नु पर्ने हुन्छ। सेन शब्द श्रेणिकको पर्याय मानिने र श्रेणिकहरू चोल राजाका भारदारका रूपमा प्रख्यात भएको थाहा हुन्छ। उनै श्रेणिकहरू नै पछि गएर सेन भए भन्ने कुरा सार्वजनिक भइसकेको छ। दक्षिणका चोलवंशीय राजाहरू शक्तिशाली हुँदासम्म श्रेणिकहरू भारदारकारूपमा रहीरहे। चोलहरूको शक्ति घटेको मौकामा श्रेणिकहरू सामन्तकारूपमा व्यवहार गर्न थालिए। चोल राजाहरूले कलिङ्गमाथि विजय गर्दा ती सामन्त श्रेणिकहरू पनि चोलहरूसंगै युद्धमा सहभागी भई उत्तरतिर प्रवेश गरेका थिए। त्यसरी दक्षिणका स्थानीय सामन्तकारूपमा रहेर पनि उत्तरतिर पसेपछि उनीहरूको खानदान बढेकोले शासककारूपमा व्यवहार गर्न थालिए। त्यस्तै क्रमले शताब्दिपछि पूर्णतः राजाकै रूपमा व्यवहार भई श्रेणिकबाट सेन भन्न थालिए। वि.सं १२५८ मा मुसलमानहरूले कलिङ्गको उत्तरी भागमा आक्रमण गरी सेनहरूलाई पराजीत गरे। त्यसरी हारेका सेनहरू ज्यानको माया हुनेहरू पूर्व बंगालतिर लागेर त्यतैतिर बसोबास गर्थे। तर त्यहाँ पनि मुसलमानले आततायी वातावरण ल्याई दिंदा युद्धमा बचेकाहरू आफ्ना दलबलसाथ उत्तरी पहाडतिर पसी सुरक्षा भएको ठाउँ हेरी बसोबास गरे। त्यसै क्रममा उनीहरूले मकवानपुरको गढी पनि निर्माण गरे। त्यसैकालमा हरिहरपुर, सिंधुली, उदयपुर, हतूवा, चौदण्डी, विजयपुर, चतरा जस्ता ठाउँमा पाँजिएका सेनहरूले गढी स्थापना गरे भने पछिकाले त्यस्ता ठाउँलाई समृद्ध पारे।[६]

माथिका कुरामाथि विचार गर्दा बंगाल क्षेत्रका सेनहरू विक्रमको बाऱ्हौ शताब्दीताका मोरङदेखि मकवानपुरको तलहट्टी हुँदै पहाडतिर प्रवेश गरेको देखिन्छ। उनीहरूले त्यतातिर त्यसबेला राज्यको जगेर्ना गर्न सकेको बुझिंदैन। त्यतातिर राज्यको स्थापना वि.सं. १४२१ मा पूर्वी नेपालको मोरङ क्षेत्रमा साङला इङ नामक राजाले कामरूपबाट (असाम) दलबलसाथ आएर राज्य स्थापना गरे। उनी कुचविहारका कोचघरानाका सनातन धर्मावलम्वी राजा थिए। उनका छोरा पुङ्ला इङलाई अमर राया नामले चिनिन थाल्यो। त्यसपछि क्रमशः कीर्तिनारायण राया, अपनारायण राया, जोरनारायण राया, इङ्गिनारायण राया र विजयनारायण राया गरी, ७ पुस्तातकका राजाले वि.सं. १६६६ सम्म राज्य गरेको प्रमाणित हुन्छ।[७] पूर्वी नेपाल पहाड फेदाप थुमका मुखियाहरूलाई सुब्बा भनिने र उनीहरूले मुख्यौली वा हुकुमी शासन चलाउँथे। त्यस समयमा काठमाडौं उपत्यकामा पुरूषार्थी राजा यक्ष मल्लले शासन गरिरहेका थिए। उनी भन्दा पहिल्यै मोरङमा साङलाइङको राज्य स्थापना भइसकेको थियो। साङलाइङले पूर्वी पहाडमा शासन गर्न थालेदेखि किरातहरूलाई खास धक्का परेको थिएन। किनभने किरातहरू पनि कामरूप राम्ररी जान्दथे। किरातहरूको ल्हासा गोत्र र काशी गोत्रले ती दुई प्रख्यात ठाउँसंग दीर्घकालीन सम्बन्ध रहेको स्वतः भन्न सकिन्छ। हिमाली घाँटीको पत्तो लाग्नु पूर्व गिल्गित, अस्काईचिन, काराकुर्रम, हिन्दूकुशको फेरो मारी खैवरघाँटी तरेर कन्धहार (गान्धार) हुँदै, सिन्ध काश्मीर, पञ्जाव, जालन्धर, लखनउ, बस्ती गोरखपुर काशी हुँदै किरातहरू कामरूप परेका र त्यताबाट केही परिवार पूर्वी पहाड पसेको कुरालाई उपर्युक्त गोत्रले संकेत गरेको देखिन्छ। त्यो सबै उहापोह बुद्ध जन्मपूर्व भएको थियो। पूर्वी पहाडमा पसेका किरातहरूले बुद्ध धर्म अङ्गीकार नगरी मुन्धुम शास्त्रका आधारमा दन्तकाली, याशोकेदेवी, सिंहबाहिनी, बुढासुब्बा, पारूहाङ, रक्तकाली, चण्डी, उग्रचण्डी, थोङलुङ = ब्रह्मा, खावालुङ- विष्णु, श्रीलुङ = शिव, पारूहाङ = पार्वतीको स्थापना गरी पूजा परम्परा संचालन गरेका अद्यापि कायम रहेका छन्। विजयनारायण रायाले किरातहरूको मद्दतबाट विजयपुर गढी बनाउन लगाएका थिए। हाल त्यसलाई भतावुङ्गे राजाको दरबार भनिन्छ। त्यसै विजयपुर गढीको नाउँबाट राज्यकै नाउँ विजयपुर रहन गयो। यता पाल्पा र मकवानपुर क्षेत्रमा राजा मुकुन्द सेनले पनि पूर्वतिर राज्य विस्तार गर्दै थिए।[८]

## मकवानपुरको नामकरण

पाल्पाका राजा मुकुन्द सेन प्रथम (वि.सं. १५७५-

१६१०) ले आफ्नो राज्य पूर्वमा दूधकोशीसम्म विस्तार गरेपछि पश्चिम गुल्मीदेखि कोशीसम्म फैलिएको हुँदा त्यस राज्यको बीच भागमा पर्ने मकवानपुरलाई मुकुन्दपुर नामकरण गरी त्यसैलाई आफ्नो राजमुकाम गराई राजधानी घोषित गरेका थिए । तर त्यो कुरा प्राप्त स्रोतले पुष्टी गरेका छैनन् । मकवानपुरलाई उनका छोरा लोहांग सेनले मकवानपुरमाथि विजय गरेको कुरा जानकारी हुन्छ ।[९] त्यसै अभियानमा मुकुन्द सेन पनि साथै थिए र नारायणी नदी नवलपुर गैंडाकोटबाट तरी मकवानपुरको भावर प्रदेश कब्जा गरी बढियानालादेखि कमला नदी बीचमा पर्ने तलहट्टीलाई पनि अधिकार गरेका थिए । त्यसो गर्दा पाल्पाको सीमाना विजयपुर राज्यसंग जोडियो । त्यतिबेलासम्म मुकुन्द सेन जोगी नभई सशक्त शासक हुनाले मकवानपुर क्षेत्र रमणीय लागेकोले एउटा बस्ती वा पुर निर्माण गरी त्यस बस्तीलाई मुकुन्दपुर नामकरण गरी मकवानपुर नामबाट पछि प्रख्यात भएको कुरा इतिहास सम्मत लाग्दछ । वि.सं. १६०५, पछिका ५ वर्षको अन्तरालमा मुकुन्द सेनले पाल्पा राज्यको पूर्वसीमानाको व्यापक विस्तार गरेको देखिन्छ । त्यसै समयमा लोहाङ्ग सेनले विजयपुर राज्यमाथि विजय गरेको देखिन्छ । तर विजयपुरका अन्तिम राजा विजयनारायणको राज्यकाल १६४६-१६६६ वि.सं सम्म रहेको देखिनाले त्यो क्रम बारे टुङ्गो गर्नु पर्ने स्थिति छ । राजा मुकुन्द सेनसंग उनका कान्छा छोरा लोहाङ्ग सेन पूर्वी विजय अभियानमा आएको कुरा स्पष्ट भएको छ ।[१०] त्यसै क्रममा मकवानपुर पहिले दखल भएको थियो भने अझ पूर्वतिर अलि पछि । राजा मुकुन्द सेनले आफ्नो विस्तृत राज्य पश्चिमदेखि पूर्वतर्फका जंगल फडानी गरी बसोबास गराउने क्रममा ठाउँ ठाउँमा मानवीय बस्तीहरू बसालेका थिए । रापती नदीदेखि पूर्व र हेटौंडादेखि उत्तरी क्षेत्रमा पर्ने पहाडी भागमा एउटा नगर या पुर बसाले र त्यसको नाम आफ्नै नामबाट मुकुन्दपुर नामकरण गरे । त्यसै आधारबाट सो ठाउँलाई पछि मकवानपुर भन्न थालियो । मुकुन्दसेनका वंशजलाई मुकुवानी वा मकवानी पनि भन्न थालिएको थाहा पाइन्छ ।[११]

**राजा लोहाङ सेनः (१६१०-१६४२ वि.सं.)**

पाल्पाका राजा मुकुन्द सेनले आफ्नो उत्तरार्द्ध जीवन राजर्षीको रूपमा बिताउन थाले । उनले रिडी, देवघाट, बराह क्षेत्र, हरिहर क्षेत्र जस्ता प्राचीन धार्मिक क्षेत्रहरूमा बस्दै तपस्या गर्दै हिड्ने गर्न थाले । आफू त्यसरी भक्ति भावमा लाग्दा उनले आर्जन गरेको विशाल राज्य उनैका जेठा छोरा माणिक सेन पाल्पा, माहिला विनायक सेन वुटवल, साहिँला भृंगी सेन तनहूँमा कान्छा छोरा लोहाङ सेन मकवानपुरमा, नाति राम सेन रिसिङमा, कुवेर सेन राजपुरमा, खड्ग सेन मदरियामा राजा बनाइएका थिए ।

राजा लोहाङ सेन पुरूषार्थी थिए । आफ्नो बाबुको मृत्युपछि वि.सं १६१० सम्ममा उनी कोशी नदीदेखि पूर्वटिष्टासम्मका शासक भई मकवानपुरबाट शासन गर्न थाले । उनले मकवानपुरलाई वि.सं १६०३ सम्ममा आफ्ना बाबु मुकुन्द सेनसंग मिलेर विजय गरेका थिए । मकवानपुरका राजा भएपछि पूर्व फेदापका किरात चौतारा बाजहाङसंगको संझौता अनुसार वंशानुगत चौतारा हुने परम्पराले पूर्वी नेपालमा राम्रो पकड हुन गएको थियो । त्यस बेला मकवानपुर एक समृद्ध राज्यको रूपमा स्थान पाएको थियो । वि.सं १६१३ मा राजा लोहाङ्ग सेनको धनुषाधाममा एउटा अभिलेख स्थापना गरिएको छ । त्यसबेला उनले वैदिक साहित्यलाई रक्षा गर्न भूमिका खेलेको देखिन्छ ।[१२] त्यसबाट उनी र उनका उत्तराधिकारीहरूले किरात प्रदेशमा अधिकार गरिसकेपछि त्यहाँका गुरू, पुरोहित, ज्योतिष र मठ मन्दिरका पूजारीहरूलाई क्रमशः मन्थली, दाप्चा, नर्मदेश्वर, दिङला, हलेसी, खाँदवारी, अर्खौले, लेगुवा खार्पा, दलगाउँ, साब्ला, साभदिन, रानीगाउँ, सुलुवुङ्ग, नाम्सालिङ, सतासीधाम जस्ता ठाउँमा विर्ता र गुठी स्थापना गरिदिएका प्रमाणहरू प्राप्त भएका छन् । सेन राजाहरूले आफ्नो प्रशासनको मद्दतका निम्ति मन्त्री दिवान चौतरिया र सुब्बा जस्ता पदमा किरातहरूलाई राख्ने र त्यहाँका अरू जातिबीच पनि घनिष्ट समझदारी बढाएका थिए । किरातहरूमा मोरङ क्षेत्रमा विद्याचन्द्र राय, सप्तरीमा चोडवाङहाङ राय, महोत्तरीमा लिवाङहाङ राय, मकवानपुरमा शेरिङहाङ रायलाई अख्तियारी दिई इज्जतसाथ रायसुब्बा भन्न थालियो ।[१३] पूर्निया, सिलीगुढी र गिद्धेपहाडमा पनि किरात सुब्बालाई नै जिम्मा

दिई, पाँच खण्डमा छुटचाई लोहाङसेनले दर्ह्रो प्रशासनको व्यवस्था मिलाए। कोचेराजका पालामा पाँच क्षेत्रका सुब्बाहरू पालैपालो मन्त्री हुने कुरालाई संशोधन गरी लोहाङ सेनले विद्याचन्द्र रायलाई मात्र मन्त्री पद दिने परम्पराको थालनी गरे। ती पाँचवटै क्षेत्रको मालपोत कर चार खण्डमा बाँडी २५% सुब्बाले र ७५% केन्द्रलाई पठाउने नियम बसाले। मन्त्री वा नायक, राया र सुब्बाहरूलाई जागिर स्वरूप जमिन दिने र जागिर छुटेपछि जमिन छुटाउने परम्परा पनि कायम गरिएको थियो।

राजा लोहाङ सेनका ७ वटी रानीहरू थिए। जस्तैः जेठी अनुपावती, माहिली कल्याणमती, साहिँली साहेवदेवी, काहिँली दुलहिनीदेवी, ठाहिँली कोइलीदेवी, ठूलीकान्छी कपूरादेवी र कान्छी गंगादेवी थिए। जेठी रानी अनुपावतीका तर्फबाट राघवनरेन्द्र सेनको जन्म भएको थियो। लोहाङ सेनले आफ्ना छोरालाई राजकाजको तालिम दिलाउन मन्त्री विद्याचन्द्र रायका साथमा पठाई दिएका थिए।[१४] लोहाङ सेनको मृत्यु वि.सं १६४२ मा भएकोले उनका छोरा मकवानपुरको गद्दीमा बसे।

**राजा राघवनरेन्द्र सेनः (१६४२-१७१८)**

आफ्नो बाबुले बनाई दिएको मेलजुलको वातावरण पाएकाले राघवनरेन्द्र सेनले शान्तिपूर्वक शासन गर्न समर्थ रहे। उनी प्रजाका प्रीय बन्न सकेका थिए।

**राजा हरिहरइन्द्र सेन (हरिश्चन्द्र सेन): १७१८-१७४१ वि.सं)**

राजा राघवनरेन्द्र सेनकी रानी दुर्गावती पट्टिबाट हरिहरइन्द्र सेनको जन्म भएको हो। उनले कोशी नदी र भागीरथीको दोभान गोन्धारासम्म आफ्नो राज्य विस्तार गरेका थिए। त्यसैले उनले "हिन्दूपति" भन्ने उपाधि धारण गरेका थिए। उनका छ वटी रानीहरू थिए जस्तैः माहेश्वरपट्टि छत्रपति इन्द्रसेन, यशोधरातर्फ पद्मावती र इन्द्र सेन, सकुन्तलापट्टिका बाशुदेव, महादेवीतिरका शुभसेन, जगन्माताकी राजकुमारी, लक्ष्मीवतीपट्टिबाट प्राणमती र राजमतीको जन्म भएको थियो। राजा हरिहरइन्द्र सेन साँच्चिकै पुरूषार्थी र विजिगिषु भएको देखिन्छ। उनैले हरिहरपुर गढी निर्माण गरेका थिए। उनकी जेठी पत्नी कुचबिहारका राजा बीरनारायण सिंहकी छोरी थिइन्। उनैका अरू छोरीहरू कान्तिपुरका राजा प्रताप मल्लले विवाह गरेकाले फरिया नाता थियो। उनकी जेठी रानीबाट छत्रपति इन्द्रसेनको जन्म भएर पनि एउटा सन्तान भएपछि अल्पायुमा मरे। उनी मरेकाले उनका छोरा विधाताइन्द्र सेनलाई राजा हरिहरइन्द्र सेनले राजा घोषित नगरी अर्की पत्नी महादेवी तर्फका पुत्र शुभ सेनलाई मकवानपुरको उत्तराधिकारी घोषित गरे। उनको त्यो निर्णय नाति विधाताइन्द्र सेनलाई चित्त नबुझेकाले दलबलसाथ लिई विजयपुर क्षेत्र कब्जा गरे। त्यस घटनाले मकवानपुर विभक्त भई कोशी नदीको सीमाना निश्चित हुन गयो।

मकवानपुरका राजा हरिहरइन्द्र सेनले चाहेका भए राज्य विभक्त हुने थिएन तर त्यसबेला एकीकरणको चेतना पल्हाएको थिएन। त्यसको परिणतिले मकवानपुर राज्य टुक्रियो र विजयपुर राज्य स्वतन्त्र अस्तित्वमा आयो। कोशीदेखि टिस्टासम्मको सकल भू-भाग विजयपुर राज्यका नामले नेपालको एकीकरणकालसम्म अस्तित्वमा रहेको थियो। कोशी पूर्वतिर छुट्टै राज्य हुनु राम्रो कुरा थिएन।[१५]

**शुभ सेन (१७४१-१७६३ वि.सं)**

शुभ सेन मकवानपुरमा शौभाग्यले राजा भएका थिए। उनका दाजु छत्रपतिइन्द्र सेनको बाबुसंग खटपट पर्दा पर्दै मरिहालेकाले उनका टुहुरा छोरा विधाताइन्द्र सेनलाई छोडी परलोक भए। उता हरिहरइन्द्र सेनको शेषपछि विधाताइन्द्र सेनले राज्य पाउनुको सट्टामा रानी महादेवी तर्फका छोरा शुभ सेनलाई आफ्नो उत्तराधिकारी बनाई दिए। त्यस कार्यबाट विधाताइन्द्र सेनलाई आफ्नो पक्षमा अविवेक भएको महसुस भएकोले कोशी पूर्वका पल्लो किरातहरूलाई हात लिएर पूर्वी नेपाल कब्जा गरी आफू स्वतन्त्र राजा भएको घोषणा गरे। अब के थियो र शुभ सेनले पनि ललितपुर, भक्तपुर, गोरखा जस्ता राज्यहरूसंग मद्दत लिई मोरङमाथि आक्रमण गरी १७ वटा गाउँ कब्जा गरी मकवानपुरतिर मिलाएका थिए। त्यति भएर पनि त्यस संयुक्त मकवानी सेनाले मोरङ्गमाथि पूरा कब्जा गर्न सकेन।

यसरी मकवानपुर विशाल राज्य रहेन । ती दुवै राज्य मकवानपुर र विजयपुरको प्राकृत सीमाना कोशी नदी कायम हुन गयो । कोशी पूर्व टिष्टा पश्चिमको भाग विजयपुर राज्यको हुन गयो ।[१६]

राजा शुभ सेनले आफ्ना छिमेकी राज्यहरूसंग राम्रो सम्बन्ध कायम गरे । उनी गृह प्रशासनमा पनि दक्ष हुनाले आफ्नो मन्त्रीमा प्रवोध दासलाई प्रमुख बनाएका थिए । आफ्नो भू-भाग विस्तार गर्दै शुभसेन र विधाताइन्द्र सेनले संयुक्तरूपमा गंगा मैदानमा कब्जा गर्नतिर लागे । दूर्भाग्यवश दुवै राजाहरूलाई मुसलमानी सेनाले पक्रेर दिल्ली पुऱ्याई बेपत्ता गराए । त्यो परिस्थितिमा चौतारा प्रवोधदासले शुभ सेनका दुई छोरालाई सुरक्षा दिन महिपति (मान्धाता) र माणिक्य सेनलाई किरात प्रदेश पुऱ्याई राखेका थिए । विजयपुरका राजा र मकवानपुरका राजाहरू मुसलमानी चङ्गुलबाट येनकेन फुत्केर आ-आफ्ना राज्यमा फर्के । त्यस अन्तरालमा विधाताइन्द्र सेनकी रानीले विजयपुर र मकवानपुरको संयुक्त शासन चलाएकी थिइन् । उनको नाउँ राजेश्वरी देवी थियो ।

किराती स्रोतका अनुसार मकवानपुरका राजा शुभाङ्ग सेन (शुभ सेन) का पालामा लखनउका इस्फोरिया नवाव राजाले शुभसेन र विधाताइन्द्र सेनलाई पूर्णिया जिल्लाको सीमानाबारे छलफल गर्न भनी बोलाए । उनीहरू गएपछि दुवैलाई पक्राउ गरी मोरङ र मकवानपुर क्षेत्रमा आक्रमण गर्न मुसलमानी सेना पठाइयो । शौभाग्यवश विजयपुरका चौतरा श्रीकान्त रायलाई मुसलमानीहरूले कडा पहरा नदिएको मौकापारी भाग्दै आफ्नो राज्यमा पुग्ने मौका मिल्यो । त्यसैले मोरङ्गीसेना दश प्रान्तका योद्धाहरू टक्सोगञ्ज (?) मा युद्ध भई किरातको विजय भयो । किरातहरूले पूर्णिया पुगी शुभाङ्ग सेनलाई मुक्त गराए भने पूर्णियाको आम्दानी दश प्रान्तका रायहरूले बाँडेर खाएको वर्णन पाइन्छ । पछि लखनौका मुगल वादशाह अहमद खान र दिल्लीका सम्राट मुहम्मद अजिमले ठूलो सेना पठाउँदा पनि किरातहरूले विजय गरेको वर्णन पाइन्छ ।[१७]

मकवानपुरका राजा शुभ सेन र विजयपुरका राजा विधाताइन्द्र सेनलाई मुसलमानहरूले हरण गरेर लगेपछि शुभ सेनका दुई छोरा जेठा महिपति सेनलाई विजयपुरमा र कान्छा माणिक्य सेनलाई मकवानपुरको राजा बनाई अपहरित राजा विधाताइन्द्र सेनकी रानी राजेश्वरीले केही वर्ष शासन गरेको कुरा माथि उल्लेख गरियो । त्यसै अन्तरालमा १७६३ वि.सं देखि १७७४ सम्म मकवानपुर र विजयपुरको संयुक्त शासन चलाएको जानकारी हुन्छ । अपहरित मकवानी राजा शुभसेन तथा विजयपुरे राजा विधाताइन्द्र सेन मुगलहरूको कैदबाट सम्झौता गरी छुट्न समर्थ भएका थिए । फ्रान्सिली यात्री टेवरनियरको वर्णन अनुसार शुभ सेनले मुगल वादशाहलाई वार्षिक रू. १२००/- तिर्ने कवुलियत गरी सम्झौता गरी छुट्न गए भन्ने जानकारी हुन्छ । पछि सोही मूल्य बराबरको एउटा हात्ति वर्षेनी मकवानपुरबाट पटना पठाउने बन्दोबस्त भएको थियो । वि.सं १८१९ मा बडामहाराज श्री ५ पृथ्वीनारायण शाहले मकवानपुर विजय गरेपछि तलहट्टी (तराई) को समस्या समाधान गर्दा "मालवाजवी" भनी चौध तमसुकको एक हात र १४ हातकै (पुच्छरदेखि नाप्दा) लामो हात्ति बुझाउने प्रचलन अनुसार १८२३ देखि १८२७ सम्मको ५ वर्षसम्मको पाँच हात्ति बुझाएको र पछि १२ हात लामो हात्ति पठाउन थाले । पछि १८३७ मा अंग्रेज गभर्नर हेस्टिङसले आफूलाई मद्दत गरेवापत माफी गरिदिएका थिए ।[१८]

नेपालको इतिहास लेख्ने ह्यामिल्टनले शुभ सेन मुसलमानी पकडबाट फर्केपछि ३१ वर्षसम्म शासन गरेको कुरा उल्लेख गरेका भएपनि प्रमाणित हुन सकेको छैन । हामीमा विदेशीको प्रभाव अनावश्यकरूपमा पर्दा यस्तै धोका हुन्छ ।[१९] किनभने अपहरित राजाहरूको अभावमा रानी पत्नीधाताइन्दु राजेश्वरी देवीले किरात प्रान्तका रायहरूलाई सम्बोधन गरी चेम्जोङ राय, पसेनामा राय, इन्दमा राय, सेवा राय, सुक्मी राय, माजिम् राय, मोआजा राय, गामा राय, साहागं रायलाई मुसलमानी सेना विरूद्ध जाई लाग्ने आह्वान गरी विजयको आशिर्वाद दिइएको थियो । अर्कातिर विचित्रचन्द्र राय मोरङको राजा बन्ने दाउमा लागेको पनि बुझिन्छ ।[२०]

उनको पत्रानुसार २४, ६, ५ थुमका फाकफोक, मिकलुक थुमका योद्धाले मुसलमानलाई जलालगढबाट धपाए । रानीलाई नायब बनाइयो भने १७६३ देखि १७७४ सम्म उनले सफलतापूर्वक मोरङ र मकवानपुरको संयुक्त शासन संचालन गरेकी थिइन् । यसरी विचार गर्दा मुगलहरूले अपहरण गरेका राजाहरू फर्केपछि राजा भएको प्रमाण पाइएका छैनन् । विराट राज्य जिती लिने मोरङहाङका भाई शुभ सेनलाई भनिएको र उनको छोरा हरबाहाङ किरात राय राजाहरूलाई देवअंशी भनी मोरेङेश्वरलाई नै शुभसेन मानी बुढासुब्बा र हरवाहाङलाई हर्भङ भनी देवांश मानी मन्दिर स्थापना गरी किरातहरूले पूजा, बलि गरी आएको कुरा किराती इतिहासबाट बुझिन्छ ।[२१]

**मानिक सेन (१७७४-१७९० वि.सं)**

मकवानपुरका राजाहरूमा विख्यात मानिक सेन मानिन्छन् । उनी शुभ सेनका जेठा छोरा थिएनन् तापनि राजा बन्ने शौभाग्य पाएका थिए । त्यसको कारण विजयपुर राज्यमा शुभसेनका जेठा छोरा महिपति सेनलाई राजा बनाएकाले कान्छा हुँदा पनि मानिक सेनले मकवानपुरको गद्दी पाएका थिए । वि.सं. १७७४ मा मकवानपुरमाथि बाह्य आक्रमण हुन लागेकोमा माघसुदी चतुर्दशीमा देवान शिवसिंह बानिया क्षेत्रीलाई मकवानपुर गढीबाट पत्र लेखेका थिए र त्यो प्रकाशित छ ।[२२] मकवानपुरलाई त्यस समयमा खतरा पर्नु पर्ने खास कुरा आफ्ना बाबुकै पालादेखि मुसलमानी अतिक्रमणलाई संकेत गरेको हुनसक्ने कुरामा स्वतः विचार गर्न सकिन्छ । आफ्नो सेनालाई हरिहरपुर जाने सल्लाह पत्रमा दिनुको हेतु अर्को हुन ज्यादै कम सम्भावना छ ।

राजा मानिक सेनको उल्लेख वि.सं. १७७५ आश्विनसुदी पूर्णिमा आइतवारको अभिलेखमा परेको छ । सो अभिलेख हाल चण्डनीमाइ राखेको ढुँगामा १०.५x२" उक्त अभिलेख उत्कीर्ण गरिएको छ । मकवानपुर जिल्ला हटिया गा.वि.स. वार्ड नं. २ को गुबावारी गाउँमा हेटौडादेखि ८ किलोमिटर पूर्वी पहाडको फेदीमा छ । पहिले मकवानपुर गढीमा सेन राजाका दरबार नजिक रहेकोमा २०१२ सालमा सेन राजाका पूरेत अर्ज्यालहरूले आफ्ना पूर्खाले स्थापना गरेकी देवी भनी गुवावारीमा लगेर पुनस्थापित गरेका थिए । वि.सं २०३९ सालमा तिलकबहादुर बानियाँले देवीस्थानको सफा सुग्घर गर्दा मूर्तिलाई आड लगाएको तल्लो ढुँगामा अक्षरजस्ता देखेर पढेर जानकारी भएको थियो । देवीको मूर्ति २०४१ साल चैत्रमा चोरी भयो र हाल सो अभिलेखको ढुँगो नाङ्गै छ । देवीको मूर्ति सिंहवाहिनी, ४ हातमा आयुधाश्त्र, मुण्डमाला १६x१०" लामा चाक्लो थियो र ती देवीलाई चण्डिनी देवी वा बदीका देवीको मूर्ति पनि भनिन्थ्यो र सो अभिलेखको पाठ "स्वस्ति श्री श्री वदीका क मुर्ती श्रीश्री मानिक सेनक राजे समय महन्ती सकत सिघ बानीयाने थपना कैल श्रीसम्वत् १७७५ साल श्री साके १६४१ आसीनसुदी १५ रोज १ कर नीहार श्री नारायेन हमत्रहः अग्याकारी" सम्वत्मा १ वर्ष अन्तर देखिन्छ ।[२३]

राजा मानिक सेनले मुकुन्द सेनद्वारा निर्मित मकवानपुर गढीको निर्माण गरी मजबुत बनाउनुका साथै हरिहरपुरगढी, सिन्धुली गढी, पौवा गढी, पर्सागढी को समेत निर्माण गरी राज्यलाई सुरक्षित पारेका थिए ।[२४] उनले महाभारत उत्तरतिरका मगरहरूका बस्तीलाई विकास गराएका र पर्सा गढी निर्माण गरी सकेपछि पारसनाथको मन्दिर निर्माण गर्नुका साथै जनकपुरकी जानकी माईलाई भूमि अर्पण गरी गुठी राखिदिएका थिए ।[२५] राजा माणिक्य सेनले मकवानपुरलाई मजबुत बनाउन ठूलै प्रयत्न गरेको देखिन्छ । वि.सं १७८४ मा जनकपुरका गोसाईलाई भोग लगाउन र १७८७ मा मकवानपुर गढी भित्र वंशगोपालको मूर्तिको स्थापना गरेबाट उनी पुरूषार्थी योद्धाका साथै धार्मिक भएको प्रमाणित भएको छ ।

**राजा हेमकर्ण सेन (१७९०-१८१६ वि.सं.)**

राजा मानिक सेनका चार छोराहरू हेमकर्ण सेन, जगत सेन, जयमङ्गल सेन र विक्रम सेन गरी जेठा छोरा भएकाले हेमकर्ण सेन आफ्ना बाबुको मृत्युपछि वि.सं. १७९० मा मकवानपुरको गद्दीमा बसेका थिए । हेमकर्ण सेनले आफ्ना भाइहरूको मद्दत लिएर शासन गर्न थालेकाले माहिला भाइ जगत सेनलाई मकवानपुरको पूर्वी क्षेत्र कमला नदीदेखि कोशीसम्मको समथर भू-भाग तलहट्टी र माझकिरात पहाडी भागसमेत रेखदेख गर्न लगाएका थिए । त्यसो गर्दा गर्दै माझ किरात क्षेत्रलाई जगत सेनले हात पारेर त्यस ठाउँका स्वतन्त्र राजा भए । त्यसरी नयाँ राज्य स्थापना भई चौदण्डीका नामले प्रख्यात हुन गयो । चौदण्डी गढी राज्य

खडा गराउनमा मकवानपुरका मन्त्रीहरूको हात रहेको कुरा पनि इतिहासकारहरूले उल्लेख गरेका छन् ।[२६] हुनपनि मकवानपुर राज्यको प्रशासन अर्ज्याल ब्राह्मण र बानियाँ क्षेत्रीहरूका हातमा थियो । विदेशी इतिहासकारले फाटो गराउने वर्णन मकवानपुरको इतिहासमा पनि गरेका पाउछौं ।

राजा हेमकर्ण सेनले वि.सं १७९० मा जानकी गुठी थमौति गरेको पत्र प्रकाशमा आएको छ । वि.सं १८०१ मा उनले हरिहरपुर गढीमा शिवालयको निर्माण गरी शिवलिङ्ग स्थापना गराएका थिए । वि.सं. १८०८ मा उनले इन्द्रविधाता सेनद्वारा निर्मित श्री सीताराम र श्री लक्ष्मीनारायणका नाममा अर्पण गरेको गुठी थामी कागज गरिदिएका छन् ।[२७] यसरी विचार गर्दा राजा हेमकर्ण सेन धार्मिक प्रवृत्तिका रहेको कुरा पुष्टी हुन्छ ।

राजा हेमकर्ण सेनले आफ्नो राज्य विस्तार गर्ने क्रमलाई अगाडि बढाएको बुझिन्छ । वि.सं. १८०२ मा उनले सिन्धुलीमाथि आफ्नो अधिकार गर्नका लागि सेना पठाएका थिए । त्यस बेलासम्म सिन्धुली गढी कान्तिपुर राज्यको अधिकारमा मानिन्थ्यो । त्यो कुरा कान्तिपुरका राजा जयप्रकाश मल्लले ऋषि उपाध्यायलाई जमीन बिक्री गरेको ताम्रपत्र प्राप्त भएबाट स्पष्ट भएको छ । मकवानी सेनाले त्यस क्षेत्रमा आफ्नो अधिकार गरिदिंदा कान्तिपुरतिर दक्षिणबाट सामान पैठारी गर्ने नाका पनि गुम्न गएको थियो । राजा हेमकर्ण सेनले ऋषि उपाध्यायलाई सोही जमीन बिर्ता गरी दिएका थिए । यसबाट राजा हेमकर्ण सेन बिजिगिषु भएको प्रमाणित हुन्छ ।[२८]

राजा हेमकर्ण सेनका दिग्वन्धन सेन र रणमर्दन सेन (रणमस्त) नामका दुई छोरा र इन्द्रकुमारी तथा नाम जानकारी नभएकी गरी दुई छोरी थिए । जेठी छोरी इन्द्रकुमारीको विवाह गोरखाका युवराज पृथ्वीनारायण शाहसंग भएको थियो । १३ वर्षकी कन्या १५ वर्षका वरको विवाह वि.सं १७९४ मा सम्पन्न भएको थियो । मकवानी रानीले आफ्नी सानी छोरीले सासु चन्द्रप्रभाको कर्कश बुहार्तन भोग्न सक्षम हुने छैनन् भन्ने ठानेकी थिइन ।

हरिहरपुरमाथि गोरखालीको विजय भएपछि राजा दिग्वन्धन सेन र देवान कनकसिंह भागी खुँडाघाटतिर लागेर उत्तर विहारका मुसलमान नवाव काशीमअली खानसंग गुहार माग्न पुगे । तदनुसार वि.सं १८१९ मा गुर्गिनखाँको नेतृत्वमा काशीमअली खाँले २००० मुसलमानी सेना हर्नामाडीको बाटो डडुवा गढीमा आक्रमण गरे । पछाडिबाट गोरखालीको नेतृत्व बंशराज पाण्डे र काजी नरसिंह बस्नेतले लिई शत्रुसेनामाथि धावा बोले । त्यस युद्धमा ५०० बन्दुक गोरखालीले हात पारे भने १७०० मुसल्मानी सेना काटिए । त्यसपछि श्री ५ पृथ्वीनारायण शाह खुँडाघाट माथि आक्रमण गर्न हरिहरपुर पुगे । खुँडाघाटमा गोरखाली आक्रमण हुँदा मकवानपुरका रानी र छोरी पक्राउ परे । पछि दिग्वन्धन सेनले आत्मसमर्पण गरे । उनीहरूलाई गोरखा लगी राजकीय सम्मानकासाथ नजरबन्दमा राखियो । त्यसैबेला राजा दिग्बन्धन सेनका छोरा भुँवर सेन भागी बेतिया पुग्न सफल भए ।[३२]

मकवानपुरको तल्लोथाल, गंगा मैदानी भाग वा तलहट्टीलाई नेपालीले कमला नदीको किनारै किनार सिंधुली गढीको बाटो भई जाने नेपाली सेनाले क्रमैसंग उदयपुरको सेन राज्यमा चढाई गरे । सेन राजाको सेनाले बीरतासाथ १५ दिनसम्म नेपाली सेनालाई थामेका छेकेका थिए । तर कुनै तरहले पनि थाम्न असम्भव भएपछि माझ किरातको तल्लो र माथिल्लो भाग उदयपुर लगायतको सेन राज्यलाई वि.सं १८२३ सम्म नेपालले आफ्नो अधिनमा पारेका हुनाले नेपालीहरूले चौकोट, उदयपुर, दोलखा जस्ता ठाउँमा गढी र किल्ला बनाई आवश्यक खरखजाना र मानिस खटाउने काम गरे ।[३३] त्यस सम्बन्धमा मकवानपुरलाई नेपालले अधिनमा लिएपछि तलहट्टीबारे विवाद पर्न गयो । त्यस विवादलाई मिलाउन दिनानाथ उपाध्यायलाई पठाइएको थियो । त्यस पछि अंग्रेजहरूले कलकत्ता काउन्सीलमा नेपालमा युद्ध गर्दा धेरै हानि बेहोर्नु पर्ने हुँदा श्री ५ पृथ्वीनारायाण शाहले अंग्रेजलाई वर्षेनी हात्ति बुझाउँदै गरेमा सैनिक कारवाही नगर्ने तजविज गरेका थिए । तर अंग्रेजहरूले नेपाललाई तराईतिर बढ्न नदिने प्रपञ्चमा लागेका थिए । श्री ५ पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूलाई त्यसको खास परवाह थिएन । त्यहिं कारणबाट वि.सं. १८७१-७३ मा नेपालले अंग्रेजसंग भीडन्त गर्नु परेको थियो ।

**टिप्पणी**

१. सं योगी नरहरिनाथ, गोरक्षग्रन्थ हिमवत्खण्ड (स्कन्दपुराणमध्ये) (काठमाडौं: सिद्धाचल मृगस्थली, २०१३) पृष्ठ ८४। कौशिक्यो लोकपाविन्यो गण्डक्यश्च तथैवच। ततो विप्रान्मुदाहूय होमं चक्रे मुखग्निषु ॥८२॥

२. उमाकान्त पन्थी (शास्त्री) गण्डकी गौरबम् रिडी:

३. P.R. Uprety– Medieval Buddhist Art in Nepal, Penetration of Pal influence in the Himalaya CNAS Vol. 19, No. 2 (July 1992) PP 167-75.

४. धनवज्र वज्राचार्य, "मध्यकालका शुरूका केही अभिलेख" सि. एन. ए. एस. जर्नल भोल ५ नं. १ (पौष २०३४) पृष्ठ, १००

५. धनवज्र वज्राचार्य र हेमन्त शम्शेर राणा, टिष्टुङ चित्लाङको ऐतिहासिक सामग्री (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, २०२९) पृष्ठ, १-१९।

६. मातृकाप्रसाद कोइराजा, "मकवानपुरको सेनवंश", प्राचीन नेपाल नं ४ (२०२५ साउन) पृष्ठ, १७।

७. इमानसिंह चेम्जोङ, किरातकालीन विजयपुरको इतिहास (दार्जिलिङ: नेपाली सीहित्य परिषद, २०३२) पृष्ठ २८।

८. ऐजन।

९. विष्णुप्रसाद घिमिरे, पाल्पाको इतिहास (भरतपुर: पद्मा घिमिरे, २०४५) पृष्ठ, ३७।

१०. कृष्णप्रकाश श्रेष्ठ, स्थान नाम कोश (काठमाडौं: ने. रा. प्र. प्र. २०४४) पृष्ठ, ११२।

११. विष्णुप्रसाद शर्मा, पाल्पा राज्यको इतिहास (चितवन: चितवन अध्ययन केन्द्र, २०५६) पृष्ठ, ६०।

१२. ज्ञानमणि नेपाल, जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन (काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०४०, पृष्ठ, १३६।

१३. चेम्जोङ, पूर्ववत्, टिप्पणी ७, पृगठ, ३९-४०।

१४. सं. शंकरमान राजवंशी, सेन वंशावली (काठमाडौं: पुरातत्त्व विभाग, २०२०), ९,१५,३९।

१५. शर्मा, टिप्पणी ११, पृष्ठ ६४।

१६. घिमिरे, पूर्ववत तिप्पणी ११, पृष्ठ ६४।

१७. प्रेमबहादुर मावोहाङ, भूपेन्द्रनाथ शर्मा ढुँगेल, संक्षिप्त नेपाल इतिहास (ललितपुर: किरात प्रकाशन तथा अभिलेख केन्द्र, २०४७) पृष्ठ, ९२-९५।

१८. शर्मा, पूर्ववत, टिप्पणी ११, पृष्ठ, ८१-८२।

१९. ऐजन।

२०. चेम्जोङ, पूर्ववत टिप्पणी ७, पृष्ठ, ९७

२१. मावोहाङ, पूर्ववत टिप्पणी १७, पृष्ठ ६९।

२२. मोहनप्रसाद खनाल, मध्यकालीन अभिलेख (काठमाडौं: मोहन खनाल, २०३०) पृष्ठ, ३२-३४।

२३. विमलकुमार बानियाँ, बानियाँ थर: एक परिचय (काठमाडौं: बानियाँ परिवार सहयोग समिति, २०४३) पृष्ठ, परिशिष्ट १।

२४. डिल्लीराज शर्मा, नेपालको किल्ला वास्तुकला (काठमाडौं: ने. ए. अ. केन्द्र २०५५) पृष्ठ ८५, ९५।

२५. शर्मा, पूर्ववत, टिप्पणी ११, पृष्ठ ६६।

२६. बाबुराम आचार्य, श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग ३ (काठमाडौं: श्री ५ महाराजधिराजका प्रमुख सम्वाद सचिवालय, राजदरवार, २०२५) पृष्ठ, ६०२।

२७. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, शाहकालका अभिलेख (काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०३७( पृष्ठ ४९२। साफल्य अमात्य, "मकवानपुरका केही पुरातात्त्विक उपलब्धि" प्राचीन नेपाल संख्या १४, (२०२७) पृष्ठ ४१। मोहनप्रसाद खनाल, अभिलेख संकलन (काठमाडौं: साझा प्रकाशन, २०२८) पृष्ठ, १२५।

२८. शर्मा, पूर्ववत टिप्पणी ११, पृष्ठ ६८।

२९. दिनेशराज पन्त, गोरखाको इतिहास (काठमाडौं: दिनेशराज पन्त, २०४१) पृष्ठ, २७०।

३०. देवीप्रसाद भण्डारी "श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित सम्वत् र तिथि मितिहरू" पूर्णिमा पूर्णाक २० (२०२५) पृष्ठ, ३०-३६।

३१. शर्मा, पूर्ववत् टिप्पणी ११, पृष्ठ, ६८।

३२. F.B. Hamilton, An Account of the Kingdom of Nepal (New Delhi: Manjushree Publishing House 1975_ PP. 145-146.

३३. मावोहाङ: पूर्ववत, टिप्पणी १७, पृष्ठ, १३७।

# सामाज्यश्वर महादेव मन्दिर तथा धर्मशालाको संरक्षण तथा संवर्द्धन: एक जानकारी

–शोभा श्रेष्ठ

**ऐतिहासिक विवरण:**

भारतको बनारस स्थित ललिताघाटमा नेपाली मन्दिरको नाउँले प्रसिद्ध साम्राज्यश्वर महादेव मन्दिर अवस्थित छ । मन्दिरको गजुरमा भएको अभिलेख अनुसार सम्वत् १८९८ मा श्री ५ बडामहारानी साम्राज्य लक्ष्मी देवी शाहबाट इच्छा व्यक्त गरे अनुसार सम्वत् १९००-१९०१ मा श्री ५ राजेन्द्र तथा युवराज सुरेन्द्रबाट उक्त मन्दिरको निर्माण गराइएको थियो । उक्त मन्दिर निर्माण गरिसकेपछि गजुरमा राखिएको अभिलेखबाट प्रष्ट हुन्छ र सो अभिलेख जानकारीका लागि यहाँ पुरानै लिखतमा पेश गरिएको छ

"स्वस्ती श्री श्री श्री श्री श्री नेपालका बडामहारानि सांराज्येलक्ष्मि देवी वाट १८९८ साल आश्विन वदि ६ रोज ४ का दिन स्वर्ग्य होइबक्सनु हुन्या वषत्मा श्री काशिमा श्री शिवस्थापन देवालय चौघरा मेरा निमित्त बनाउनु भनि हुकुंबक्सनु भयाको थियो । पछि १९०० सालमा श्री श्री श्री श्री श्री माहाराजा धिराज राज राजेन्द्र विक्रम साह श्री को श्री श्री श्री युवराजधिराज सुरेन्द्र विक्रम साह वाट बनाइ श्री सांराज्येस्वर प्रिति गरी संवत् १९०० साल मिति माघ वदि ३ रोज ४ का दिन चह्राइबक्सनु भयाको गजुर हो यो गजुर बनाउनाको मार्फत् षजांजि शिव प्रशाद अर्याल शुभम् ॥"

यस्तै उक्त मन्दिरको निर्माण गरिएको बारे डा. जगदिश चन्द्र रेग्मीको शाहकालीन कला र वास्तुकलाको पृष्ठ २०९ मा उहाँले एउटा लालमोहरको उल्लेख गरी त्यसमा टिपीएको व्यहोरा उल्लेख गरिएको छ । उक्त लालमोहरमा सो मन्दिर सम्वत् १९०१ को शिर्षकमा राजगुरू रंगनाथ पण्डित मार्फत 'श्री काशीमा श्री साम्राज्यश्वर स्थापना हुँदा भनि ४४४०॥' को खर्च हिसाब टिपिएको छ । यसबाट श्री ५ राजेन्द्रबाट उक्त मन्दिर बनाउन लगाएको र मन्दिरमा साम्राज्यश्वर जोड्नाको कारण चाहिँ श्री ५ राजेन्द्रको जेठो महारानीको नाम रहेकोले हो भन्ने छ । तर सो मन्दिरको निर्माण गर्दा श्री ५ बडामहारानीको स्वर्ग भइसकेको थियो ।

यो मन्दिरको निर्माण गरिएको स्थान ललिताघाट श्री ५ रणबहादुर शाहबाट आफ्नी महारानी ललित त्रिपुर सुन्दरीको नाउँमा प्रतिस्थापित गराइएको थियो । साम्राज्यश्वर महादेव मन्दिर पूर्ण रूपले नेपाली शैलीमा (जसलाई तले शैली तथा पागोडा शैली भनिन्छ ) निर्माण गराइएको छ । काठमाडौंको बागमती नदीको किनारामा अवस्थित श्री पशुपती नाथ मन्दिरकै आकार प्रकारमा यो मन्दिर बनाइएको छ । दुई छाने यो मन्दिरमा काष्ठकलाका उत्कृष्ट

नमूनाहरू पनि रहेको छ। मन्दिर दुइतले परम्परागत नेपाली सामानहरू प्रयोग गरी बनाइएको छ। छानामा पितलपाता राखी त्यसमा सुनमोलम्वा गजुर राखिएको छ। सो मन्दिरको गजुरको कारणले नै बनारसको घाटको तल्लो भाग र माथिल्लो भागबाट समेत प्रष्टसंग मन्दिर देख्न सकिन्छ।

यो मन्दिरको पश्चिम-दक्षिण तर्फ एक चौघेरा सत्तल (धर्मशाला) पनि छ। यसको निर्माण पनि मन्दिर संगसंगै भएको देखिन्छ। मन्दिरमा पूजा गर्ने पूजारी, तिर्थाटन गर्न आउने तिर्थयात्रीहरू र अन्य भक्तजनहरूलाई बस्न सुविधा होस् भन्ने उद्देश्यले यसको निर्माण गरिएको देखिन्छ। भारतमा बनेको यो मन्दिर तथा धर्मशालाले नेपालको इतिहास, संस्कृति, कला र वास्तुकलाको प्रतिनिधित्व गरेको छ जुन हाम्रो राष्ट्रको लागि गौरव तथा प्रतिष्ठाको विषय हो।

## पूजा संचालन व्यवस्था

राजगुठी अन्तर्गत पर्ने यो मन्दिरको पूजापर्व संचालन गर्ने, मन्दिरको मर्मत संभार गर्ने र पुजारी तथा सुसारेहरूको खर्च भर्ने आदि प्रयोजनको लागि दाताबाट विरगंजमा करिब एघार शय विघा जमिन गुठी राखेको कुरा गुठी संस्थानमा भएको अभिलेखबाट जानकारी हुन आएको छ। उक्त जमिनको आयस्ताबाट नै गुठी संस्थानले खर्चको लागि चाहिने आवश्यक रकम प्रत्येक वर्ष वनारस स्थित नेपाल विद्या धर्म प्रचारिणी समिति मार्फत पठाउने व्यवस्था गरेको रहेछ। तर पछि उक्त मन्दिरमा पूजा गर्न राखिएको पूजारीलाई हटाई अनाधिकृत रूपमा अरूले कब्जा लिएको र उनीहरू आफै स्वघोषित पूजारी भएपछि पूजा हुन पनि बन्द भएको र गुठी संस्थानबाट रकम जान पनि बन्द भएको रहेछ। अनाधिकृत रूपमा कब्जा गरी बसेका पण्डाहरूले आफूहरूलाई पूजारी भन्ने गरे तापनि तिनीहरूलाई पूजारीमा नियुक्ति गरेको कुनै प्रमाणिक अभिलेख गुठी संस्थानसंग पनि छैन र ती पण्डाहरूसंग पनि छैन। पण्डाहरूले हिन्दूहरूको लागि मात्र प्रवेश हुने सो मन्दिरमा वैदेशिक पर्यटकहरूलाई मन्दिरभित्र रहेको शिवलिंग देखाएर तथा फोटो खिच्न दिएर पैसा कमाउने गरेको कुरा त्यहाँ बस्ने मानिसहरूले जानकारी गराएका थिए। उक्त पवित्र स्थललाई पण्डाहरूले दीर्घरूपमा आय आर्जन गर्ने थलोको रूपमा प्रयोग गरेको बुझियो।

यस विभागका प्राविधिकहरूको सक्रियतामा यसरी करिब ३४-३५ वर्षसम्म पूजा बन्द भएको मन्दिरमा पुनः पूजा संचालन गराउने काम आ.व. ०५१/०५२ मा मन्दिर तथा धर्मशालाको जीर्णोद्धार कार्य शुरू भएपछि भयो। जीर्णोद्धार परियोजनामा संलग्न यस विभागका प्राविधिकहरूको प्रयासमा बनारसमा अध्ययनरत विद्यार्थी तथा अध्यापनमा संलग्न प्राध्यापक र अन्य नेपालीहरूबाट एउटा पूजा समिति गठन गरी सोमवारको दिन रूद्राभिषेक गर्न शुरू गरियो। यो परम्परा अहिलेसम्म निरन्तर रूपमा चलिरहेको छ। पूजाको परम्परा बन्द भएको कारण गुठी संस्थानबाट पूजाको लागि दिइने रकम पनि नगएकोमा आ.व. ०५६/५७ मा गुठी संस्थानले प्रति महिना पाँच हजार भा.रू. को हिसाबले एक वर्षको भा.रू. ६०,०००- उपलब्ध गराई दिएको थियो। त्यसबाट पूजा संचालन गर्न धेरै सहयोग भएको छ। अहिले दैनिक बिहान र बेलुका पनि पूजा हुने गरेको छ भने सोमबार हुने रूद्राभिषेक जारी रहेको छ।

**संभार तथा संरक्षण**: यस्तो महत्त्वपूर्ण मन्दिर तथा धर्मशालाको उचित रेखदेख, रखरखाव र सुरक्षाको व्यवस्था हुन नसक्दा पूजा व्यवस्था, मर्मत संभार, गुरूकुलशिक्षा, यात्री, आवास आदि व्यवस्था मासिँदै जानुका साथै त्यस क्षेत्रमा अवान्छनीय तत्त्वहरूको प्रवेश भयो। त्यस्ता अवरोधक तत्त्वहरूलाई हटाई त्यस पुण्य क्षेत्रलाई पुनर्जीवित गर्नका लागि आवश्यक व्यवस्था गर्नु पर्ने टड्कारो रूपमा देखियो। यो मन्दिर तथा धर्मशालाको छिटो जीर्णोद्धार गर्नु पर्ने महशुस भइ रहेको अवस्थामा संयोगवस २०३५ सालमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव भारत सवारी भएको बेला बनारस सवारी भई यस मन्दिरमा पूजा अर्चना गरिबक्स्यो र जीर्ण मन्दिर तथा धर्मशालाको तुरून्त जीर्णोद्धार गर्न पुरातत्त्व विभाग र गुठी संस्थानलाई निर्देशन बक्स भएको थियो।

यसै सन्दर्भमा २०३६/०३७ साल तिर प्रारम्भिक कार्यशुरू गरी आवश्यक कलात्मक काठको कामहरू गरी २०४१ सालमा मात्र मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न गरियो । सो जीर्णोद्धार कार्यमा साविकमा रहेको झिंगटी हटाई छानामा पितलको पाता राख्ने कार्य गरियो । तर मन्दिरमा लगाउन बनाएर लगिएका काष्ठकलाका सामानहरूको प्रयोग विभिन्न कारणले हुन सकेन । मन्दिरको मात्र जिर्णोद्धार गरियो तर श्री ५ महाराजाधिराज सरकारबाट हुकुम बक्से अनुसार धर्मशालाको जीर्णोद्धार हुन सकेन । दिन प्रतिदिन जीर्ण हुँदै गएको धर्मशालाको अवस्थादेखि काशी नरेश विभूति नारायण सिंहले ३० नोभेम्वर १९९२ (२०४८ साल) मा श्री ५ महाराजाधिराज सरकारमा धर्मशालाको जीर्णोद्धार गर्न एक निवेदन पत्र पठाएको थियो । त्यसको लगतै २०४९ सालमा प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाबाट भारत भ्रमणको सिलसिलामा बनारसमा बसोबास गरेका विद्वत वर्ग, बिद्यार्थी तथा अन्य व्यक्तिहरूको अनुरोधमा साम्राज्यश्वर महादेव मन्दिरको निरिक्षण गर्नु भएको थियो । सो अवसरमा सम्माननीय प्रधानमन्त्रीबाट धर्मशालाको जीर्णोद्धार गर्न आवश्यक निर्देशन दिनु भएको थियो ।

त्यसै अनुसार मिति २०५०/९/५ को मन्त्री परिषदको निर्णयानुसार अर्थ मन्त्रालयबाट रू. १०,००,०००/- छुट्टै निकासा भई सत्तलको जीर्णोद्धार कार्य शुरू गर्ने सन्दर्भमा पश्चिम भागको जीर्णोद्धार कार्य शुरू गरिएको थियो । आ.व. ०५१/५२ मा रकम निकासा नभएकोले पुनः काम रोकियो । तर आ.व. ०५२/५३ देखि विभागले यो कार्यलाई प्राथमिकता दिई विभागको विकास कार्यक्रममा समावेश गरी रकम निकासा गराई धर्मशालाको बाँकी भागको जीर्णोद्धार काम पुनः शुरू गरियो । आ.व. ०५५/५६ सम्ममा धर्मशालाको तिनै खण्डको जीर्णोद्धार र सम्पूर्ण भत्केको दक्षिण खण्डको भाग पुनः निर्माण गर्ने कार्य पुरा गरियो । धर्मशाला र मन्दिरमा गर्नुपर्ने सम्पूर्ण काम पूरा भई विभागको कार्यक्रम पनि सम्पन्न भएको छ ।

२०४१ सालमा मन्दिर जीर्णोद्धार गर्दा छुट भएका घामपानीबाट नष्ट भएको भाग र अन्य विविध कारणबाट बिग्रन गएको भागहरूको जीर्णोद्धार आ.व. ०५६/५७ मा गरियो । अन्तिम चरणको काममा यस पटक कलात्मक काठका झ्यालका ढोकाहरू, तोरण, थाम तथा दलिनहरू मर्मत गरी फेर्नु पर्ने मुख्य काम रहेको थियो । यो काम साह्रै जोखिम पूर्ण पनि रहेको थियो । कारण मन्दिरमा प्रयोग भएका नस, थाम तथा दलिनहरू फेर्न सम्पूर्ण मन्दिरलाई टेवा दिई अडयाउनु परेको थियो । मन्दिरको गाह्रोको भागहरु नभत्काई त्यसलाई यथास्थितिमा संरक्षण गर्नुका साथै मन्दिरको विभिन्न भागमा राखिएका र जीर्ण भएका काठका अवयवहरू फेर्ने काम बडो राम्रोसंग सम्पन्न गरियो । जीर्ण झ्याल ढोकाहरूको पनि मर्मत गर्ने, जडान गर्ने कार्य यहाँका दक्ष कालीगढबाट सन्तोषजनक रूपमा सम्पन्न भयो । मन्दिरको दुवै छानाको चारै तिर रहेका घण्टाहरू (wind bell) चारकुनामा राख्ने कलस तथा चर्तुर महाराजका मूर्तिहरू पनि नयाँ बनाई राख्ने काम गरियो । मन्दिरको गजुर पनि ढल्की भाँच्चिने अवस्थामा पुगेकोले त्यसलाई पनि मर्मत गरिएको थियो । मन्दिरको मूल ढोका बाहिर राखिएका लकुलिस र महाकाल (भैरव) को मूर्तिहरू हराएको हुनाले नयाँ मूर्ति बनाई राख्ने काम भयो । मन्दिरको गर्भ गृहभित्र शिव पाञ्चायनको परम्परा अनुसार बीचमा शिव लिंग र चार कुनामा राखिएका सूर्य, दुर्गा, गणेश र नारायण मध्ये सूर्य मूर्ति पनि हराई सकेको हुनाले सो मूर्ति पनि नयाँ बनाई राख्ने काम भयो । साथै मन्दिरको छानामा राख्ने चर्तुर महाराजको चार मूर्तिहरूमा दुई मूर्ति हराएको हुनाले नयाँ दुई मूर्ति पनि बनाई राखियो । यी सबै मूर्तिहरू काठमाडौंमा नमूना बमोजिम बनाई मन्दिरमा जडान गरिएको हो । तर छानामा राख्ने फयगं (wind bell) भने त्यहिं बनाउन लगाइयो । हाम्रो मन्दिरको वास्तुकलाको प्रविधि र सिप जान्ने कालीगढहरू त्यहाँ नपाइने हुनाले मन्दिरमा काम गर्ने कालिगढ, सिकर्मी, डकर्मी तथा छानाको गजुर मर्मत गर्न कालिगढ तथा अन्य दक्ष कालिगढहरू पनि यहिँ देखि लैजानु परेको थियो । मन्दिरको परिसरमा गर्नु पर्ने अन्य पेटी, हाता पर्खाल, ढोका आदि समेत मर्मत जीर्णोद्धार गरी सम्पूर्ण जीर्णोद्धार कार्य सम्पन्न गरिएको छ । साम्राज्यश्वर महादेव मन्दिर तथा चौघेरा सत्तलको सम्पूर्ण कार्य सम्पन्न गर्न आ.व. ०५०/५१ र ०५२/५३ देखि ०५६/५७ सम्ममा जम्मा रू. ७८,६६,०००/- लागेको छ । यसरी मन्दिरको काम अति ध्यानपूर्वक र विस्तारै गर्नुपर्ने भएकोले तोकिएको समय भन्दा काम सम्पन्न गर्न बढी समय लाग्न गएको थियो ।

## संचालन व्यवस्था

श्री ५ को सरकारबाट यतिका रकम लगानी गरी जीर्णोद्धार गरिएको मन्दिर तथा धर्मशालाको जीर्णोद्धार कार्य सम्पन्न भएपछि पहिले जस्तै वेवारिसे रूपमा छाड्दा त्यत्रो लगानी गरेको कुनै औचित्य नरहने हुनाले त्यसको हेरविचार तथा दीर्घ रूपमा मर्मत संभार तथा दिगो रूपमा संचालन व्यवस्था गर्न २०५६ सालमा श्री ५ को सरकारबाट "श्री साम्राज्यश्वर पशुपती नाथ महादेव मन्दिर तथा धर्मशाला संचालन कार्यविधि नियम २०५६ गठन गरिएको थियो । उक्त कार्यविधि नियम अन्तर्गत रहेको संचालक समितिमा पुरातत्त्व विभाग, गुठी संस्थान, शाही नेपाली राजदुतावासका सांस्कृतिक सहचरी, बनारसमा रहेका नेपाली प्राध्यापक, विद्यार्थी र अन्य गन्यमान्य जन, बनारसका जिल्लाधिकारी सदस्य रहनु भएको छ भने समितिको संरक्षकमा दिल्ली स्थित शाही नेपाली राजदूत रहनु भएको छ । उक्त समिति गठन भइसकेपछि जुन १४, १९९९ मा शाही नेपाली राजदूत श्री भेषबहादुर थापाज्यूबाट समितिका अध्यक्ष श्री ओंकारानन्द गिरीलाई उक्त मन्दिर तथा धर्मशालाको विधिवत हस्तान्तरण गर्ने कार्य सम्पन्न भयो । उक्त समितिले अहिले धर्मशालामा तिर्थयात्रुहरूको बस्ने व्यवस्थाको साथै मन्दिरमा पूजा गर्न बनारसमा अध्ययनरत चार जवान ब्राह्मण केटाहरूलाई पनि धर्मशालामै बस्ने र नित्य पूजा गर्ने व्यवस्था मिलाएको छ । सो समितिको अन्य कामहरूको साथै निरन्तर रूपमा पूजा चालु राख्न आवश्यक व्यवस्था गर्ने र मन्दिर तथा धर्मशालाको मर्मत संभार गर्ने मूख्यतया रहेको छ । यी कामहरू श्री ५ को सरकार र गुठी संस्थानबाट प्राप्त आर्थिक अनुदान, सदस्यता शुल्क एवं चन्दाबाट उठेको रकम, मन्दिर तथा धर्मशालाबाट हुने आम्दानी, मन्दिरको नाउँमा रहेको पुरातन चल अचल सम्पत्ती र कुनै व्यक्ति तथा संस्थाबाट प्राप्त चन्दाहरूलाई व्यवस्थित गरी खर्च गर्ने व्यवस्था रहे अनुसार अहिले समितिले विस्तारै आफ्नो कार्यहरु गर्दै आएको छ । यो मन्दिर तथा धर्मशालाको जीर्णोद्धार भएपछि मन्दिर परिसरमा एउटा मौलिक वातावरण सृजना भएको छ । एकातिर सांस्कृतिक सम्पदाहरूको संरक्षण भई धार्मिक क्रियाकलापहरू पुनर्जीवित भएको छ भने अर्कोतिर बनारसमा बस्ने सबै नेपाली विद्यार्थी तथा गुरूजनहरूको भेटघाट, छलफल र सम्मेलन गर्ने थलोको रूपमा विकसित भइरहेको पनि छ । यो एउटा गौरवको विषय हो । यस विभागले यतिका रकम र श्रम लगाएको सदुपयोग भएको भन्नुमा अत्युक्ति नहोला ।

यस साम्राज्यश्वर महादेव मन्दिरको धर्मशालामा वर्षौंदेखि अनाधिकृत रूपमा बसोबास गरिरहेका स्वघोषित पण्डाहरूलाई त्यहाँबाट नहटाइएसम्म त्यहाँ निश्चित रूपमा काम गर्न बाधा अड्चन आउने संभावनालाई दृष्टिगत गरी तिनीहरूलाई केही रकम दिई त्यहाँबाट हटाउन श्री ५ को सरकारले आ.व. ०५६/५७ मा विशेष व्यवस्था गरी मन्त्री परिषदको मिति ०५६/१२/३ को निर्णयानुसार भा. रू. दुई लाख समितिका अध्यक्ष श्री ओंकारानन्द गिरीलाई उपलब्ध गराई दिएको थियो । त्यही रकमबाट त्यहाँ बसेका पण्डाहरूलाई गएको चैत्र महिनामा (२०५७) मा त्यहाँबाट हटाइयो । त्यसको लागि शाही नेपाली राजदुतावास दिल्ली र गुठी संस्थान केन्द्रिय कार्यालय काठमाडौंबाट पनि धेरै सहयोग प्राप्त भएको थियो । साथै त्यहाँ बसेका विद्यार्थीहरू र ट्रष्टका सदस्यहरूबाट यस मन्दिरको पुजा संचालनमा र धर्मशालाको संचालन र प्रचार प्रसारमा धेरै ठूलो भूमिका रहेको छ । अब साम्राज्यश्वर महादेव मन्दिर र त्यसैको चौघेरा (सत्तल) धर्मशालाको व्यवस्थित रूपले संचालन गर्ने, नियमित रूपमा मन्दिरमा पूजा गर्ने सम्पूर्ण जिम्मा 'श्री साम्राज्यश्वर पशुपतीनाथ महादेव मन्दिर तथा धर्मशाला संचालक समिति' को रहेको छ । तर पनि उक्त समितिलाई आवश्यक परेको समयमा प्राविधिक, प्रशासनिक तथा अन्य राय सल्लाह पुरातत्त्व विभाग र गुठी संस्थानले उपलब्ध गराउने छ । यस कार्यविधि अनुसार समितिलाई मन्दिर तथा धर्मशालाको संचालनको मात्र जिम्मेवारी दिइएको छ । मन्दिर तथा धर्मशालाको स्वामित्व श्री ५ को सरकार मै रहने छ । यस कार्यविधि विषयमा कुनै संशोधन गर्न समितिले श्री ५ को सरकारको स्वीकृती लिनु पर्ने छ । तर जेहोस् अब मन्दिर तथा धर्मशालाको व्यवस्था गर्न मन्दिर तथा धर्मशाला समितिलाई हस्तान्तरण गरिएको हुनाले पहिले जस्तै वेवारिसे रूपमा रहने छैन र पुरातत्त्व विभागले जीर्णोद्धार गरी मन्दिर तथा धर्मशाला समितिलाई जुन अवस्थामा दिइएको थियो त्यस्तै अवस्थामा उक्त धर्मशाला तथा मन्दिरलाई संरक्षण गरी राख्नु समितिले आवश्यक व्यवस्था र कोशिस गर्ने छ भन्ने पुरातत्त्व विभागको अटल विश्वास रहेको छ ।



बनारस स्थित साम्राज्यश्वर महादेव मन्दिर
संरक्षण गर्नु अघि



बनारस स्थित साम्राज्यश्वर महादेव मन्दिर
संरक्षण गरिसकेपछि



सामाज्यश्वर महादेव मन्दिरको चौघेरा सत्तल संरक्षण गर्नु अगाडि



सामाज्यश्वर महादेव मन्दिरको चौघेरा सत्तल संरक्षण गरिसकेपछि

# शोभा भगवती मन्दिर क्षेत्रस्थित मूर्ति बारे संक्षिप्त चर्चा

**–प्रकाश दर्नाल**

काठमाडौं उपत्यकास्थित विष्णुमती खोलालाई बागमती नदीको मूख्य सहायक मानिन्छ। यसको मुहान शिवपुरी लेकको दक्षिणी पानी ढलो विष्णापमा भएकोले यसलाई विष्णुमती भन्छन्। यसै खोलाको दाहिने किनारमा शोभा भगवती मन्दिर छ भने बायाँ किनारमा इन्द्रायणीको मन्दिर छ। दुवै किनारमा काटिएका ढुङ्गाबाट बनेका घाटहरू छन्। यसले गर्दा यस क्षेत्रको सुन्दरता बढ्नुको साथै महत्ता पनि झल्काएको पाइन्छ। शोभा भगवतीको नामले प्रसिद्ध यो क्षेत्र दुई वडामा बाँडिएको छ। विष्णुमतीको दायाँ किनारका मन्दिरहरू काठमाडौं महानगरपालिकाको १५ वडामा र बायाँ किनारका मन्दिरहरू १७ वडामा पर्दछ।

धार्मिक तथा ऐतिहासिक रूपले महत्त्वपूर्ण यस क्षेत्र बारे देवमाला वंशावलीमा यस्तो विवरण पाइन्छ, "अघि द्वापर शेष वर्ष १०५०-१००० भित्र राजा विक्रम केशरका रानी नवसागर रानीबाट राज चलाइरहेका बखत ओं श्री विश्वकर्माका अवतारी कालिगढ १ ले १ भगवतीको मूर्ति बनाई नीज महारानीलाई चढायो र श्री विष्णुमती र श्री भद्रमतीका संगममा स्थापित गरी शोभा भगवती भनी नाम प्रख्यात गरिदिए। पछि यी भगवती बिग्रीयो। श्री राजा शंकर देवले ६६४ विक्रम सम्वतमा जीर्णोद्धार गरी बनाइ दिए। पछि विक्रम सम्वत १८७२ सालमा घाट र पूर्व मोहडाको पाटी दुनियाले फेरि १८८२ सालमा चौघेरो पाटी सत्तल दुनियाले बनाई दिए। १९८४ सालमा सरकारसंग ढुङ्गा मागी पुजाहारी सानु वज्राचार्यले घाट जीर्णोद्धार गरी फेरि १९८४ सालमा नै न्हौखाको गणेश श्रेष्ठले देवालयभित्र देशि टाइल टाँसी वडो शोभा बढाइदिए। विक्रम सम्वत् १९९० साल माघ बदी ३० रोज २ मा ठूलो भुकम्प हुँदा केही भएन १९९५ सालमा बिजुली समेत राखी दिएको थियो। (देवीनाथ, २०१३: ११५)

शोभा भगवती मन्दिरको प्राङ्गणको स्वरूप अहिले अर्कै भएको छ। खोला संगै खुड्किलो भएको घाट उक्लेर जादाँ प्रस्तरको स्तम्भ र बेताल आउँथ्यो। त्यसपछि मन्दिर प्रवेश गर्ने मूल ढोका भएकोमा अहिले घाट पुरेर फराकिलो ठाउँ बनाइएको छ। स्तम्भ, बेताल र ढोका भित्र पर्ने गरी नयाँ सुरक्षित हाता बनाइएको छ। मन्दिरको स्वरूपमा चाहिँ कुनै परिवर्तन गरिएको छैन। आठ हात भएको महिषमर्दिनी भगवती मूर्ति ज्यादै पुरानो एघारौं शताब्दीको भए पनि मन्दिर र मन्दिर वरपरका मूर्तिहरू र शिलालेख त्यति पुरानो देखिन्न। तर मन्दिरको उत्तर पूर्वतर्फ भएको

शिवलिङ्ग चाहँ उत्तर लिच्छवीकालको देखिन्छ । मन्दिरको पूर्वतर्फ महाङ्काल, दक्षिणतर्फ चैत्य र पश्चिमतर्फ चार ऋषिको मूर्तिहरू, नारायण लक्ष्मी गरूड भएको मूर्ति, सूर्य, लोकेश्वर र कामदेव मूर्तिहरू छन् । यी मूर्तिहरू अठारौं उन्नाइसौं शताब्दीताकाका हुन् । मन्दिरकै पश्चिमतर्फ भजन पाटीमा राखिएको शिलालेख ने.सं. ९८८ को छ भने भगवती मूर्ति संगैको धातुले मोडेको त्रिशुलमा १९८१ साल लेखिएको पाइन्छ । मन्दिर अगाडिको तीन स्तम्भ मध्ये दुईमा १९९६ र १९८४ साल देखिन्छ ।

शोभा भगवती मन्दिर क्षेत्रको महत्त्वपूर्ण मूर्तिमा उमामहेश्वरको मूर्ति पनि पर्दछ । यो मूर्ति ११३ से. मि. अग्लो र १०३ से. मि. चौडाई छ । उमामहेश्वर मूर्तिहरूमा यो मूर्ति सबभन्दा ठूलो देखिन्छ । कसैले यो मूर्तिलाई महामाया भनेको सुनियो । तर वास्तवमा यो मूर्ति उमामहेश्वरको हो । यो मूर्ति दशौं एघारौं शताब्दीको मानिन्छ । मूर्तिको पश्चिमतर्फ पर्खालमा ने. सं. ९२२ को शिलालेख र उत्तरतर्फ शिवलिङ्ग छ

शोभा भगवतीको घाट हुँदै पुलतिर जाँदा देवी (६३x२७ से. मि.) को नमस्ते गरेको मूर्ति, सुखावती लोकेश्वर (१३५x९७ से. मि.) र बलराम (८५x३७ से. मि.) मूर्ति पर्खालको खोपाहरूमा राखिएका देखिन्छन् । देवीको मूर्ति कमलासनमाथि उभिएको अवस्थामा छ । सुखावती लोकेश्वर मूर्ति बेखा सिं धर्म धरी सिंले ने. सं. ८४३ मा राखेको अभिलेखबाट थाहा हुन्छ । बलरामको मूर्ति पनि कमलासनमाथि उभिएको मुद्रामा छ । मूर्तिको दुई हात मध्ये दाहिने हातमा गदा र देब्रे हातमा हलो छ । कमलाशनको मध्य भागमा नागको पुच्छर छ भने बलरामको शिरमाथि सोही नागको सातवटा टाउकोले फणा फिंजाएको बडो आकर्षण देखिन्छ । बलरामको मूर्ति धेरै पाइदैन । यो मूर्ति र देवीको मूर्ति अठारौं शताब्दीको देखिन्छ। हाल यी मूर्तिहरू भएको ठाउँ फोहोरको रूपमा परिणत भएको छ । शोभा भगवती जीर्णोद्धार समितिको क्षेत्रमा नपरेर हो वा दृष्टि नपुगेर हो यस्तो महत्त्वपूर्ण ठाउँ उपेक्षित देखिन्छ । यसले गर्दा मूर्तिहरू नै असुरक्षित भएको पाइन्छ ।

उक्त मूर्तिहरू भएको पर्खालबाट एउटा बाटो सिधा विजयश्वरी मन्दिर तर्फ गएको छ । यहाँ पनि मोड मै एउटा अठारौं शताब्दीको भक्तिनी (५७x३५ से. मि.) मूर्ति घुँडा टेकेर नमस्ते मुद्रामा देखिन्छ । भक्तिनी मूर्तिको अगाडि एउटा सत्रौं अठारौं शताब्दीताकाको ढुङ्गाबाट बनेको चैत्य छ । यो चैत्यको उत्तरतर्फ दक्षिणतिर ढोका भएको एक तले मन्दिर देखिन्छ । हाल मन्दिरभित्र कुनै मूर्ति छैन । तर यसै मन्दिरको ढोका अगाडि पश्चिम फर्काएर देवी र श्रीधरको मूर्ति राखिएको पाइन्छ । दुवै मूर्ति सग्लो छैन । यी मूर्तिहरू यस क्षेत्रको सबभन्दा प्राचीन हुन र हालसम्म अप्रकाशित देखिन्छ । देवीको मूर्ति समभङ्ग मुद्रामा उभिएको छ । यो मूर्ति घुँडासम्म गाडिएको छ । मूर्तिको टाउको र घाँटीको भाग काटिएको छ । देब्रेतिर पाखुरादेखि नाडीसम्मको भाग पनि छैन । यो मूर्ति ५३ से. मि. अग्लो र ३४ से. मि. चौडाई छ । छातीमा कण्ठहार, पाखुरामा केयुर, नाडीमा बलय र कम्मरमा मेखला देखिन्छ भने उत्तरीय देब्रे काँधमा र देब्रे हातमा पनि पाइन्छ । दाहिने हात बरद मुद्रामा छ र बुढी औंला र चोर औंलाले फल समाती राखेको पाइन्छ । देब्रे हात भने पशुपतिको देवी मूर्ति झैं मेखला भन्दा तल छ । धोतीको मुजा मध्य भागबाट झारिएको छ । यो मूर्तिको पछाडि भाग सादा छ । ठूल्ठूला स्तन र पुष्ट नितम्वले प्राचीन मूर्तिको परम्परा देखाउँछ । यो मूर्ति ज्यादै नै भव्य र कलापूर्ण छ । स्टेला क्रामरिश्चको 'द आर्ट अफ नेपाल' मा दिइएको प्लेट नं. २ को देवीसंग यो मूर्तिको धेरै समानता छ । (क्रामरिश्च, १९६४; ५५) तसर्थ यो मूर्तिलाई आठौं नवौं शताब्दीको मान्न सकिन्छ । यो मूर्ति खैरो रंगको कडा बलौटे ढुङ्गाबाट बनेको छ । यस्तो महत्त्वपूर्ण मूर्तिको अझ विस्तृत अध्ययन हुनु आवश्यक देखिन्छ । देवीको मूर्ति संगै श्रीधरको मूर्ति पनि छ । तर अहिले लक्ष्मीको मूर्ति मात्र बचेको देखिन्छ । विष्णु र गरूड मूर्ति छैन । खाली पाऊहरू मात्र छन् । अहिले देखिने लक्ष्मीको मूर्तिबाट पनि श्रीधर मूर्तिको प्राचीनता बारे अनुमान गर्न सकिन्छ । यो मूर्ति ४९ से. मि. अग्लो र ४६ से. मि. चौडा छ । लक्ष्मी त्रिभंग मुद्रामा छ । दायाँ हातमा फल लिएको, देब्रे हातमा फूल छ । कानमा कर्णफूल, घाँटीमा

कण्ठाहार र नाडीमा बाला लगाइएको देखिन्छ । कमलाशनमा उभिएको यो मूर्तिको शिरको मुकुट चाहिँ चोइटिएको छ । यो मूर्तिको अध्ययनबाट पनि श्रीधरको मूर्ति नवौं दशौं शताब्दीको भन्ने थाहा हुन्छ । यो मूर्तिको पछाडिको भाग पनि सादा छ । मूर्ति खैरो रंगको कडा बलौटे ढुङ्गाबाट बनेको छ ।

भक्तिनी मूर्ति भएको पर्खालतिरै फर्कदा त्यहाँ थुप्रै मूर्तिहरू भएको पाइन्छ। सबभन्दा पहिले विष्णुको कमलाशनमाथि उभिएको मूर्ति देखिन्छ । चक्र, शंख, गदा र पद्म लिएको विष्णुको दायाँ बायाँ साना साना लक्ष्मी र सरस्वती मूर्ति र विष्णुको दुई पाउमुनि पखेटा फैलाएको सानो गरूड छ । यो मूर्ति (९३x४७ से. मि.) को पादपिठमा ने. सं. ८२३ को अभिलेख छ । तर अहिले यो मूर्ति चोरी भइसकेको देखिन्छ । मूर्ति भएको ठाउँमा ईटाको गारो लगाइएको छ । विष्णुकोसंगै नमस्ते गरी पद्ममासनमा रहेको मूर्ति छ । मूर्तिको शिरमा मुकुट पनि छ । यो मूर्ति ९७ से. मि. अग्लो र ७३ से. मि. चौडा छ । यसको संगै महाङ्कालको मूर्ति (४४x३३ से. मि.) भएकोमा हाल यो मूर्ति नारायण मन्दिर जाने बाटोको ढोकानिर राखिएको छ । यही मूर्ति निर अगत्स्य (४८x३२ से. मि.) को मूर्ति पनि असुरक्षित रूपमा छ ।

पद्ममासनमा बसेको मूर्ति छेउमा सुखावती लोकेश्वर मूर्ति (८५x७० से. मि.) छ । यो मूर्तिमा ने. सं. ८९९ को अभिलेख पाइन्छ । अभिलेखमा मिति ने. सं. ८९९ वैशाख कृष्ण तृतियामा थवहिल (ठमेल) का दाता कुटुम्वज भाजुमचाले सुखावती लोकेश्वर मूर्ति स्थापना गरेको बारेमा उल्लेख छ । (रा.अ. १९९५, अभिलेख नं. ११) । लोकेश्वर पछि एउटा नचिनिने बलौटे ढुङ्गाको मूर्ति (५९x३६ से. मि.) देखिन्छ । त्यसपछि चैत्य र भक्तहरू भएको मूर्ति (६६x४२ से. मि.) छ । यसको सामुन्ने अष्टकमल मण्डलमाथि बुद्धको पाऊ राखिएको देखिन्छ । चैत्यपछि घुँडा टेकेर, नमस्ते गरी रहेको भक्त मूर्ति (६३x३२ से. मि.) र पद्ममासनमा बसेर नमस्ते गरी रहेको जुङ्गा भएको भक्त मूर्ति (६०x३६ से. मि.) छन् ।

ने. सं. ८९९ अभिलेख भएको लोकेश्वर मूर्ति अगाडि ढुङ्गाको मञ्च छ । यसको चारैतर्फ दुई दुईवटा सिंहहरू छन् । मञ्चको मध्य भागमा चतुर्मुख शिवलिङ्ग (५५x७५ से. मि.) छ । यसको पश्चिमतर्फ प्रस्तरको बसाहा (७९x४२ से. मि.) छ । जलशयन नारायण (४०x२६ से. मि.) मूर्ति पनि मञ्चसंगै भेटिन्छ । चतुर्मुख शिवलिङ्ग र बसाहा सोन्हौ शताब्दीको देखिन्छ भने पर्खालका बलौटे ढुङ्गाबाट बनेका मूर्तिहरू अठारौं शताब्दीका हुन् ।

वडा नं. १७ अर्थात विष्णुमतीको बायाँ किनारमा रहेको मुख्य मन्दिर इन्द्रायणी (लुती अजिमा ) हो । यहाँ ने. सं. ९०२ को शिलालेख छ । मन्दिरको अगाडि रहेको पिपल रूखमा ने. सं. ९७२ र अर्को मिति पढ्न नसकिएको शिलालेख पाइन्छ । यहाँ टाउको नभएको लोकेश्वर मूर्ति र त्यसैको अनुकृति नयाँ लोकेश्वर मूर्तिको साथै अन्य मूर्तिहरू राखिएका छन् ।

पिपलको रूखको उत्तरतर्फ नयाँ बाटोको मोडनिरै भएको ढुङ्गाको चैत्यमा ने. सं. ८२१ को शिलालेख (७९x२२ से. मि.) ढलेको अवस्थामा छ । इतिहासको प्रमुख श्रोतको रूपमा रहेका यस्ता शिलालेखको संरक्षण नगरे प्रमाण नष्ट भएर जान्छ । चैत्य नजिकै प्रस्तरको बसाहा (७३x३६ से. मि.) वडो असहाय अवस्थामा रहेको देखिन्छ ।

विष्णुमती घाट संगैको हनुमान मूर्ति भएको अग्लो मञ्चमा नियालेर हेरेमा लिच्छवि चैत्यको टुक्रा (५७x३६ से. मि.) प्रयोग भएको देखिन्छ। यस्ता चैत्य आठौं नवौं शताब्दीको मानिन्छ ।

हनुमान मूर्तिसंगै नारायण लक्ष्मी र गरूड मूर्ति भएको देवल छ । यसभित्र १९६९ सालको अभिलेख पनि छ । यसै देवलसंग जोडिएको पाटीनिर शिवपार्वतीको अर्धनारीश्वर (७७x४४ से.मि.) मूर्ति छ । शिवको आधा रूप दाहिनेपट्टि दुई हातमा त्रिशुल र रूद्राक्षमाला, मुण्ड माला, चर्म धारण र नन्दी छ भने पार्वतीको आधा रूप देब्रेपट्टि केश बाटिएको, कानमा कुण्डल, एउटा हातमा ऐना र अर्को हातमा फल लिएको, धोती लगाएको र सिंह बाहन छ । यो मूर्ति ज्यादै सुन्दर ढंगले बनेको छ । अर्धनारीश्वर मूर्ति, बलराम, विष्णु

तथा देवीको मूर्ति एउटै किसिमको ढुङ्गाबाट तयार पारिएका देखिन्छन् । कलामा पनि धेरै समानता पाइन्छ । त्यसैले यी मूर्तिहरू ने. सं. ८२३ ताकाकै भन्न सकिन्छ ।

इन्द्रायणी मन्दिरको घाट छेउछाउ बनेका सिमेन्टका नयाँ निर्माणले वातावरणमा निकै खलल पारेकोले सम्बन्धित निकायले समयमै ध्यान पु्‍याउनु पर्ने देखिन्छ ।

पुरातात्त्विक, ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्त्वपूर्ण शोभा भगवती मन्दिर क्षेत्रस्थित उल्लेखित मूर्तिहरूको यथाशीघ्र संरक्षण र संभार गर्नु ढिला भइसकेको छ ।

## सन्दर्भ ग्रन्थ

1. Bangdel, Lain S.—1982—Early Sculptures of Nepal-Vikas Publishing Home Pvt. Ltd. New Delhi.
2. Bangdel, Lain S.—1989—Stolen Images of Nepal–Royal Nepal Academy, Kathmandu.
3. Bangdel, Lain S.—1995—Inventory of Stone Sculptures of the Kathmandu Valley-Royal Nepal Academy Kathmandu.
4. Kramrisch, Stella—1964—The Art of Nepal Asia House Gallery Publication, Austria.
5. National Archives—1995— A Report on the Survey and Study of Newari Script—Kathmandu, Inscription No. 11
6. Pal, Pratapaditya—1974—The Arts of Nepal Part 1— Leiden Koln.

Yogi, Devi Nath— 2013— Devmala Vamsawali— Sursumser J.B.R. Kathmandu.



ने. सं. ८२३ अभिलेख भएको विष्णुको मूर्ति अहिले चोरी भइसकेको छ ।





अर्धनारीश्वर (शिवपार्वती) मूर्ति

ने.सं. ८४३ को अभिलेख भएको सुखावती लोकेश्वर मूर्ति



आठौं नवौं शताब्दीको देवी मूर्ति तथा नवौं दशौं शताब्दीको श्रीधर मूर्तिको लक्ष्मी मूर्ति ।



देवी तथा लक्ष्मीको पछाडिको भाग ।

# प्रधानमन्त्री जंगबहादुर राणाको समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री

(गतांकको बाँकी)

"कुरालाई जुन पारकार संग विंति गऱ्या पनी गोर्षाका मालिकहरु बाट मर्जि॰
आज्ञा भयाको औजे कुलन्चिस क्या काज गामा थ्यौ यक करव रुपैया दियाः
भन्या हामी मिलाप गर्दछौं लस्कर पनी फर्काइलेजान्छु भन्या वेहोराको कुरा
गर्दछन् गे पनी मेरा चित्तले ठहरायाको यो लडाजी छुना यन भन्या गोर्षार भो
ट जगा मानिस रैति डुनिआ चन दौलथ ठुलो सराप हुन्याछ भन्या अनुसार
ले ठुलो चुरु वाधी कुलन्च्याको जगाको आधिर करव रुपैयाको आधि ना
हा वाट दिइँदछ की किवा दसाहको जगा हामीले चलन गर्न सकतैनौ भन्दा क
रवरुपैया माथि ५ रि थपि अम्बाको वकिल १ भोट्याराजको वकिल १ देवा
धर्मा छ राजाको वकिल १ आहा कु गामा आइकन गोर्षाको मालिक संग भेटघा
ट गरि विस्तार गऱ्याथ्या कसन जवाब होला की भन्या मेरो आमराछ नकर गु
रुला माका सजोर्चा रसंग सि भुकोला मा हामी २ले दुष पाइ विंति भन्याको येर
गयो डुवे राजाको रोगत गुरुले पनी दुष पायो गोर्षालीले भोट मा थ्या लडाजी
हान्याको वेहोरा मैले वुझ पायाको कौ मिलचिन वादसाह सित लडाजी गर्दा
वात्साह वाट गोर्षा राजालाई कौसिमान्या लस्कर वल पठाइदेउ भन्या चिठी
आउँदा हामीले अठार हजार सिपाही ने सना फिक कौपिपा खलासी नसेमा
फि कको पर खजाना खर्च तैयार भै सक्या पछि आउनु पर्दैन भन्या दस
मे न्हा पछि ल्हासा वाट चिठी आया भोट्याराजका छ कौलिले कौसिल्वाइ मारि
वादसाहलाई छुसि तुल्याउन पाइ येन कखरोरो ३ भया खर्च गरि वनायाको
रसद खर्च जाना फौज पनी वादसाहलाई नजर गराउन पाइ सन् हामीलेग
ऱ्याको वेहोरा पनी वादसाहलाई जाहेर भयेन मलाई वादसाहले अह्राको
काम पनी मेवेथे गराइ दियो अघ्या पछि पनि हाम्रा सिवाना माजू मारि
धन लुटी दसुर वध्या धेरै विद्रुन गर्दा सहन न सकी वह्रु नरिसानी भे॰

या पछि हामीलाई अन्त्र गए पठाइदेउ भन्नी लेख्याको अर्थ फेरि दोमास्यालाई माली कवाट दोमास्यालाई चिठी पठाउ भन्याका अर्थ गोर्षाकोल स्करको मालिक्ले सिंभुक्लामाकोवाटे गरि चिन भोटको मालिकहरूलाई विस्तार लेख्याको अर्थ नाल्वये कुरामा निश्चय आउंछ कि भन्याको कुरालाई हामीलाई ल्हासाको नगाअम्वाल्हासावाट ज्येष्ठ वदी १ रोजको दिन निस्क्या भनि हामीलाई चिठी आई डिगर्चा पुग्यो डिगर्चा पुगी टिगरि निर आउंछौं भन्या खबर आउंदा हामीलाई कारवार गर्न टिगरि पनी जान सकियेन अंतर मा व सुपरि रहेछ अलि कुरा आउंला भन्या नथारग्याकोमा आउन नसक्याको अर्थ येहि हो फेरि निश्चे आउंला भनि चिठी लेखी पठाउं भन्दा सिंभुक्लामाले भोट चिनको मालिकको सलमा चिठी आई करवार रुपैया कुलचिसक्याको जमा वेम जगाको आधि पाया पछि घागरीला न्या भयन भन्या करवार रुपैयाको माथी ठपुवा गरि बुझाउला भन्याको अर्थ जगाको अर्थलाई चिन वादसाहको जगालाई कुरै गर्न दुदैन भनि तिमी हामी सबैको मनमा छ रुपैयाको कुरालाई पनी अम्वालाई साधि जो हुकुम भै आउंछ सो जवाफ लेखी पठाउंला औले हामी जवाफ दिन सक्तैनौ अरू कुरालाई गोर्षाको चिन फायाको मा हामीले वाहावक्ताई कन चिन बुझाउन्याकामगरोला नसर्थ तिमीहरूले पनी मिलन्या पाठ गरि बुझाउन्याकाम गर ज्येष्ठ वदी १० रोज ६ मुकाम पद्दुइ टार शुभम्

देवाधर्मा को ल्लामाले चिनी जार भोटका नालुंबे षर्दी र लाई पठायाको चिठीको नकल

उप्रान्त सिं पुर्वका मकुराजीन्या चिनीया भोटको मालिकसैं हरुका चरणाल मा सिंभुकाल्लामाको सलाम ओ येस पाला गोर्षा भोटको मिलापका

भोटले सक्या-हामीलाई मार्ला·हामीले सक्या भोट हामीले लिउला·वाद
साहको चाकरिको·घाको साहोपनि हामीने गर्नेला·भनि भन्छन्·मैले
बहुतै विंति गर्दा पनि यो कुरा फेरनन्·सावुरी घाग गर्न्या भया·मैले लेष्या
बमोजिम·मानिस पनि चिठी पत्री पठाइ घा गर्न आउन्या कुरा हुदैन·भ
न्या जो कुरा लेषनु पर्छ·गोर्षा सर्कार·लाईले षी पठाउ·मलाई लेषनु पर्दैन

जेष्ठ वदि ३ रोज ४

मुकाम कुुगो·किंच्वा·शुभम्

जेष्ठ वदी ११ रोज ७ मा

त सैव सत्मा श्री मिनिष्टर जनरलका हजुर मा·मेजर कपतान हरिहर सिंहध्यान
ले·लेषी चह्राई पठायाको वैसाषका १९ दिन जादा श्री ५ सर्कार·विदा भै·जेष्ठ वदी
५ रोज १ का दिन·श्री रेफल लेटर राजट लपल्नन्ली·श्री प्राइ मिनिष्टर टाज्येज्य
के हुकुगा तरफ पाव ला गर्नु भयो·भनि मर्जि भै आयाका·अर्थ जो रपहो लामा वग
रदेषी फलाक पुगन दिन ३ ला गर्छ·फलाक देषी दिन ३ मा टि गरि मैदान पुग्न्या रहे
छ ताजाङ·पुगी ज्याल ठाउ ठाउँमा डा घाटी पर्दो रहेछ·ताजाङ देषी १ ठाउँ लीग्र
र को घाटी रहेछ·वह्रा ला हिंडी दुस्मनको फौज वस्याका ठाउँ भेटीछ भन्छन्·४ पै
नीको तोप ४ भया वाटा मा·कहाँ आडका उन पर्नी न हुन्या जना तिरवा टक्नी हीनु
पर्छ·गोला गन्या फौजको वचाउ हुन्यार हेछ·फलाक मा आयाको फौज माटि गरीमा
रहन्या·मध्ये र फलाक छोहर ताजाङ का भर्ना स्मेत छन्·भनी लामचिको सिफार
भन्छन्·१२ जना सिकारी हिउ क्वेका ठापाई र·१० जना सिपाही कुछ्का लामा स्मे
त पश्चिम पट्टी लाप चीत रफ वाट है·कागकाटी वाटा गोडा हेर्न पठाउदा·कतै
वाट वाटा रहेनछ·ढुंगा शुष्क्याको र विकट वस्या को मात्र देष्या छन्·सामीन्याको वा
टो दोसाध सम्म हेर्न पठाउदा·दोसाधैमा विकट वस्याको रहेछ·तेस्देषी माथी

वनास्या वडारघाटीमा फौज वस्याको छ भरसक्य सौवार दोस्रा धननेला भनी विं
ति चह्राइ पठायाको हो रसद रकेही वाटो विकट तयार हुन नसकदा नेसदिन
जान आयौँन छुलो विकट पहराको वाटो तयार भयो ५।७ दिनमा जान्याका मगरो
ला दोस्रा धमा पुग्या पछि लडाञी जारिन्या छ जो परि आयाको काज का सविं
ति चह्राउँदै रहुँला मुकाम लामवगार शुभम्

## ज्येष्ठ वदी ११ रोज मा

नेलविचमा श्री दिगेडियर जनरल खड्ग वहादुर कुवर राणाजीका हजुरमा सुबी
मकाराजावाट लेख्याको भोट्या अक्षरको नागरी उतार निमीले ताहावाट लस्कर
पठाई भोटनिर लडाञी गर्न आउदा छौं भोटगोर्खा सुखीम धर्मा येतोले चिनमा
न्याको हो येकै मता हुन्या हो लडाञी गर्नुपर्‍या हो इत भिन्नवाट कुरा गन्या नमिल
न्या कुरो होइन मिलन्ये हो येती वेहोराको चिठी हामीले पनी श्री प्राइममिनिष्टर
मान कम्याण्डर इन चिफ जनरल जङ्ग वहादुर कुवर राणाजीलाइ पनी लेखी
पठायाको छ ताहावाट चाडो चह्राइ पठाउनु येस्को उत्तर चाडो लेखी पठाउनु
भन्या वह्रीयाहोला शुभम्

## ज्येष्ठ वदी ११ रोज ७ मा

ताहा पछी श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलवाट लेखी चह्रा
ई पठायाको श्री काहीला ठाहीला भाइवाट खजानावोकन्या पिपार सिपाही पि
छे २५० का तोसुका दरले खजानाको नाकी तालाई पिपा पनी वनाउनुपर्‍यो मानि
स पनी भर्ना गर्नु पर्‍यो भनी ताहा हजुरमा विंति गरि पठाउँदा पिपा खजाना मानि
स चाहीन्ये छन वनाउन लाउन्याका मगर भनी सिक्षा आया बमोजिम तजवीज
गरि वन्दोवस्त गर्न्याका मगाहैला मेजर कपतान श्री भक्त खडका मार्फत ख

# ABOUT THE AUTHORS


| | |
|---|---|
| Mr. Shiva Raj Shrestha "Malla' | — Research Scholar/Nepal. |
| Mr. Griha Man Singh | — Chemist, National Archives/HMG/Nepal. |
| Mrs. Indira Joshi | — Lecturer, Patan Multiple Campus, TU/Nepal. |
| Dr. Purusottamlochan Shrestha | — Lecturer, Bhaktapur Campus, TU/Nepal. |
| Dr. Rajaram Subedi | — Lecturer, Tribhuvan University, Nepal. |
| Mrs. Shobha Shrestha | — Chief Research Officer, Department of Archaeology HMG/Nepal. |
| Mr. Prakash Darnal | — Archaeological Officer, Department of Archaeology, HMG/Nepal. |